WATCH LIST ON CHILDREN AND ARMED CONFLICT

वाचलिष्ट बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी

युद्धको चपेटामा







# युद्धको चपेटामाः

## नेपालको सशस्त्र द्वन्द्वमा बालबालिकाविरूद्ध बढ्दो हिंसा

जनवरी २००५

# युद्धको चपेटामा:

## नेपालको सशस्त्र द्वन्द्वमा बालबालिकाविरूद्ध बढ्दो हिंसा

तस्वीरहरू:

मुखपृष्ठ:
वायाँबाट दायाँ:
© रविन निधम
© रविन निधम
© रविन निधम
© ज्याकोब होल्ड
© मार्केटा जिरोस्कोभा

अन्तिम पृष्ठ:
वायाँबाट दायाँ:
© ब्रायन भ्यान डर वीक
© रविन निधम
© ज्याकोब होल्ड
© ब्रायन भ्यान डर वीक
© रविन निधम

अनुवाद: गुणराज लुइँटेल
नेपाली भाषा टिप्पणी: विजय रौनियार

# विषयसूची


**सूचकांक तालिका** १

**अन्तर्राष्ट्रिय मापदण्डसम्बन्धी तालिका** ३

**सारांश** ५
- बालबालिकाको सुरक्षा र अधिकार उल्लंघनसम्बन्धी तस्वीरहरू ५

**सन्दर्भ** ७
- पृष्ठभूमि ७
- युद्धविरामहरू ९
- सूचनासम्बन्धी संवेदनशीलता ९
- अत्यधिक जोखिममा परेका समूहहरू १०
- बालबालिकाको छिन्नभिन्न जीवन १०
- बालबालिकाको हत्या र अङ्गभङ्ग ११

**शरणार्थी तथा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू (आइडीपीज)** १३
- विस्थापनाका स्वरूपहरू १३
- नेपालमा रहेका विदेशी शरणार्थीहरू १५

**स्वास्थ्य** १७
- खाद्य सुरक्षा १७

**एचआईभी/एड्स** १९

**शिक्षा** २१
- विद्यालय बन्द तथा विद्यार्थीहरूको न्यून उपस्थिति २१
- विद्यालयमा आक्रमण २२
- डोटी घटना-श्री शारदा उच्च माध्यमिक विद्यालय २४
- शिक्षकहरूमाथि भएका आक्रमणहरू तथा तिनले भोगेका अन्य तनावहरू २५
- विद्यार्थी तथा शिक्षकहरूको अपहरण २६

**लैङ्गिक हिंसा (जीबीभी)** २७
- बाल विवाह २८

**बेचबिखन तथा शोषण** २९
- मानव बेचबिखन २९
- एक्ला (बिछोडिएका) तथा टुहुरा बालबालिकाहरू २९
- सडक बालबालिकाहरू ३०

बालश्रम तथा व्यापारिक यौन व्यवसाय ३०
बेपत्ता तथा स्वेच्छाचारी गिरफ्तारीमा परेका बालबालिका ३१
बँधुआ श्रम ३२

**बारूदी सुरुङ तथा यूएक्सओ (विष्फोटन नभएका विष्फोटक पदार्थहरू)** **३३**

**साना हतियारहरू** **३५**
ग्रामीण सुरक्षाफौज (भीडीएफ्स) ३५

**बाल सैन्यहरू** **३७**
सरकार ३७
माओवादी ३७

**संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का कार्यहरू** **४१**
बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी कार्यहरू ४१
बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी महासचिवको प्रतिवेदन ४१

**अत्यावश्यक प्रस्तावित सुझावहरू** **४३**
माओवादीहरूका निम्ति ४३
नेपाल सरकारका निम्ति ४४
संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का निम्ति ४५
संयुक्त राष्ट्रसंघीय राष्ट्रिय टोली र मानवीय कार्यमा संलग्न समुदायका निम्ति ४७
दाताहरूका निम्ति ४७

**स्रोतहरू** **४९**

# सूचकांक तालिका

| सूचकांकहरू | नेपाल |
|---|---|
| जनसंख्या | कूल २,४८,००,००० (जनसंख्या तथा वातावरण मन्त्रालय, २००४)<br>१,१५,०४,००० अठार वर्षमुनि (युनिसेफ, २००२) |
| मतदान गर्ने उमेर | १८ |
| प्रति व्यक्ति कूल राष्ट्रिय आम्दानी | २४० अमेरिकी डलर (विश्व बैंक, २००३) |
| शरणार्थी तथा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरू (आइडीपीज) | भारतमा लाखौंको संख्यामा शरणार्थी रहेको अनुमान छ<br>(यूएस कमिटी फर रेफ्यूजी, २००४)<br>१,००,०००-२,००,००० (ग्लोबल आइडीपी प्रोजेक्ट, २००४) |
| शिशु मृत्यु दर | ६६/१००० (युनिसेफ, २००२) |
| एचआइभी/एड्स | ०.५% वयस्कमा संक्रमण हुने अनुमानित दर (१५-४९ वर्ष)<br>१,५०० एचआइभी/एड्स संक्रमित अनुमानित बालबालिका (०-१४ वर्ष)<br>१३,००० एचआइभी/एड्सबाट अनाथ बालबालिका<br>(युनिसेफ, २००१ को अन्त्य)<br>वर्तमान अवस्थालाई बढ्दो महामारीका रुपमा लिइन्छ । |
| शिक्षा | ६२.७% प्रौढ साक्षरता, पुरुष<br>३४.९% प्रौढ साक्षरता, महिला<br>(केन्द्रीय तथ्यांक विभाग, २००३)*<br><br>७९% प्राथमिक स्कूलमा उपस्थिति, छात्र<br>६६% प्राथमिक स्कूलमा उपस्थिति, छात्रा<br>(युनिसेफ, २००२)<br><br>गत दशकभरि प्रवेशिका परीक्षा (एसएलसी) अर्थात् १० कक्षा उत्तीर्ण दर २५-३५%<br>(विश्व बैंक, २००१)<br><br>सयौं स्कूलहरू ध्वस्त पारिएका वा बन्द भएका छन् ।<br>माओवादी र सरकारी फौजले स्कूलमा आक्रमण गरेका छन् । सरकारी सेनाले स्कूललाई मुख्यतया ब्यारेकको रुपमा प्रयोग गरेको छ । माओवादीहरूले स्कूललाई भर्नास्थलको रुपमा प्रयोग गरेका छन् । शिक्षकहरू पनि हिंसाबाट भयभीत, उत्पीडित तथा हिंसाको शिकार भएका छन् । (विभिन्न स्रोतहरू, २००४) |
| लैंगिक हिंसा (जीबीभी) | सरकार तथा माओवादी फौजद्वारा बालिकाहरूमाथि बलात्कार तथा यौन हिंसा गरिएका प्रतिवेदनहरू । (विभिन्न स्रोतहरू, २००४) |

*पुनश्चः साक्षरता जातीयता र क्षेत्रअनुसार फरक हुन्छ ।

| सूचकांकहरू | नेपाल |
|---|---|
| बेचबिखन | प्रत्येक वर्ष नेपालबाट ५,००० देखि १२,००० सम्म बालिकाहरू अन्तर्राष्ट्रिय सीमापारी बिक्री हुन्छन् । (आइएलओ, २००२) सशस्त्र द्वन्द्वले बालबालिकाको बेचबिखन हुने खतरा झन बढाएको छ । |
| बारूदी सुरुङ तथा विष्फोटन नभएका पदार्थहरू (यूएक्सओ) | सरकारी फौज तथा माओवादीबाट यसको प्रयोग भइरहेको छ । बारूदी सुरुङ तथा यूएक्सओबाट सन् २००४ का प्रथम छ महिनामा ९२ बालबालिकाको मृत्यु भयो । (नेपाल बारूदी सुरुङ प्रतिबन्ध अभियान, २००४) |
| साना हतियारहरू | प्रचलनमा रहेका हतियारको संख्या थाहा हुन सकेको छैन । सन् २००३ मा अमेरिकाले सरकारसँग माओवादी हिंसाविरूद्ध लड्न हजारौं स्वचालित राइफल र मेशिनगन बेच्ने सम्झौता गऱ्यो । *(स्मल आर्म्ज सर्भे, २००३)* |
| बाल सेनाहरू | नेपालमा रहेका बाल सेनाको संख्या यकीन भएको छैन । तथापि माओवादीले विविध कामका लागि बालबालिकालाई भर्ना र प्रयोग गरेका महत्वपूर्ण सूचनाहरू प्राप्त छन् । माओवादी र सरकार दुबैतर्फका सशस्त्र फौजले बालबालिकालाई सुराकीको रूपमा प्रयोग गर्न सक्छन् । (कोलिशन टु स्टप द युस अव चाइल्ड सोल्जर्स, २००४) |

# अन्तर्राष्ट्रिय मापदण्डसम्बन्धी तालिका

| **अन्तर्राष्ट्रिय मापदण्ड** | **नेपाल** |
|---|---|
| बाल अधिकारसम्बन्धी महासन्धि | अनुमोदित १९९० |
| • सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी ऐच्छिक सन्धिपत्र | हस्ताक्षरित |
| • बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्र (पोर्नोग्राफी) सम्बन्धी ऐच्छिक सन्धिपत्र | हस्ताक्षरित |
| अन्य अनुमोदित सन्धिहरू | जेनेभा महासन्धिहरू; नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि; सबै प्रकारका रंगभेद अन्त्य गर्नका लागि अन्तर्राष्ट्रिय महासन्धि; महिलाविरुद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्नका लागि अन्तर्राष्ट्रिय महासन्धि; यातना तथा अन्य क्रूर अमानवीय यातना विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि; अमानवीय वा निकृष्ट बाल श्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको विधान १८२ |
| संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्तावहरू | छैन |

# सारांश

नेपालको प्रमुख मानवअधिकार संगठन अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अनुसार, वि. सं २०५२ मा "जनयुद्ध" शुरु भएपछि माओवादी र सरकारी सेना[1] बाट २८६ बालबालिकासहित करीब १० हजार जनता मारिएका छन्। शान्ति वार्तामा प्रगति नभइरहेको यस्तो जटिल परिस्थितिमा नेपाली बालबालिकाहरूको अझ दुर्गति हुनबाट रक्षा गर्न साधन-स्रोत र आवश्यक उपचारका निमित संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् तथा अन्तर्राष्ट्रिय समुदायका अन्य उच्चपदस्थ सदस्यहरूले पहल गर्नु अति आवश्यक छ।

नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन)ले सन् २००४ का प्रथम छ महिनामा अनुसन्धान प्रतिवेदनहरू, पत्रपत्रिकाहरू र अन्य स्रोतहरूबाट संकलन गरेको सूचना अनुसार सशस्त्र द्वन्द्वको प्रत्यक्ष परिणामस्वरुप ५४ बालबालिका (४२ बालक, १२ बालिका)को मृत्यु भइसकेको छ। उनीहरूको मृत्यु बम विस्फोट, दोहोरो भिडन्त (क्रस फायर) र हिंसाका अन्य कारणहरूबाट भएको थियो। बालबालिकाका दुईवटा आत्महत्या (एक बालक, एक बालिका)को प्रत्यक्ष सम्बन्ध सशस्त्र द्वन्द्वसँग थियो। सोही जानकारीअनुसार त्यस द्वन्द्वमा ९९ जना घाइते भए, ७७ जनालाई गिरफ्तार गरियो र ६,६८९ बालबालिकालाई अपहरण गरिएको थियो।

सन् २००३ मा युद्धविराम सम्झौता भंग भएयता द्वन्द्वका दुबै पक्षबाट बालबालिका विरुद्धका हिंसात्मक क्रियाकलाप निरन्तर बढेका छन्। उक्त द्वन्द्वले साक्षरताको क्षेत्रमा प्राप्त भएको कमजोर र झिनो उपलब्धि तथा बाल मृत्यु दर र अरु प्रमुख सूचकांकलाई समेत तहसनहस पार्नुका साथै सम्पूर्ण नेपाली बालबालिकाको साधारण जीवनस्तर र जीवनको गुणात्मकतालाई समेत निरन्तर क्षय गर्दै आएको छ।

यस प्रतिवेदनमा नेपालको सशस्त्र द्वन्द्वको सन्दर्भमा बालबालिका तथा किशोर-किशोरी विरुद्धका हिंसात्मक घटनालाई विभिन्न स्रोतहरूबाट सूचनाहरू संकलित गरी समावेश गरिएको छ।

## बालबालिकाको सुरक्षा र अधिकार उल्लंघन सम्बन्धी तस्वीरहरू

(देहायका सूचनाका स्रोतहरू मूल पाठ र प्रतिवेदनको अन्त्यमा समावेश गरिएका छन्।)

- माओवादी र सुरक्षा फौज दुवै तर्फबाट बालबालिकाहरूको हत्या र अङ्गभङ्ग तथा उनीहरू विरुद्ध दण्डहिनतापूर्ण व्यवहार भएका छन्
- माओवादीले बालबालिका तथा शिक्षकमाथि आक्रमण र तिनको अपहरण गर्नुका साथै भर्नाका निम्ति स्कूल हातालाई प्रयोग गरेका छन्
- माओवादी र सरकारी सुरक्षा फौजहरूले स्कूलहरूलाई रणभूमिका रुपमा प्रयोग गरेका छन् र ब्यारेक तथा अन्य प्रयोगका निम्ति पनि स्कूलहरू कब्जा गरेका छन्
- माओवादी बन्द (हडताल), स्कूलमा हिंसात्मक घटनाको डरले हुने अनुपस्थिति, विद्यालयमा हुने ध्वंश, स्कुल बन्द र क्षमताभन्दा बढी विद्यार्थीका साथ संचालित स्कूलका कारण योजनावद्ध ढंगले बालबालिकालाई शिक्षाको अधिकारबाट वञ्चित गरिएको छ
- माओबादी फौजमा ३० प्रतिशतसम्म १८ वर्षमुनिका बालबालिका रहेको अनुमान छ
- सन् २००४ का प्रथम ६ महिनामा ९२ बालबालिका माओवादी वा सरकारी फौजहरूले राखेको बारुद वा नपड्केका विस्फोटक पदार्थहरूका कारण मारिए; उक्त संख्या २००३ मा मारिने कुल बालबालिकाको संख्याभन्दा बढी नै छ

[1] "सरकारी सेना" र "सुरक्षा फौज" भन्ने शब्दावलीले शाही नेपाली सेना, राष्ट्रिय प्रहरी, सशस्त्र प्रहरी बल र सरकारद्वारा परिचालित अन्य सशस्त्र निकायहरूका साथै अपरिचित सरकारी सशस्त्र समूहलाई समेत बुझाउनेछ।

- किशोरीहरू माओवादी र सरकारी सेनाबाट बलात्कृत र अन्य यौनजन्य हिंसाबाट पीडित छन्; तापनि लैंगिक हिंसाबाट बाँच्नेहरू असुरक्षाका कारण प्रायः मौन रहन्छन्
- माओवादीको आशंकामा १८ वर्षमुनिका बालबालिकाहरूलाई सरकारी सुरक्षा बलले “बेपत्ता” पार्ने र गैरकानूनी थुनामा राख्ने कामले व्यापकता पाएको छ
- असुरक्षा, हत्याको धम्की, क्षमताभन्दा बढी “चन्दा” माग, उत्पीडन (सन्ताप), घर तोडफोड र लूट, खाद्य असुरक्षा, स्वास्थ्य र शिक्षा सेवामा पहुँचको कमी, माओवादीद्वारा अपहरण र/वा भर्तीको डरले बालबालिका र तिनका अभिभावकहरू विस्थापित हुन बाध्य भएका छन्
- माओवादीको लूटपाट तथा अरु गतिविधिका साथै सरकारी सशस्त्र फौजले लगाएको नाकावन्दीले बालबालिकालाई खाद्यान्न, औषधि, खोप र दैनिक जीवनका नियमित क्रियाकलापमा प्रतिबन्ध लगाएको छ
- नेपालमा सशस्त्र द्वन्द्व, हिंसा र असुरक्षाले खासगरी बलात्कार, यौन शोषण तथा बेचविखनको चर्को खतरा झेलिरहेका बालिकाहरूका साथै सूचना र एचआइभी परीक्षण केन्द्रको अभाव खपिरहेका वा बेसाइरहेका किशोर-किशोरीहरूमा एचआइभी/एड्सको खतरा अरु बढाएको छ
- सशस्त्र द्वन्द्वका कारण महिला र बालबालिकाको भारतमा घरेलु कामदार वा कार्पेट फ्याक्ट्री, सर्कस, फार्म, सडक निर्माण र अन्य उद्देश्यका साथै यौन शोषणका निम्ति बढी बेचबिखन हुन्छ; बालबालिका र तिनका परिवारको विस्थापनले परम्परागत बसाइँसराइँको ढाँचामा समेत उल्लेख्य परिवर्तन ल्याएको छ
- सशस्त्र द्वन्द्वका कारण बालबालिकाहरू टुहुरा भएका वा बाबुआमा तथा परिवारबाट छुट्टिएका छन्; उनीहरू सामूहिक घर, सडक, असुरक्षित श्रम स्थितिका साथै यौन व्यवसाय र अन्य खतराजन्य अवस्थामा पुग्छन्
- नेपाल अधिराज्यभरि नै बालबालिका र तिनीहरूको झन व्यापक समुदायले निरन्तर त्रास र असुरक्षा, एवं निरन्तर हिंसात्मक घटनाको खतरापूर्ण अवस्थामा बस्दा मानसिक स्वास्थ्य समस्या र अन्य मनोसामाजिक असरहरू भोग्नु परेको छ

यस प्रतिवेदनले नेपाल सरकार[२], माओवादी, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्, संयुक्त राष्ट्रसंघको आवासीय टोली र मानवीय कामका लागि नेपालमा रहेका समुदाय र दाताहरूलाई नेपाली बालबालिका र किशोर-किशोरीहरूको अवस्था अहिलेभन्दा थप बिग्रन नदिन तत्काल पाइला चाल्न अत्यावश्यक सुझावहरू दिएको छ। (तल सिफारिशहरू हेर्नुहोस्।) पहिलो र सर्वाधिक महत्वपूर्ण पक्षका रुपमा सरकारी सुरक्षा फौजहरू र माओवादीले अन्तर्राष्ट्रिय मानवीय कानून र अन्तर्राष्ट्रिय मानव अधिकार, खासगरी बालबालिकाको सुरक्षा र अधिकारविरुद्धका सबै हिंसाको अन्त्यका लागि, बाल अधिकार महासन्धिलाई स्वीकार गर्न तत्काल कारवाही गर्नुपर्छ।

[२] नेपाल सरकारलाई औपचारिक   रुपमा ी ५ को सरकार भनिए पनि वाचलिष्टमा प्रयोग हुने शब्दावलीको एकरूरुपाका निम्ति नेपाल सरकारलाई नै “सरकार”का रूपमा उल्लेख गरिएको छ।

# सन्दर्भ

## पृष्ठभूमि

बीसौं शताब्दीको अधिकांश समय देशका वास्तविक शासक शाह वंशलाई विस्थापित गरी जहानियाँ राणा प्रधानमन्त्रीहरूले शासन गरे। सन् १९५० को दशकको प्रारम्भमा भारतले स्वतन्त्रता हासिल गरेपछि राजा त्रिभुवनले भारतको नयाँ प्रजातान्त्रिक सरकारको समर्थनमा जीर्ण राणा शासनलाई समाप्त पारी नेपालको आधुनिक प्रजातान्त्रिक इतिहासको थालनी गरे।

राजा त्रिभुवन र उनका छोरा राजा महेन्द्रले सन् १९५० को दशकको अन्त्यमा केही समयका निम्ति वहुदलीय प्रजातन्त्र बहाल गरे पनि उक्त दशकभरि अधिकांशतया प्रत्यक्ष शासन गरे। पछि राजा महेन्द्रले कांग्रेसको निर्वाचित सरकार भंग गरे। सन् १९६२ मा राजा महेन्द्रले शाही संविधान जारी गरी "निर्दलीय पञ्चायत" व्यवस्था भएको नयाँ राजनीतिक संरचना स्थापित गरे। यो एकदलीय शासनले सबै राजनीतिक पार्टीलाई प्रतिबन्ध लगायो र राजाको शासनलाई कुनै पनि उल्लेख्य विरोध नहुने गरी गाउँ, जिल्ला र राष्ट्रिय तहमा परिषद् वा पञ्चायतको स्थापना गरियो।

विमति र राजनीतिक पार्टीलाई सीमित गर्न सफल भए पनि दशकौंसम्म पञ्चायती सरकारले जनताको सेवा गर्न असफल रह्यो। देशमा विद्यमान सामाजिक विषमताको समस्या र गम्भीर आर्थिक पछौटेपनलाई सम्वोधन गर्न नसक्नु नै यसको प्रमाण हो।

सन् १९९० मा विभिन्न राजनीतिक दवावका कारण पञ्चायत प्रणालीको अन्त्य भई नयाँ संविधानअन्तरगत बहुदलीय प्रजातन्त्र स्थापना भयो। राजनीतिक स्वच्छन्दताको यो छोटो अवधि धेरै टिकेन। नयाँ राजनीतिक प्रणालीका रुपमा आएको औपचारिक संवैधानिक राजतन्त्रमा अधिकांश राजनीतिक पार्टीले राम्रो काम गर्न सकेनन्। सत्ताका निम्ति तिनको संघर्षले सन् १९९० देखि २००२ सम्ममा प्रायः प्रत्येक वर्ष नै सरकार परिवर्तन भइरह्यो। यी प्रजातान्त्रिक सरकारहरूलाई साधारणतया अत्यन्त भ्रष्ट, आफ्नै हितमात्र हेर्ने र पुरानो प्रणालीकै व्यक्तिहरूको वाहुल्य रहेका सरकारको रुपमा हेर्ने गरिएको छ।

संसदीय प्रजातान्त्रिक काल अस्थिर भए पनि यस अवधिमा पञ्चायतकालमा प्रतिबन्धित राजनीतिक पार्टीहरू, गैर सरकारी संस्था (गैसस)हरू, मानव अधिकारवादी निकायहरू, समाचारपत्र, खबरपत्रिका र अरु व्यवसायिक संगठनका साथै नागरिक समाजका संस्थाहरूको निर्माणमा तीव्र गतिले अभिवृद्धि भयो।

सन् १९९४ मा विभिन्न वामपन्थी पार्टीहरूको राजनीतिक गठबन्धन संयुक्त जन मोर्चा (संजमो) विभाजित भयो। यसका एक पूर्व नेता, (प्रायः कमरेड प्रचण्डका रुपमा चिनिने) पुष्पकमल दाहालले विभाजित नेपाल कम्युनिष्ट पार्टीको एउटा उग्रवादी धारका रुपमा नेकपा (माओवादी)को स्थापना गरे। माओवादीहरूले आफूलाई माओ त्सेतुङको सच्चा क्रान्तिकारी दर्शनबाट प्रभावित भएको बताउने गरेका छन्। तर चिनियाँ सरकारले भने आधुनिक चीनका परम्परागत माओवादी सिद्धान्तहरू र नेपाली माओवादीहरूबीच कुनै पनि सम्बन्ध नरहेको भनी आपत्ति प्रकट गरिसकेको छ। गरीब जनताको आवाज रहेको र राज्यको दमन तथा प्रहरी क्रूरताविरुद्ध लड्न हिंसाको प्रयोग गर्ने दावी गरिएको हुनाले माओवादीको सैद्धान्तिक ढाँचा वैचारिक रुपले पेरुको शाइनिङ पाथसँग मिल्दोजुल्दो छ।[३]

फरवरी १३, १९९६ मा शाही अधिकार कटौती, नयाँ संविधानको निर्माण र भारतसँग नयाँ सीमा सम्झौता गर्ने लगायतका माग राखिएको ज्ञापनपत्रलाई तत्कालीन सरकारले वेवास्ता गरेको उल्लेख गर्दै माओवादीले औपचारिकरुपमा हिंसात्मक

[३] नेपालको माओवादी आन्दोलनसम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्: अर्जुन कार्की र डेभिड सेडनद्वारा सम्पादित दी पिपुल्स वार इन नेपाल: लेफ्ट प्रस्पेक्टिभ्स र दीपक थापा र बन्दिता सिजापतिद्वारा लिखित पुस्तक ए किङडम अन्डर सीजः नेपाल्स माओइष्ट इन्सरजेन्सी, १९९६-२००३।

“जनयुद्ध” थालनी गऱ्यो। “जनयुद्ध”को स्पष्ट उद्देश्य संवैधानिक राजतन्त्रको उन्मूलन र संविधानसभामार्फत् गणतन्त्रको स्थापना गर्नु रहेको छ।

प्रारम्भिक दिनहरूमा माओवादीले आफ्नो आन्दोलन वा अभियानका पक्षमा केही लोकप्रियता हासिल गरे। यो लोकप्रियता खासगरी प्रहरीबाहेक सरकारसँग कमै सम्पर्कमा आउने र ज्यादै कमजोर स्वास्थ्य र शिक्षा प्रणाली भएका ग्रामीण समुदायका कम शिक्षित ग्रामीण जनतामा देखिन्थ्यो। तर कालान्तरमा माओवादीले हिंसा, भय र क्रूरतापूर्ण गतिविधिमा वृद्धि गरेपछि धेरै पूर्व समर्थकहरूमा वितृष्णा उत्पन्न गऱ्यो।

मध्यपश्चिम क्षेत्रमा माओवादी आन्दोलन प्रहरी, जमिन्दार, राजनीतिक पार्टीका सदस्य, शिक्षक, स्थानीय सरकारी कर्मचारी र अन्य त्यस्ता तथाकथित “जनताका शत्रु”हरूलाई लक्षित गर्दै सुरु भएको थियो। सुरुदेखि नै माओवादीले देशमा अस्थिरता उत्पन्न गर्ने साधनका रुपमा राष्ट्रका आधारभूत संरचनामाथि आक्रमण गरे। यसअन्तरगत विमानस्थल, पुल, विद्युत उत्पादन केन्द्र र दूरसंचार प्रणालीहरूमा आक्रमण गर्नुका साथै आफ्नो आन्दोलनका लागि विभिन्न व्यापारी, संघ/संस्था र व्यक्तिलाई जबरजस्ती “चन्दा”का निम्ति दवाव दिने काम गरे। उनीहरू आम हडताल र बन्द आयोजना गरी व्यापार तथा परिवहनमा बाधा पुऱ्याउनुका साथै प्रमुख राजमार्ग, सरकारी कार्यालय र स्कुलहरू अस्थायी रुपले बन्द गरी खाद्यान्न र अत्यावश्यक वस्तुको अभाव सिर्जना गर्दछन्। अन्तर्राष्ट्रिय विकास संस्था (निकाय)हरूलाई माओवादीहरूद्वारा केही वर्षदेखि डर त्रास तथा सन्ताप दिइँदैछ र सो गतिविधिहरूले सन् २००४ मा झन चर्को रुप लिए। माओवादीहरूलाई बालबालिकाका साथै वयस्कहरूलाई दिइने यातना तथा तिनीहरूको गैरकानूनी ढंगले गरिने हत्याजस्ता अन्य घोर अपराध (दुष्कर्म)हरूका लागि पनि जिम्मेवार ठहऱ्याइन्छ। (तल विस्तृत विवरणहरू हेर्नुहोस्।)

आज नौ वर्षभन्दा बढी समयदेखि चल्दै आएको त्रासदपूर्ण द्वन्द्वका कारण शाही नेपाली सेनाले मुख्यतया जिल्ला सदरमुकाम र केही महत्वपूर्ण पूर्वाधार रहेका क्षेत्रमा नियन्त्रण गरेको छ भने देशको ठूलो ग्रामीण भू-भागमा माओवादीको वास्तविक (डी फ्याक्टो) नियन्त्रण कायम भएको छ। सन् २००३ को अन्त्यतिर प्रकाशित *वासिङटन टाइम्सको* एउटा लेखमा माओवादी अध्यक्ष प्रचण्डले नेपालको ८० प्रतिशत भू-भागमा आफ्नो नियन्त्रण रहेको दावी गरेका छन्।

दुर्भाग्यवश, काठमाडौंमा स्थानीय निकाय भंग गर्ने भनी गरिएको निर्णयका कारण जिल्ला सदरमुकामबाहिरका अधिकांश ग्रामीण क्षेत्रमा गाउँ विकास समिति (गाविस) नामको निर्वाचित स्थानीय सरकार छैन। केही स्थानमा गाविसलाई विस्थापित गरी माओवादीको समान स्तरको संरचना “जन सरकार”को स्थापना भएको छ।

*स्मल आर्म्स* सर्वे २००३ बमोजिम, माओवादीमा ३,००० देखि ४,००० नियमित सेना र १०,००० देखि १५,००० स्थानीय जनसेना (मिलिसिया) रहेको अनुमान गरिएको छ। तर २००४ मा स्थिति विकराल हुनु वा चर्कनुभन्दा अघि नै २००३ मा *न्यूयोर्क टाइम्समा* प्रकाशित एक सामग्रीमा गरिएको अनुमान अनुसार नियमित सेनाको संख्या ८,००० र अन्य अनियमित खाले लडाकुहरूको संख्या ४०,००० जति रहेको छ।

नोभेम्बर २६, २००१ मा युद्धविराम भंग भएपछि (तल हेर्नुहोस्) र माओवादीले पहिलोपल्ट शाही नेपाली सेनामाथि आक्रमण गरेपछि सरकारले संकटकालको घोषणा गऱ्यो। त्यतिखेर सरकारले सेनालाई औपचारिकरुपमा माओवादीहरूलाई निरस्त्र पार्ने जिम्मेवारी दियो। एम्नेष्टी इन्टरनेशनलका अनुसार, उक्त घोषणासँगै सरकारले नेपाल अधिराज्यको संविधानका विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार, भेला हुने तथा आन्दोलन गर्ने अधिकार, यथेष्ट (यथोचित) कारणबिना निवारक नजरबन्दको सजाय दिन नपाउने अधिकार, तथा सूचना, सम्पत्ति, गोपनीयता एवं न्यायिक उपचारलगायतका विभिन्न धाराहरू पनि निलम्बित गऱ्यो। सरकारले संकटकालको पुनर्नवीकरण नगर्दा अगस्त २००२ मा सो समाप्त भयो।

यी वर्षहरूमा सरकारले प्रतिआतंकवादी कारवाहीका रुपमा सडक अवरोध, सुरक्षा जाँच तथा खाद्यान्न आपूर्ति एवं पारवहनमा नाकावन्दीलगायतका विभिन्न उपाय अवलम्बन गऱ्यो। यी सबै कारणले नेपाली जनताको दैनिक जीवनमा गम्भीर असरहरू पारे। यस सन्दर्भमा सरकार गैरन्यायिक हत्या, यातना, जबर्जस्ती बेपत्ता र बलात्कारजस्ता बाल अधिकार उल्लंघनका ज्यादतीपूर्ण घटनाहरूका लागि जिम्मेबार ठहरिन्छ। (तल विस्तृत वर्णन हेर्नुहोस्।)

राजनीतिक असमझदारी सरकारभित्रै पनि देखियो। उदाहरणका लागि २००२ मा संकटकालको अवधि लम्ब्याउन राखिएको प्रस्तावमा गम्भीर (प्रमुख) असहमति प्रकट भयो। परिणामस्वरुप, मई २००२ मा प्रधानमन्त्री शेरबहादुर देउवाले संसद भंग गरे। त्यसपछि "असक्षमता"को आरोप र अनिश्चितकालसम्मका लागि निर्वाचन सार्न खाजेको आरोप लगाउँदै राजा ज्ञानेन्द्रले प्रधानमन्त्री देउवालाई हटाउने लगायतका कतिपय प्रमुख राजनीतिक परिवर्तन (हलचल वा उथलपुथल)हरूको सामना सरकारले हालैका वर्षहरूमा गर्नुपर्‍यो।

सन् २००२ देखि २००४ बीच राजाले दुई पूर्व पञ्चायती राजनीतिज्ञलाई प्रधानमन्त्रीमा नियुक्त गरे, तर अन्ततः दुबै सरकारको पतन भयो। हास्यास्पद कुरो के हो भने जून २००४ मा राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई अन्य राजनीतिक पार्टीको सहयोगमा माओवादीसँग शान्ति वार्ता पुनः सुरु गर्ने र एक वर्षभित्र निर्वाचन सुनिश्चित गर्ने अभिभारा सुम्पिँदै पुनः नियुक्त गरे।

## युद्ध विरामहरू

सन् २००१ र २००३ मा सरकार र माओवादीबीच दुई चरण वार्ता भए। दुबै पटक माओवादीले संविधानसभाको स्थापना र नयाँ संविधानको मागलाई समावेश गरे भने सरकारले राजतन्त्रको समर्थन गरेर आफ्नो हितको रक्षा गर्‍यो र हिंसात्मक स्थिति यथावत् रहँदा निर्वाचन गर्न नसकिने तर्क सार्‍यो।

जनवरी २९, २००३ मा सरकार र माओवादी दुवैले हिंसा परित्याग गर्ने र स्वतन्त्र अनुगमन गर्ने घोषणा गर्दै युद्धविराम गरे। तर, राजतन्त्रको दीर्घकालीन भूमिकालाई लिएर भइरहेको असहमति र शाही नेपाली सेनाले गरेका थुप्रै गैर न्यायिक हत्याका कारण अगष्ट २००३ मा युद्धविराम सम्झौता भंग भयो। तत्पश्चात सशस्त्र द्वन्द्व र यसको असर नागरिकहरूमा व्यापक रुपमा बढनुका साथै सरकारी सुरक्षाकर्मी र माओवादी फौज दुवैबाट बाल समुदायविरुद्ध गम्भीर र निरन्तर हिंसाका गतिविधिहरू भएका छन्।

हालसालै माओवादीहरूले हिन्दू चाड दशैंताका अक्टूबर २० देखि २८, २००४ सम्मका लागि आफ्ना सबै सैन्य प्रत्याक्रमणका योजना स्थगित गरे। माओवादी अध्यक्ष प्रचण्डले विभिन्न मानव अधिकारवादी संगठन, संस्था र व्यक्ति, नागरिक समाज र नेपाली जनताको आग्रहमा युद्धविराम गरेको उक्त घोषणा एक प्रेस विज्ञप्तिमार्फत् गरे। यो युद्धविराम भने निकै बेर कायम रहेन र देशभरि नै पुनः लडाइँ भइरह्यो।

## सूचनासम्बन्धी संवेदनशीलता

साधारणतया सरकारले सशस्त्र द्वन्द्व र बालबालिकाको अवस्थाबारे एकदमै सीमित सूचना दिएको छ वा कुनै आधिकारिक सूचना नै दिएको छैन। नेपालमा कार्यरत केही समूहले दिएको जानकारी अनुसार, रक्षा मन्त्रालयले सम्भवतः सशस्त्र द्वन्द्वसम्बन्धी सूचनालाई सेन्सर (नियन्त्रण वा काँटछाँट) गर्छ। वाचलिष्टलाई स्थानीय भरपर्दो स्रोतले बताएअनुसार द्वन्द्वसम्बन्धी रिपोर्टिङमाथि व्यक्त वा अव्यक्तरुपमा प्रष्ट प्रतिबन्ध लगाइएको छ।

मानव अधिकारवादी कार्यकर्ता, पत्रकार र सूचना प्रवाहको क्षेत्रमा कार्यरत अन्य व्यक्तिहरूले खतरनाक वातावरणमा काम गरिरहेका छन्। यी समूहहरू धम्की, संत्रास र हिंसाबाट आक्रान्त छन्, जसले "सेल्फ-सेन्सरसिप" अर्थात् स्व-नियन्त्रणलाई प्रोत्साहित गरेको छ। नेपाल पत्रकार महासंघद्वारा सितम्बर २००४ मा प्रकाशित *नेपालको स्थिति प्रतिवेदनअनुसार* ९ वर्षको सशस्त्र द्वन्द्वका क्रममा सुरक्षाकर्मीहरूबाट ९, माओवादीहरूबाट ५ र अपरिचित समूहबाट एक समेत गरी कुल १५ पत्रकारको हत्या भइसकेको छ। रिपोर्टर्स विदाउट बोर्डर्स (रिपोर्टर्स साँ फ्रन्तिए, आरएसएफ)का अनुसार, सन् २००३ मा नेपालमा संसारका अरु मुलुकमा भन्दा बढी पत्रकारहरू गिरफ्तार गरिए।

सुरक्षा फौज र माओवादीले सूचना प्राप्ति र अन्य प्रयोजनका निम्ति नागरिकहरूलाई प्रयोग गरेका कारण कतिपय नागरिकहरूले बाहिरिया व्यक्तिप्रति अविश्वास, डर तथा भर गर्न नसकिने भएकोले कुनै पनि जानकारी दिन अनकनाउँछन्। द्वन्द्व प्रभावित जिल्लाहरू कैलाली कञ्चनपुर, सिरहा र नुवाकोटमा सेभ द चिल्ड्रेन, मानव अधिकार सञ्चार प्रतिष्ठान (इह्रिकन) र नेपाल राष्ट्रिय सामाजिक कल्याण महासंघ (एनएनएसडब्ल्यु)ले संयुक्तरुपमा गरेको २००२ को अध्ययनको संकलन चिल्ड्रेन इन कन्फ्लिक्टका अनुसार, आफूले बोलेको कुरा माओवादी, सेना वा दुबैलाई रिपोर्टिङ हुने भएकोले केही व्यक्तिहरू मात्र सशस्त्र द्वन्द्वका बारेमा खुला मञ्चहरूमा भयरहित छलफल गर्न रुचाउँछन्।

सूचना नियन्त्रणको परिणामस्वरुप नेपालमा गलत हल्ला (अफवाह वा गफ) व्यापकरुपमा फैलने र फस्टाउने गर्दा खासगरि बालबालिकाका साथै नागरिकहरूमाथि नकारात्मक प्रभाव पर्छ। उदाहरणका लागि कैलाली जिल्लामा माओवादीहरूले एकभन्दा बढी छोरा हुने परिवारबाट जबर्जस्ती आफ्नो सेनामा भर्ना गर्दैछन् भन्ने हल्लाले आफ्ना कलिला छोराहरूलाई गाउँबाहिर पठाउन प्रोत्साहित गऱ्यो। वाचलिष्टको अप्रिल २००४ मा भएको स्थलगत अध्ययनका बेला सुनाइएको एक घटनानुसार नेपालगञ्जमा चलेको यस्तै हल्लामा बाबुआमाले माओवादीहरू उनीहरूको घरमा आइ नै हाले भने तिनलाई भर्ना गर्ने कुनै आकर्षण नहोस् भनेर आफ्ना सन्तानलाई अत्यधिक रक्सी धोकाएका थिए।

## अत्यधिक जोखिममा परेका समूहहरू

अधिराज्यका सम्पूर्ण ग्रामीण भेगमा बढ्दो द्वन्द्वसँगै थुप्रै जोखिमको स्थितिमा रहेका समूहहरू छन्। इन्सेकको मानव अधिकार वर्ष पुस्तक २००४ मा देखिएका सशस्त्र द्वन्द्वका प्रवृत्तिहरूले सुरक्षा फौजद्वारा तल्ला जाति, आदिवासी जनजाति र दलितहरूमाथि र माओवादीहरूले उच्च जातिका क्षेत्री, बाहुन र ठकुरीहरूमाथि आक्रमण गरेको पाइएको छ।

प्राचीन हिन्दू जाति प्रथाअनुसार दलितलगायतका सबै तल्ला जातिविरुद्धका जातीय भेदभाव गैरकानूनी भइसके पनि नेपालमा अझै पनि यसले गहिरो जरा गाडेको छ। यी जातिका सदस्यहरू शताब्दियौंदेखि दमित छन् भने सरकार र माओवादीबीचको सशस्त्र द्वन्द्वले उनीहरूमाथिको खतरा र दुवै पक्षबाट हुने हिंसात्मक आक्रमण झनै बढेको छ।

उदाहरणका लागि, ह्युमन राइट्स वाचद्वारा प्रकाशित डिस्क्रिमिनेइशन अगेन्स्ट दलित्स इन नेपालका अनुसार सरकारले नेपालका ४५ लाख दलितहरूले माओवादी हिंसालाई सक्रिय सहयोग गरेको ठान्छ। फलतः यस जातिका बालबालिका सहितका व्यक्तिहरू शंकास्पद माओवादीका रुपमा सुरक्षा फौजको आक्रमणमा पर्छन्। तल दिइएका दुईवटा उदाहरण नेपालको एउटा भरपर्दो स्रोतले अभिलेख गरेको छ :

- बाँकेको कोहलपुर-३ का एक १६ वर्षीय दलित बालकलाई १०-१२ जना सशस्त्र सादा पोशाकका सुरक्षा कर्मीले यातना दिए, पक्राउ गरे र घरबाट लिएर गए भन्ने बुझिन्छ। उनीहरूले अप्रिल २६, २००२ को ११ बजे राति उनी सुतिरहेको बेला घर घेरी प्रवेश गरेको बताइन्छ। उनको स्थिति अज्ञात छ।
- भनिन्छ बाँकेको फथापुर-९ का एक १४ वर्षीय दलितलाई माओवादी समर्थक भएको आशंकामा सुरक्षा फौजको एक समूहले उनकी दिदीको खेतमा यातना दियो र गिरफ्तार गरी लग्यो। उनको स्थिति थाहा हुन सकेको छैन।

माओवादीहरूले पनि दलितहरूलाई आक्रमणको तारो बनाएका छन्। अप्रिल २००४ मा कान्तिपुरले प्रकाशित गरेको “माओवादीले ३०० बन्दीलाई सेनामा भर्ना हुन बाध्य पारे” समाचारमा डडेल्धुराको लामिकाँडेका ३०० दलित युवालाई अपहरण र सैन्य तालिमका लागि जबर्जस्ती गरिएको उल्लेख छ। समाचारमा नजिकैका गाउँका युवाहरू माओवादी सेनामा भर्ती हुनुपर्ने डरले जिल्ला सदरमुकामतिर भागेको चर्चा समेत छ। जून २००४ मा *nepalnews.com* मा “माओवादीद्वारा दलित युवाको कुत्सित हत्या” शीर्षक समाचारमा १७ वर्षीय दलित हेमबहादुर नेपालीलाई सिन्धुपाल्चोक जिल्लाको सालाङस्थित स्याउले गाउँबाट अन्य युवाहरूका साथमा माओवादीहरूले अपहरण गरेको उल्लेख छ। उनको छिनिएको टाउको धेरै दिनपछि फेला परेको थियो।

## बालबालिकाको छिन्नभिन्न जीवन

नेपाल संसारका सबैभन्दा गरिब मुलकमध्ये एक हो। त्यसमा पनि सशस्त्र द्वन्द्वले गर्दा कतिपय नेपाली बालबालिकाको निम्न जीवनस्तर झन खस्केको छ। स्वास्थ्य र सामाजिक सेवामा पहुँचका साथसाथै परिवारको आधारभूत आवश्यकतालाई ज्यादै धेरै असर परेको छ र धेरै परिवारलाई अत्यधिक भार पर्न गएको छ।

दुई युद्धरत पक्षका बीचमा परी परिवारहरू प्रायः तनावपूर्ण वातावरणमा बाँच्नु परेको छ। उदाहरणतया, उनीहरूलाई कहिले यो पक्ष र कहिले त्यो पक्षलाई सहयोग गर्न दवाव आइरहन्छ। माओवादी सेना गाउँमा आई सीमित मात्रामा खाद्यान्न भए पनि एउटा परिवारविशेषलाई खाना र बासका निम्ति दवाव दिन सक्छ। हिंसाको डरले उनीहरूले निरुपाय भएर तोकेअनुसारको सहयोग गर्नुपर्छ। यसले उनीहरूलाई सुरक्षा फौजहरूबाट आक्रमण हुने र माओवादीको सहयोगी बनेको आरोप लाग्ने खतरा हुन्छ। यो स्थिति नेपाल अधिराज्यभरका गरिब परिवारहरूको साझा कथा बनेको छ।

त्यसैगरी, कुनै व्यक्ति वा परिवारलाई उनीहरूमाथि माओवादीले बदला लिन सक्ने खतरामा पारेर तिनका शंकास्पद गतिविधि र यसका सहयोगीहरूका बारेमा सुरक्षा फौजहरूलाई सूचना दिन वाध्य पारिन्छ। यसले नागरिकहरूलाई निरन्तर भय, निराशा र असुरक्षाको स्थितिमा पुऱ्याउँछ। परिणामस्वरुप, बालबालिकालाई सहयोग गर्ने समुदाय तहमा प्रायः विश्वासको कमी, अभिभावकको कमजोर बनेको भूमिका, सांस्कृतिक मान्यता तथा अप्ठ्यारोमा काम गर्ने सामाजिक संरचनामा विश्रृंखलता आउनुका साथै र बालबालिकालाई सहयोग गर्ने संस्था र सञ्जालमाथि आक्रमणमा भएको छ।

*चिल्ड्रेन इन कन्फ्लिक्टनामक* अध्ययनका अनुसार, बालबालिकाहरूलाई शंकास्पद माओवादी गतिविधिमा लागेको आरोपमा वा माओवादीमा लागेका तिनका अभिभावकसम्बन्धी सूचना र ठेगानाबारे जानकारी लिन सेना र प्रहरी जवानबाट तर्साइएको, थुनिएको र यातना दिइएको पाइन्छ। एउटा घटनामा कैलालीको पाण्डौन गाविसका बासिन्दालाई सुरक्षा फौजहरूले माओवादीहरूलाई खान दिएको आरोप लगाउँदै एक साताभित्र गाउँ नछोडेमा गाउँमा बम हान्ने धम्की दिएको हिमालको दिसम्बर १६-३१, २००३ मा प्रकाशित “गाउँहरूमा मृतकहरू, जंगलमा बास” शीर्षकको एक रिपोर्टमा उल्लेख छ। त्यस्तै तिनले सरकारलाई सहयोग गरेको शंकाको भरमा माओवादीहरूको उस्तै व्यवहार भोग्नु पर्ने हुन्छ।

नेपालका धेरै बालबालिकाहरू बन्दूक, बम, बन्द (हड्ताल), मृत्यु, लास र युद्धको त्रासदीपूर्ण वातावरणमा हुर्किरहेका कारण उनीहरूका मनमा आएका विभिन्न विचार तथा भय र अन्य मनोवैज्ञानिक असरहरूले आक्रान्त भएका छन्। उनीहरू आफ्नो घर, परिवार र शिक्षाबाट वञ्चित हुनुपर्ला भन्ने कुराप्रति चिन्तित छन्।

माओवादी बन्द, खासगरी शैक्षिक तालिका र परीक्षाहरूमा असर पार्ने बन्दहरूका कारण नेपालका बालबालिकाको शिक्षामाथिको पहुँच खतरामा परेको छ। स्कुलभित्र र वरिपरि हुने हिंसा, स्कूल ध्वस्त पारिने र स्कूल बन्दको परिणामस्वरुप विद्यार्थीहरू स्कूलमा उपस्थित हुन निकै डराउँछन्। अझ पनि संचालित स्कूलहरूमा भने चौपट्टै भीडभाड छ। हजारौं सामुदायिक स्कूलका साथै स्थानीय संस्थाहरू गृहयुद्धका लडाकूहरूबाट अति हिंसा र धम्कीको शिकार भएका छन्। नेपाली बालबालिकाको सिंगो पुस्ता, जसमध्ये प्रायः कतिपय परिवारमै पहिलोपल्ट स्कूल गइरहेकाहरूले चालू द्वन्द्वका कारण शैक्षिक अधिकार र अवसर गुमाइरहेका छन्।

यो दुःखलाग्दो कुरो छ कि यिनीहरू गरिबभन्दा गरिब र अत्यधिक वेवास्ता गरिएका बालबालिकाहरू हुन्, ती मध्ये पहिलोपटक स्कूल जाने अनुमति र प्रोत्साहन पाएकाहरूमा स्कूल बन्दले सबैभन्दा बढी नकारात्मक प्रभाव पारेको छ। धेरैले आफ्नो घर छोड्न वा कामका लागि बसाइँ सर्न वा माओवादी सेनामा भर्ती हुन बाध्य हुनु परेको छ। यसविपरीत, धनी परिवारका बालबालिकाहरू शहरी क्षेत्रका निजी स्कूलमा स्थानान्तरण भएका छन्।

सशस्त्र द्वन्द्वका कारण स्वतन्त्र घुमफिरमा देखिएका अवरोधबाट युवाहरू पनि निकै प्रभावित भएका छन्। स्कूल जाँदा आउँदा स्कूलमा हुने विस्फोटनको डर, अपहरण, गैरन्यायिक गिरफ्तारीबाट अवरोध भई युवाहरू स्वतन्त्र रूपले वा धक खोली खेल्न र मनोरञ्जन गर्न सक्दैनन्। परिणामस्वरूप, केही युवाहरू राम्रो भविष्यप्रति कुनै आशा नै नरहेको बताउँछन्।

## बालबालिकाको हत्या तथा अङ्गभङ्ग

माओवादी र सरकारी प्रहरी तथा सेना लगायतका सुरक्षाकर्मी दुवैथरीबाट दण्डहीनताका साथ बालबालिकाहरूको हत्या, अङ्गभङ्ग र अन्य ढंगले अधिकार हनन भएको छ। इन्सेकका अनुसार, सन् १९९६ मा “जनयुद्ध” शुरू भएयता जुलाई २००४ सम्ममा १७ वर्षमुनिका २८६ बालबालिका मारिएका छन्। जसअनुसारः

- १६१ बालबालिका सरकारी सुरक्षा फौजद्वारा मारिए (१०५ बालक र ५६ बालिका)
- १२५ बालबालिका माओवादीद्वारा मारिए (९६ बालक र २९ बालिका)

एक घटनामा १६ वर्षीया कान्छी शेर्पासँग माओवादी र सुरक्षा फौज दुवैले बर्बरतापूर्वक व्यवहार गरे। अप्रिल १५, २००४ मा समाचारपत्रमा प्रकाशित “माओवादी र सुरक्षा फौजहरूद्वारा उत्पीडन” शीर्षक समाचारमा दिइएको विवरणअनुसार, जुलाई २००३ मा तिनी घरनजिकै वस्तु हेरिरहेको बेलामा दुई मुकुण्डोधारी माओवादी तिनीसमक्ष आए। तिनी उनीहरूसँग नलागे मार्ने धम्की दिए। तिनले उनीहरूसँग जान अस्वीकार गर्दा तिनलाई अपहरण गरी गाउँहरूबाट माथि डाँडातिर माओवादी क्षेत्रमा आगामी कैयन महिनासम्म खाद्यान्नको गह्रौं भारी बोक्न लगाए। यस अत्यन्तै पीडादायी अवस्थाका कारण उनका दुबै खुट्टामा ठूल्ठूला फोका उठे र उनका पिंडौलाहरू निकै सुन्निए।

नोभेम्बर १६, २००३ मा तिनी र तिनका एक साथी माओवादीहरूको चंगुलबाट भाग्न सफल भए, तर एकै छिनपछि उनीहरूलाई सुरक्षा फौजले समात्यो। तिनले दिएको विवरणअनुसार, तिनलाई सुरक्षा फौजले करिब २० दिनसम्म गस्तीमा सँगै हिड्न वाध्य पाऱ्यो। त्यसबेला तिनको खुट्टाको घाउ झन बल्भियो र खुट्टा ज्यादै सुन्निए। तिनलाई तिनकै एक पूर्व कमाण्डरसहित १२ माओवादीलाई मारेको हेर्न र सुरक्षा फौजलाई सहयोग गर्न जबर्जस्ती लगाइएको आरोपसमेत तिनले लगाएकी छिन्। उनले काठमाडौंमा एक पत्रकारलाई मार्च २००४ मा यो कथा सुनाइरहँदा उनको घाउ अझै निको भइसकेको थिएन र उनीसँग उपचार गर्ने पैसा पनि थिएन।

**माओवादीले गरेका बालहत्या र यातनाका उदाहरणहरूः**

- अगष्ट २००४ मा माओवादी विद्रोहीहरूले धनकुटाको मुढेबास गाविसका १५ वर्षीय किशोर सन्तोष विश्वकर्मालाई अपहरण गरेर यातना दिँदै हत्या गरेको भनिन्छ। समाचारअनुसार, उक्त किशोरलाई एक माओवादी नेताले लूटपीट र बलात्कारमा संलग्न रहेको आरोप लगाएका थिए (*nepalnews.com,* अगस्त ८, २००४)।
- फरवरी २२, २००२ मा माओवादीहरूले काठमाडौंबाट बीरगञ्जतर्फ मुसलमानहरूको चाड मान्न गइरहेका यात्रुले भरिएको बसमा आगो लगाए। ८ वर्षीया एक बालिकासहित पाँच यात्रु बसभित्र जिउँदै जले (*कान्तिपुर,* "बसमा आक्रमण, पाँच यात्रु जिउँदै जले", फरवरी २३, २००२)।
- जुलाइ ९, २००२ मा बाँकेको सम्शेरगञ्जका १५ वर्षमाथिका सबै पुरूषलाई करिब ३०० माओवादीहरूले जबर्जस्ती घरबाट घिसारेर निकाले। उनीहरूले एकजना गाउँलेलाई सोही दिन आक्रमण गर्ने दुई माओवादीहरूलाई प्रहरीको जिम्मा लगाएको आरोपमा करीब २५ जनालाई गाउँमा लगेर लठ्ठी, राइफलको कुन्दा र भालाले आक्रमण गरे। दुईजना गाउँलेको घटनास्थलमै मत्यु भयो र थुप्रै घाइते भए (*एइ, एइ अनुक्रमणिका,* एएसए ३१/०७२/२००२, दिसम्बर २००२)।

**सरकारी सुरक्षाकर्मीद्वारा भएका बाल हत्या र यातनाका उदाहरणहरूः**

- काठमाडौं पोष्टका अनुसार, सितम्बर ३, २००४ मा भोजपुर जिल्लाको बासिखोरा गाउँमा सादा पोशाकका सिपाहीहरूले ३ जना निरस्त्र स्कूले बालिकाहरूको हत्या गरे। प्रत्यक्षदर्शीका अनुसार, १५ र १६ वर्ष उमेरका ती बालिकाहरू माओवादीले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा जबर्जस्ती सहभागी गराइएपछि घर फर्कंदै गर्दा सिपाहीहरूले उनीहरूको पिछा गरे, उनीहरूसँग कुनै प्रश्न नै नगरी गोली प्रहार गरे र उनीहरूका लाश पुरिदिए (*काठमाडौं पोष्ट,* "चार माओवादी मारिए", सितम्बर ९, २००४)।
- नुवाकोट जिल्लाको काहुले गाविसका १५ देखि १८ वर्षका पाँच किशोरहरूलाई सुरक्षा फौजले शंकास्पद माओवादी गतिविधिमा संलग्न भएको ठानी गोली हानेर हत्या गरे। हत्याका सम्बन्धमा चर्को सार्वजनिक विरोधपछि सुरक्षा फौजले उक्त मुद्दाका सम्बन्धमा अनुसन्धान गरेर उक्त घटना गल्तीले भएको घोषणा गऱ्यो। सिविनका अनुसार, ती किशोरहरू गाउँमा एक नातेदारको घेवा (मृत्यु संस्कार)मा भाग लिएर घर फर्किरहेका थिए। मारिएका बेला तीन किशोरहरूले स्कूलकै पोशाक लगाइरहेका थिए (*द स्टेट अव द राइट्स अव द चाइल्ड इन नेपाल,* २००३ सिविन)।
- जुलाई २२, २००२ को रातमा बर्दियाको जगतिया गाउँ, वडा नं. २ मा करिब ४०० सेना र प्रहरीहरूको संयुक्त गस्तीका दौरान १२ वर्षीया बालिका रूपा थारू मारिइन्। उनीहरू ती बालिकाको घरमा प्रवेश गरे र उनका बाबुलाई माओवादीलाई खाना ख्वाएको सम्बन्धमा प्रश्न गर्न थाले। उनले सो कुरा इन्कार गर्दा सशस्त्र जवानले उनको खुट्टामा हिर्काउँदा रूपा थारूलाई च्याप्प समाए; उनीहरूले तिनको आँखा छोपेर कुवाचोकतिर लगे, जहाँ तिनको हत्या गरियो। वरपर रहेका तीनजना गाउँलेलाई रोकिराखेका गाडीतिर तिनको लास लैजान वाध्य पारियो। प्रहरीले स्थानीय दुई राजनीतिक व्यक्तिको उपस्थितिमा तिनको लास गुलरिया नगरपालिकामा गाडेको सुनिन्छ (*एइ, एइ अनुक्रमणिका,* एएसए ३१/०७२/२००२, दिसम्बर २००२)।

# शरणार्थी तथा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरू (आइडीपीज)

हालसम्म शरणार्थी वा आन्तरिकरूपमा विस्थापित भएका नेपालीहरूको आधिकारिक तथ्यांक छैन भने उपलब्ध तथ्यांक पूरै अनुमानित भएकाले विश्वास गर्न गाह्रो छ। सन् २००२ को अन्त्यसम्ममा अनुमान गर्नै नसक्ने गरी, शायद लाखौंको संख्यामा, नेपालीहरू छिमेकी मुलुक भारत प्रवेश गरेको विश्वास गरिन्छ। भारतसँगको लामो र खुला सीमा अनुगमनको अभावमा यसरी बसाइँ सरी गएका नेपालीहरू द्वन्द्व वा आर्थिक के कारणले हो भनी यकीन नै गर्न गाह्रो छ। तथापि, सन् २००१ देखि भारत जानेहरूको संख्या बढेको बुझिएको हुनाले बसाइँ सराइ र द्वन्द्वको बीचमा प्रष्ट सम्बन्ध रहेको अनुमान गर्न सकिन्छ। नर्वेजियाली शरणार्थी परिषद्को विश्वव्यापी आन्तरिक विस्थापित व्यक्तिहरूको परियोजना (ग्लोबल आइडीपी प्रोजेक्ट)ले तयार पारेको नेपालमा विस्थापितहरूको अभिलेख अनुसार, भारततर्फ भागेका नेपालीहरूको संख्या ५,००,००० सम्म हुन सक्छ। अन्य नेपालीहरू मध्यपूर्व, मलेसिया र अन्य मुलुकहरूतर्फ जान बाध्य भएका छन्।

विश्वव्यापी आइडीपी परियोजनाले गरेको सबैभन्दा भरपर्दो अनुमानअनुसार सशस्त्र द्वन्द्वका कारण आन्तरिक रूपमा विस्थापित नेपालीहरूको संख्या १,००,००० देखि २,००,००० सम्म रहेको छ। नेपालमा आन्तरिक रूपमा विस्थापित व्यक्तिका सम्बन्धमा आधिकारिक परिभाषाको अभावमा यसको वास्तविक संख्या तय गर्न झन जटिल भएको छ। विश्वव्यापी अनुमानअनुसार, विस्थापित जनसंख्याभित्र करिब अस्सी प्रतिशत प्रायः महिला तथा १८ वर्षमुनिका बालबालिका रहेका छन्। तथापि, नेपाली संस्था सामुदायिक अध्ययन तथा कल्याण केन्द्र (सीएसडब्ल्यूसी) ले आन्तरिकरूपमा विस्थापित बालबालिकाको संख्या १,००,००० देखि १,२०,००० सम्म हुनसक्ने अनुमान गरेको छ।

सशस्त्र द्वन्द्वको सुरूदेखि नै नेपाल सरकारले आन्तरिक रूपमा विस्थापितप्रति पूरै बेवास्ता गर्दै आएको छ। त्यसैगरी युद्ध शुरू भएको आठ वर्षभन्दा बढी समयपछि पनि संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय समुदायले नेपालमा आफ्ना गतिविधिलाई अझ पनि विकासका दृष्टिले मात्र हेरिरहेका कारण विस्थापितहरूप्रति ज्यादै न्यून वा कुनै ध्यान दिइएको छैन। यस्ता व्यक्तिका निम्ति कुनै लक्षित सहयोग कार्यक्रमबारे वाचलिष्टले कुनै जानकारी पाउन सकेन। अगस्त २००४ मा नेपाल सरकारले देशभित्र आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूको अवस्थालाई औपचारिक मान्यता दियो र उनीहरूको सहयोगका निम्ति कार्ययोजना सिफारिश गर्न एउटा कार्यदल गठन गऱ्यो। राष्ट्रिय योजना आयोगका उपाध्यक्षले नेतृत्व गरेको कार्यदल भने नागरिक समाजको प्रतिनिधित्व नै नभएको एक सरकारी निकाय हो।

ओसीएचए/आइडीपी एकाइ[४] को मई-जून २००४ मा आएको नेपाल मिसनले दिएको प्रतिवेदनले नेपालको अवस्था अझैं पनि मानवीय संकटमा नपुगेको तथा यस चरणमा आन्तरिकरूपमा विस्थापितलाई लक्षित गरी सहयोगको कुनै विशेष कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता महसूस नभएको बताएको छ। सिंगो जनसंख्यामध्ये खतरामा परेका सीमित समूहलाई मात्र सहयोग गर्दा स्थिति झन बिग्रन सक्छ। त्यस कारण बाँकी अन्यलाई समेत यसका निम्ति उत्प्रेरित गर्ने तत्वहरू (पुल फ्याक्टर्स)को सृजना गर्न सक्ने र संकटको घडीमा पनि काम गर्न सक्ने राष्ट्रिय संयन्त्रलाई सम्भवतः अरू कमजोर बनाउन सक्ने बताइएको थियो। नेपाल सरकार र दाता/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (आइएनजीओ) समुदायबीच यी वास्तविकताका सम्बन्धमा थप खुला सम्बोधन र छलफल हुनु आवश्यक छ।

### विस्थापनका स्वरूपहरू

ओसीएचए/आइडीपी एकाइअनुसार, द्वन्द्व प्रभावित ग्रामीण क्षेत्रहरूबाट ठूला शहरहरू, खासगरी काठमाडौं र नेपालगञ्ज, वा सीमापारी भारतमा जाने दुइथरी विस्थापनका ढाँचा नेपालमा देखिएका छन्। बन्द, नाकाबन्दी र सशस्त्र द्वन्द्वबाट उत्पन्न अन्य सामाजिक-आर्थिक अवरोधले विस्थापितहरूको संख्या वृद्धि गरेको छ।

[४] कृपया ध्यान दिनु होला, ओसीएचए/आइडीपीलाई जुलाई १, २००४ मा इन्टर-एजेन्सी इन्टरनल डिस्प्लेसमेन्ट युनिटले विस्थापित गऱ्यो।

ओसीएचए/आइडीपी युनिटका अनुसार, द्वन्द्व प्रभावित परिवार र व्यक्तिहरू नेपालका अरू भूभाग वा भारतमा सुरक्षा र रोजगारीको खोजीमा तथा नातेदार र साथीहरूसँग बासको निरन्तर सहयोग पाउन सदियौंदेखि चल्दै आएको बसाइँसराइको परम्परालाई पछ्याएका वा अंगालेका केही उदाहरण पनि छन्। आर्थिक वा द्वन्द्वका कारणले घर छोडेर हिड्ने संख्यामा वृद्धि भएको हो भनेर छुट्याउन गाह्रो भएकोले विस्थापनको ढाँचाको अनुगमन र पहिचान गर्ने कार्यलाई झन जटिल बनाएको छ। परम्परागत आर्थिक बसाइँसराइको ढाँचाभन्दा भिन्न सशस्त्र द्वन्द्वबाट विस्थापित धेरै व्यक्तिहरू लामो समयसम्म वा अनिश्चितकालसम्म बाहिरै रहने (विदेशिने) गरेको ओसीएचए/आइडीपी एकाइले जनाएको छ।

ग्लोबल आइडीपी परियोजनाका अनुसार, भारततर्फ लाग्नेमध्ये अधिकांश युवाहरू रहेका छन्, खासगरी ती युवाहरू जसले परम्परागत बसाइँसराइको यस स्वरूपलाई अँगालेका छन्। अर्कोतर्फ सशस्त्र द्वन्द्वको विस्तारसँगै सीमापारी प्रवास जाने युवाहरूको संख्यामा वृद्धि भएको हो। आफ्ना अभिभावकसँग भारत लाग्ने नेपाली बालबालिकाहरू त्यहाँ पुगेपछि सामुहिक गृहहरूमा थन्किन्छन् वा थान्को लाग्छन्। कान्तिपुर संवादाताहरूले गरेको एक खोजमा १,००० भन्दा बढी नेपाली बालबालिकाहरू भारतका सरकारी तथा गैरसरकारी सामूहिक गृहहरूमा बस्ने गरेको पाइयो जसको विवरण फरबरी १, २००४ मा "द्वन्द्व पीडित व्यक्तिहरू: नेपाली बालबालिका दिल्लीको अनाथालयमा" शीर्षक समाचारमा प्रकाशित भयो। भारतमा बसिरहेका नेपाली शरणार्थीहरूबारे ज्यादै कमैमात्र सूचना प्राप्त भएको छ।

आन्तरिकरूपमा विस्थापित व्यक्तिहरू प्रायः सानो समूहमा घुम्छन् र स्थानीय समुदायका परिवार र साथीहरूको सामाजिक सञ्जालमा समाहित हुन्छन्। धेरैलाई कहाँ र कुन अवस्थामा परिवारहरू र व्यक्तिहरूले आफ्ना समुदाय छोडेर आएर बसिरहेका छन् भन्ने थाहा नै हुँदैन। ग्लोबल आइडीपी परियोजनाका अनुसार, नेपालमा आन्तरिक तवरले विस्थापित व्यक्तिहरू प्रष्ट तीन किसिमका छन्:

१) माओवादीहरूले प्रत्यक्ष धम्क्याएका र लक्ष्य गरेका धनी/सम्पन्न जमिन्दारहरू, सरकारी कर्मचारीहरू, शिक्षकहरू र अन्य व्यक्तिहरू;
२) सामान्यतया विभिन्न खालका सामाजिक पृष्ठभूमिमा रहेका सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष प्रभावित गरिब नागरिकहरू वा आम हिंसा र असुरक्षाका कारण भागेकाहरू;
३) जबर्जस्ती भर्ना र माओवादीहरूको उत्पीडन र सुरक्षा फौजको कारवाहीको डरले गाउँबाट भागेका युवाहरू।

यस्ता कारणहरूको गम्भीर वा डरलाग्दो परिणाम परिवारिक बिछोडको रूपमा देखिन्छः प्रायः महिला तथा बालबालिकाहरू खतरनाक अवस्थामा छोडिएका हुन्छन् भने पुरूष र केटा (पुत्र)हरू सशस्त्र द्वन्द्वका पक्षमा संलग्न भएपछि, कारवाही वा थुनामा परेपछि, मारिएपछि वा शहरी क्षेत्र वा भारत (मुगलान) लागेपछि तिनलाई काम खोज्नु पर्ने तनाव बढेको छ। अन्य युवाहरू आफ्ना परिवारबाट बिछोडिएका छन् र शहरी क्षेत्र वा जिल्ला सदरमुकामहरूमा एक्लै बसोबास गर्दै आएका छन्, जहाँ उनीहरू अपहरणमा पर्ने, शोषित हुने र अन्य दुर्व्यवहारमा पर्ने खतरा हुनसक्छ। जबर्जस्ती भर्ना वा अन्य कारणले गाउँ छोडेका बालिकाहरू खासगरी यौन शोषण वा असुरक्षाको स्थितिमा छन्। (तल बेचबिखन तथा शोषण: विछोडिएका बालबालिका हेर्नुहोस्।)

## विस्थापनका कारणहरू

इन्सेकको मानव अधिकार वर्ष पुस्तक २००४ का अनुसार, नागरिकहरू मुख्यतया असुरक्षा जस्तै हत्याको धम्की, जथाभावी "चन्दा" दिनु पर्ने बाध्यता, उत्पीडन, घर ध्वस्त पारिएका वा लुटिएका, जमिन कब्जामा लिइएका, स्वास्थ्य र शिक्षामा पहुँचको अभाव भएका, खाद्य असुरक्षा, अपहरण वा केरकारको डर तथा अन्य विभिन्न कारणहरूबाट आफ्ना समुदाय छोडेर भागिरहेका छन्। सीएसडब्ल्यूसीले राष्ट्रिय संचार माध्यमहरू र अन्य स्रोतहरूबाट संकलन गरी जून २००४ देखि जबर्जस्ती विस्थापित भएका युवाहरूका बारेमा श्रृंखलावद्ध उदाहरणहरू प्रकाशित गरेको छः

- सुदूर पश्चिमाञ्चल क्षेत्र (डोटी, अछाम, डडेल्धुरा, दार्चुला)मा सामुहिक अपहरण र सेनामा जबर्जस्ती भर्तीका घटनाहरू भएपछि हजारौं स्कूले बालबालिका भारततर्फ भागे
- मध्यपश्चिमाञ्चलको रूकुम जिल्लाका केही विद्यार्थीहरू आफ्ना स्कूलमा माओवादीहरूद्वारा संचालित राजनीतिक प्रशिक्षण वा अन्य तथाकथित "शैक्षिक कार्यक्रमहरू"का कारण गाउँहरूबाट भागेर जिल्ला सदरमुकाममा थुप्रिए (तल शिक्षा हेर्नुहोस्)।
- पूर्वाञ्चल क्षेत्रको भोजपुर जिल्लामा माओवादीहरूले प्रत्येक घरबाट एकजना बलियो व्यक्तिले अनिवार्यरूपमा "जनसेना"मा सहभागी हुन कर गरेपछि १४ गाउँका १०० भन्दा बढी युवा (पुरूष र महिला) घर छोडेर भागे

- कैलालीमा "जनमार्च"का लागि विद्यार्थी र शिक्षकहरू अपहरण गरिएपछि करिब ३६ शिक्षक र १,००० विद्यार्थीहरू धनगढीतर्फ भागे
- माओवादी जनसेनामा भाग लिन जबर्जस्ती गरेपछि गोरखा, कास्की, तनहूँ, बाग्लुङ, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ र काभ्रे जिल्लाका हजारौं युवा महिला र किशोरीहरू अन्यत्र रोजगारीको खोजीमा आफ्नो घर छोडेर हिडे
- मध्यमाञ्चल क्षेत्रको सिन्धुपाल्चोक जिल्लाबाट अपहरण हुने डरले भागेका र रोजगारीको खोजीमा भारत हिडेका ११ देखि १६ वर्षबीचका नौ बालबालिकालाई देशबाहिर जान दिइएन

विभिन्न स्रोतहरूले संकेत गरेअनुसार, माओवादीहरूको "एक परिवार एक लडाकू"को अभियानका लागि आफ्ना नानीहरू अपहरण हुने डरले परिवारका सदस्यहरूले तिनलाई गाउँबाट भाग्न प्रेरित गर्ने गरेका छन्। कहीं त सारा परिवारहरू नै भागेका छन्। *काठमाडौं* पोष्टको अक्टुबर १०, २००४ को "माओवादी अपहरणको डरले गाउँलेहरू भागे" शीर्षक समाचारमा बाग्लुङ जिल्लाका निसी, बोबाङ र अधिकारीचौर गाविसका १०० भन्दा बढी परिवार आफ्ना नानीहरू अपहरणमा पर्ने डरले जिल्ला सदरमुकामतर्फ भागेको जानकारी दिइएको थियो। विद्यार्थी र तिनका अभिभावकले गाउँ छोडेपछि १६ वटा स्कूल बन्द भएका थिए।

परिवारहरूलाई घरमै पनि बढी कर गरिएका उदाहरणहरू छन्। *हिमालयन टाइम्सले* सितम्बर २५, २००४ मा लेखेको "माओवादी आदेशले आम व्यक्तिहरू विस्थापित" शीर्षक समाचारमा लेखेअनुसार, सितम्बर २००४ मा माओवादीहरूले स्थानीय वासिन्दाहरूलाई उनीहरूको पार्टीमा सम्मिलित हुन वा गाउँ छोड्न आदेश दिएपछि जुम्ला जिल्लाका २५ परिवारका ११० भन्दा बढी सदस्यहरू सुर्खेत जिल्लाको सदरमुकाम बीरेन्द्रनगर झरेका थिए। सुर्खेतसम्मको कठिन यात्रापछि विस्थापित परिवारलाई नेपाल रेडक्रस सोसाइटीले आफ्नो हातामा पाल, चामल, लुगा र अन्य आवश्यक सामग्री उपलब्ध गराई शिविर बसाएको समाचारमा उल्लेख छ। वाचलिष्टलाई स्थानीय स्रोतले दिएको जानकारी अनुसार, ५ वर्षमुनिका १२ बालबालिका र ६ देखि १४ वर्ष उमेरसम्मका ३२ स्कूले बालबालिका (१६ बालक र १६ बालिका) गरी करीब ९२ जना अक्टुबर २००४ मा अस्थायी शिविरमा बसिरहेका थिए।

*हिमालयन टाइम्सले* सितम्बर ८, २००४ मा लेखेको "फिदिम, इलाम खाली, उच्च सुरक्षाका बावजूद विद्रोहीको आक्रमणको आदेशको स्थानीय बासिन्दाबाट पालना" शीर्षक समाचारका अनुसार, माओवादीले इलाम र पाँचथर जिल्लाको फिदिममा आक्रमण गर्ने धम्की दिई सदरमुकाम खाली गर्न वक्तव्य दिएपछि दुबै जिल्ला खाली भएर हजारौं जनता त्यहाँबाट हिडेपछि पसल, अस्पताल र स्कूलहरू बन्द भएका थिए।

माओवादी र सरकारी सुरक्षा फौजबीच हिंसात्मक भीडन्त देखेपछि रुकुम जिल्लाको खारा गाविस-६ का दुई बालक ९ वर्षीय धनबहादुर र १० वर्षीय डिल्लीबहादुर ओलीले आफ्ना घर र स्कूल छाडी भारततर्फ लागे। कान्तिपुरले अगस्त १, २००४ मा प्रकाशित गरेको "आतंकपूर्ण द्वन्द्वका कारण बालबालिका विस्थापित" शीर्षक समाचारका अनुसार, उक्त घटनालगत्तै बालबालिकाहरू भने माओवादीहरूले बन्दुक बोक्न बाध्य पार्न सक्ने र प्रहरी वा सुरक्षा फौजहरूले तिनलाई माओवादी समर्थक ठानी आक्रमण गर्न सक्ने ठानेर त्रसित भए।

## नेपालमा रहेका विदेशी शरणार्थीहरू

संयुक्त राज्य अमेरिकी शरणार्थी समिति (यूएससीआर)का अनुसार, २००२ को अन्त्यसम्ममा नेपालमा १,१२,००० भूटानी र २०,००० तिब्बतीसहित १,३२,००० भन्दा बढी शरणार्थी र शरण मागिरहेका व्यक्तिहरू थिए। भूटानी शरणार्थीमध्ये अधिकांश दक्षिण भूटानका नेपाली हिन्दू मूलका व्यक्तिहरू हुन्। उनीहरू खासगरी संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्च आयोगको सहयोगमा पूर्वी नेपालका झापा र मोरङ जिल्लामा स्थापित सातवटा शिविरमा बस्छन्। नेपाल र भूटानबीच शरणार्थीहरूको प्रत्यार्पण (वापसी)का निम्ति विभिन्न चरणमा वार्ता भए पनि यस समस्याको समाधान हुन सकेको छैन र अन्तर्राष्ट्रिय समुदायले यसलाई सामान्यतः वेवास्ता गरिरहेको छ।

नेपालका मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्र माओवादी क्रियाकलापका कारण सबैभन्दा बढी द्वन्द्व प्रभावित छन् भने माओवादी र सरकारी सुरक्षा फौजहरू पूर्वमा पनि सक्रिय छन्। यूएससीआरका अनुसार, माओवादीहरू भूटानी शरणार्थीका बीचमा पनि सक्रिय भई नागरिक स्वतन्त्रताबाट वञ्चित भूटानीहरूलाई हिंसात्मक आन्दोलनमा सहभागी हुन प्रोत्साहन गर्न सक्ने भरपर्दा सूचनाहरूले संकेत गरेका छन्। वाचलिष्टलाई सन् २००४ मा एक भूटानी शरणार्थीबाट प्राप्त अपुष्ट सूचनानुसार माओवादीहरूले १८ वर्षमुनिका बालबालिकासहितका भूटानी शरणार्थीहरूलाई तालिम दिन खोजेको हुन सक्ने बताइएको छ।

# स्वास्थ्य

सन् १९९६ मा सशस्त्र द्वन्द्व सुरु हुनुभन्दा पहिल्यै नेपालको स्वास्थ्य-सूचकांक विश्वको तुलनामा निकै खराब थियो। त्यस वर्ष संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी)ले तयार पारेको मानव विकास सूचकांकमा नेपालको स्थान १३७ देशहरूमध्ये १२४ औं स्थानमा थियो। सेभ द चिल्ड्रेन अलाइन्स वेभसाइट (www.savethechildren.net/nepal/key_work/rural_health.html) मा उपलब्ध सूचनाका अनुसार, स्वास्थ्य क्षेत्रमा कैयौं दशकसम्म लगानी गरिएको भए तापनि ग्रामीण क्षेत्रका अधिकांश नेपालीहरू अझ पनि संचालनमा रहेका स्वास्थ्य केन्द्रहरूभन्दा टाढा कैयौं दिनसम्म बस्छन्। आधारभूत स्वास्थ्य केन्द्रहरूमा निरन्तर तालिम प्राप्त जनशक्ति तथा औषधि आपूर्तिको अभाव छ। अधिकांश जनता परम्परागत झारफुक गर्ने धामीझाँक्रीहरूमै भर गर्छन्। खासगरी बालबालिकाहरूलाई रोगले चाँडै आक्रमण गर्ने सम्भावना बढी हुन्छ र उनीहरू विरामी परेका अवस्थामा वयस्कहरूलाई जस्तै टाढाटाढाका स्वास्थ्य केन्द्रहरूमा लैजाने संभावना कम हुने भएका कारण उनीहरूले वयस्कहरूभन्दा बढी जोखिममा बाँच्नु परिरहेको छ। सेभ द चिल्ड्रेनका अनुसार, नेपालमा ५ वर्ष मुनिका बालबालिकाको मृत्यु सबैभन्दा बढी न्यूमोनिया र झाडा पखालाबाट हुने गरेको छ। संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)बाट प्राप्त सबैभन्दा पछिल्लो तथ्यांक (सन् १९९५ देखि २००१ सम्म)का अनुसार, ५ वर्षमुनिका ४८ प्रतिशत बालबालिका सामान्यदेखि घातक किसिमको कुपोषणबाट पीडित छन्।

सशस्त्र द्वन्द्वले खासगरी ग्रामीण समुदायका अधिकांश परिवारको स्वास्थ्योपचार, खाद्यान्न र सामाजिक सेवामाथिको पहुँचमा झन असर पारेको छ। उदाहरणका लागि सशस्त्र द्वन्द्वले ग्रामीण क्षेत्रबाट व्यापारीहरू विस्थापित भएका, बजारसम्म पहुँचको कमी, बजारमा सीमित बीऊ आपूर्ति, केही परिवारका काम गर्न सक्ने सदस्यहरूको विस्थापनले स्थानीय खाद्यान्न उत्पादनमा कमी आएको नेपालमा कार्यरत एक अन्तराष्ट्रिय गैर सरकारी संस्थाले जनाएको छ। *चिल्ड्रेन इन कन्फ्लिक्ट* नामक अध्ययनले द्वन्द्व प्रभावित जिल्लाका केही बालबालिकाहरूले नून र चामल मिसिएको खोले मात्र खाएका/पाएका छन्।

### खाद्य सुरक्षा

माओवादी लूट, सरकारी नाकाबन्दी र अन्य गतिविधिहरूले पनि खाद्यान्न ढुवानी र उपलब्धतामा अवरोध खडा गर्नुका साथै देशका एकदमै एक्लिएका र दुर्गम भेगका गर्भवती महिलाहरूलाई स्वास्थ्य केन्द्रमा तत्काल पुऱ्याउनु पर्ने, खोप दिनु पर्नेलगायतका जरुरी स्वास्थ्योपचारमा पहुँचको अभावले सार्वजनिक जीवनलाई अवरुद्ध गरेको छ। सुरक्षा जाँच विन्दुहरूले पनि खाद्यान्न ढुवानी र स्वास्थ्य सेवा चाहिने नागरिकहरूको आवागमनलाई असर पारेका छन्। सीएसडब्ल्यूसीले जून २००४ मा संचार माध्यम र अन्य स्रोतहरूबाट संकलन गरेका सूचनाअनुसार, जनवरी २००४ को शुरूदेखि मध्य पश्चिमाञ्चलको रोल्पा जिल्ला निरन्तर यातायात बन्दबाट पीडित छ। त्यसैगरी, सुदूर पश्चिमाञ्चलको अछाम जिल्लाका पूरै चार गाउँमा जून २००४ देखि एक वर्षसम्म हिडडुल गर्न प्रतिबन्ध छ। एक भरपर्दो स्थानीय स्रोतका अनुसार, डोटी जिल्लामा पनि एक वर्षदेखि खाद्यान्न ढुवानीमा गम्भीर असर परेको छ।

माओवादीहरूका हातमा खाद्यान्न पर्न नदिन सुरक्षा फौजहरूले केही जिल्लाहरूमा निजी व्यापारीहरूलाई थोरै परिमाणको साप्ताहिक कोटासमेत तोकिदिएका छन्। केही व्यापारीहरूलाई सो परिमाण ज्यादै कम हुने भएकोले तिनले खतरा मोलेर र लामो यात्रा तय गरेर आफ्ना सामान बेच्नुको कुनै अर्थ हुँदैन। ग्लोबल आइडीपी परियोजनाले तयार पारेको विवरणअनुसार, कोटाले लक्षित गरिएका माओवादीहरूभन्दा नागरिकहरूलाई बढी असर पारेको छ, किनभने माओवादीहरूले गाउँलेहरूलाई निरन्तर उनीहरूलाई खाना ख्वाउन दवाव दिन्छन् जसले गर्दा तिनका आफ्नै हुर्किरहेका बालबालिकाका साथै परिवारका लागि साह्रै कममात्र खाद्यान्न बाँकी रहन्छ।

यसबाहेक माओवादीहरूले गाउँलेहरूलाई खाद्यान्न र अन्य सामग्री बेच्न वा अन्य प्रयोजनका लागि जिल्ला सदरमुकाममा लैजान प्रतिबन्ध लगाएका छन्। अगस्त २००४ मा माओवादीहरूले काठमाडौंबाट बाहिर जाने र भित्र आउने सबै सवारी साधनलाई रोक लगाए। माओवादी नेता प्रचण्डलाई खुला पत्र लेख्दै एम्नेष्टी इन्टरनेशनलले यसबाट काठमाडौंका मात्र होइन काठमाडौंमा नै भर पर्ने अन्य जिल्लामा बसोबास गर्ने नागरिक जनसंख्याका लागि खाद्यान्न र अत्यावश्यक औषधि आपूर्तिमा अवरोध उत्पन्न गर्ने भएकोले गम्भीर चासो प्रकट गऱ्यो। खाद्य असुरक्षाका कारण नेपाली बालबालिकालाई भएको कुपोषणसम्बन्धी असरको जानकारी भने उपलब्ध छैन।

सशस्त्र द्वन्द्वले स्वास्थ्य, मानवीय र अन्य सहायताका निम्ति नेपालमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाका कर्मचारीहरूको जीवन खतरामा रहेको जानकारी नेपालस्थित भरपर्दो स्रोतले वाचलिष्टलाई दिएको छ। उदाहरणका लागि, सितम्बर २००४ मा विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी)ले गम्भीर चासो प्रकट गर्दै सशस्त्र द्वन्द्वले यसका कर्मचारीको जीवन खतरामा परेको र यसबाट हजारौं भोका नेपालीलाई सहयोग गर्ने यसको क्षमतालाई कुण्ठित पारेको बताएको थियो। विश्व खाद्य कार्यक्रमले स्कूल खाद्य कार्यक्रम, (छोरी स्कूल पठाउने बाबुआमालाई प्रोत्साहनस्वरुप खाद्यान्न प्रदान गरिने) "चामल घर लैजाऊ" नामक कार्यक्रम, संकटग्रस्त परिवारहरूका निम्ति कामका लागि खाद्यान्न कार्यक्रम र अन्य कार्यक्रमहरूमाथि खतराको स्थिति आएको घोषणा गरेको थियो।

धेरै ठाउँमा माओवादीहरूले स्वास्थ्य चौकी, सार्वजनिक सञ्चार सेवा र झोलुङ्गे पुलहरूमा आगजनी तथा विध्वंश गरेका हुनाले भविष्यमा खाद्यान्न र आवश्यक सामग्रीमाथिको पहुँचमा थप असर पार्नेछ। स्वास्थ्य मन्त्रालयका अनुसार, सशस्त्र द्वन्द्वका क्रममा ३ जिल्ला स्वास्थ्य कार्यालय, विभिन्न १४ जिल्लाका २१ स्वास्थ्य चौकी धेरथोर ध्वस्त भएका छन् भने गाउँतहका धेरैजसो नष्ट पारिएका छन्।

*नेपाली टाइम्सले* सितम्बर २००४ मा दादुराविरुद्धको राष्ट्रिय खोप अभियानका क्रममा ओखलढुंगामा गइरहेको स्वास्थ्य सामग्री बोकेको गाडीबाट उपकरण र खोपहरू लुटेको समाचार दिएको थियो। "स्वास्थ्य चौकीमा बम हानियो, खोप अभियान अवरुद्ध" शीर्षक समाचारमा पनि बालबालिकाका लागि खोप अभियान संचालन गरिरहेको उदयपुर जिल्लाको पञ्चावटी गाविसस्थित स्वास्थ्यचौकीमा माओवादीहरूले बम हानेको उल्लेख गरिएको थियो। जिल्लास्तरीय एक चिकित्सकका अनुसार, माओवादीहरूले स्वास्थ्य कर्मचारीहरूलाई भवन खाली गर्न लगाई इलाका स्वास्थ्य चौकीमा प्रेसरकुकर बम राखेर त्यसलाई विष्फोटन गराएका थिए। बम हान्नुअघि राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी)[५] ले खोप अभियान विना अवरोध संचालन गर्न दिनुपर्ने आग्रहसहितको अपिल गरेको थियो। तर, उक्त आक्रमणले दादुरा तथा पोलियो विरूद्धको पहिलो चरणको अभियानलाई निकै बाधा पुऱ्यायो। घटनाको थुप्रै मानवीय तथा मानव अधिकार संगठनहरूले निन्दा गरे।

सितम्बर २००४ मै द हिमालयन टाइम्सले "माओवादीहरूद्वारा औषधि लुटियो" भनी प्रकाशित समाचारमा महोत्तरी जिल्लाको सम्सी गाविसस्थित प्राथमिक स्वास्थ्य केन्द्रबाट माओवादीहरूले औषधि र चिकित्सा उपकरण लुटेर लगेको उल्लेख गरिएको छ। आक्रमणकारीहरूले प्रसूति कक्षको एक शैयामा आगो लगाए र एन्टिबायोटिकहरू, रक्तचाप नाप्ने उपकरण तथा अन्य सामग्रीहरू लुटेको समाचारमा उल्लेख छ। वाचलिष्टलाई नेपालका भरपर्दा स्रोतहरूले जनाएअनुसार माओवादीहरूद्वारा लुटिने डरले सरकारले केही जिल्लाहरूमा आम तथा अत्यावश्यक औषधिहरू पठाउन छाडेको छ।

५ नेपालको राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) सन् २००० मा राष्ट्रिय मानव अधिकार आयोग ऐन १९९७ (वि.सं. २०५३) अन्तर्गत स्थापित स्वतन्त्र तथा स्वायत्तता प्राप्त कानूनी निकाय हो। देशको संवैधानिक कानून प्रणालीमा यसका छुट्टै दायित्व रहेका छन्। यससम्बन्धी थप सूचनाहरू www.nhrc-nepal.org मा उपलब्ध छन्।

# एचआईभी/एड्स

युनिसेफको विश्वका बालबालिकाको स्थिति २००४ नामक पुस्तिकाका अनुसार, सन् २००१ को अन्त्यतिर नेपालमा सालाखाला (०-१४ वर्षका) १,५०० बालबालिका एचआईभी/एड्सबाट ग्रस्त रहेका र (०-१४ वर्षकै) १३,००० बालबालिका एड्सका कारण अनाथ भएको अनुमान गरिएको थियो। एक अर्को अनुमानअनुसार, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा एसटीडी नियन्त्रण केन्द्र, काठमाडौंले अगष्ट २००४ सम्ममा नेपालमा ४,१६४ जना एचआइभी ग्रस्त भई बाँचिरहेको बताएको छ। यसको करीब १० प्रतिशत १० वर्षभन्दा मुनिका बालबालिका भएको अनुमान छ।

विश्व बैंक समूहको नेपाल *एचआईभी/एड्स अपडेट* २००२ का अनुसार, सन् २००२ मा २५ वर्षभन्दा मुनिका यौनकर्मी तथा सुईबाट लागूऔषध सेवन गर्नेजस्ता जोखिम समूहहरूभित्र एड्सको प्रकोप ५ प्रतिशतका दरले निरन्तर वृद्धि हुन थालेपछि नेपाल "सघन महामारी"को चरणमा प्रवेश गरेको छ।

एचआइभी/एड्सलाई नेपालमा विभिन्न क्षेत्रबाट उल्लेख्य ध्यानाकर्षण भएको विकासको प्रमुख मुद्दाका रूपमा लिइन्छ। एचआइभी/एड्स भने नेपालस्थित संयुक्त राष्ट्रसंघीय टोलीले गर्ने संयुक्त कार्यका तीन प्राथमिकताका विषयमध्ये एक रहेको छ, जसमा एचआइभी/एड्ससम्बन्धी राष्ट्रिय रणनीतिको कार्यान्वयनमा सहयोग पुऱ्याउन जोड दिइएको छ। यस सन्दर्भमा नेपाललाई तत्काल व्यापक प्रकोपको खतरामा पुऱ्याउन सक्ने थुप्रै तत्वहरूको पहिचान गरिएको छ। यी तत्वहरूमा व्यवसायिक यौन उद्योग, युवाहरूको व्यवहार, श्रमिकहरूको बसाइँसराइ र सुइबाट लागू औषधको प्रयोग पर्छन्।

नेपालमा सशस्त्र द्वन्द्वका अन्य अवस्थाभैंm सशस्त्र द्वन्द्व, हिंसा र असुरक्षासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न तत्वहरूले एचआइभी/एड्सको सम्भावित विष्फोटलाई थप बल पुऱ्याउन सक्छ। यसअन्तरगत निम्न तत्वहरू पर्छन्: मानिसहरूको बसाइँसराइ/विस्थापन (खासगरी एचआइभीको दर उच्च भएका भारतका केही ठाउँमा जाँदा वा त्यहाँबाट आउँदा); सूचनाको अभाव; पर्याप्त एचआइभी परीक्षण केन्द्रको अभाव; यौन हिंसा; लामो समयसम्म परिबारबाट टाढा रहेका सशस्त्र सुरक्षाकर्मीको बढ्दो उपस्थिति; यौन उद्देश्यका लागि बालिकाहरूको बेचबिखनको बढ्दो खतरा; सामाजिक मूल्य, स्थिर सम्बन्ध र पारिवारिक तथा समुदायिक जीवनमा गिरावट। सशस्त्र द्वन्द्वबाट विस्थापित बालिकाहरूको यौन व्यापारमा बढ्दो संलग्नतालाई पनि यसतर्फ बल पुऱ्याउने अर्को तत्वका रुपमा लिइन्छ। (तल बेचबिखन तथा शोषण: बाल श्रम तथा व्यवसायिक यौन कार्य हेर्नुहोस्।)

यूएनएड्सद्वारा संकलित व्यवहारसम्बन्धी तथ्यांकबमोजिम, पुरानो पुस्तासँग नयाँ मूल्य र मान्यताका कारण पुस्तागत र सांस्कृतिक भिन्नताले टाढिएका नेपालका युवाहरूमा एचआइभी/एड्सको खतरा बढ्दो छ। सन् २००२ मा सात जिल्लाका १,४०० युवाहरूमाभ गरिएको एक यूएनएड्स सर्वेक्षणमा किशोरहरू एचआइभीको खतराप्रति अत्यधिक सचेत पाइएका थिए। विश्वका बालबालिकाको स्थिति २००४ नामक प्रतिवेदनमा युनिसेफले ८१ प्रतिशत पुरुष र ३९ प्रतिशत महिलाहरूलाई कण्डमले एड्स रोकथाम गर्छ भन्ने जानकारी भएको जनाएको छ।

तर सो ज्ञानलाई उनीहरूले सुरक्षित यौन व्यवहारमा उतार्न भने सकेको छैन। युवाहरूबीच कण्डमको प्रयोग नियमित छैन किनभने यूएनएड्स सर्वेक्षणमा सहभागीमध्ये ६५ केटाहरूले मात्र यौन सम्पर्कका बेला कण्डम प्रयोग गरेको जनाए भने ६९ प्रतिशत केटाहरूले मात्र व्यावसायिक यौनकर्मी महिलासँग यौन सम्पर्क गर्न नहुने बताए। साउथ एसिया मोनिटरको अगस्त २००३ को "नेपालको दु:स्वपन: एड्सबाट देशका युवाको रक्षा" शीर्षक लेखमा भनिएअनुसार, यसबाहेक काठमाडौंका केही प्रमुख अस्पतालहरूमा एक दर्जनजति स्थानमा मात्र परीक्षण सुविधा रहेको नेपालमा सुलभ एचआइभी परीक्षण केन्द्रहरू ज्यादै कम छन्।

खासगरी नेपालका ग्रामीण भेगमा रहेका व्यक्तिहरूको एचआइभी/एड्ससम्बन्धी उपचार अत्यन्तै सीमित छ।

# शिक्षा

शैक्षिक प्रणालीलाई निकै असर पार्ने सशस्त्र द्वन्द्व १९९६ मा सुरु हुनुअगावै पनि नेपालमा शिक्षाको अवसर ज्यादै सीमित थियो। परम्परागत रुपमा बालिका, दलित, बँधुआ मजदूर तथा अन्य पिछडिएका समूहहरूका निम्ति शिक्षामा अत्यधिक बन्देज थियो। शिक्षाको अवसर पाएका बालबालिकाहरू पनि प्रायः कक्षाका लागि तयार नहुने र स्कूलले पनि उनीहरूका आवश्यकता र अधिकारलाई पूरा गर्न नसक्ने खालका छन्। सेभ द चिल्ड्रेन, चिल्ड्रेन्स इन्भार्नमेन्ट्स रिसर्च ग्रुप तथा युनिसेफको *"ह्वाट इज द डिफरेन्स ? एन इसीडी इम्प्याक्ट स्टडी फ्रम नेपाल,* २००३" का अनुसार विशेषगरी सुरुका दुई वर्षमा दैनिक उपस्थिति परम्परागत रुपमै न्यून हुने गरेको छ, जाँचमा असफल हुने क्रम निरन्तर छ र बीचैमा कक्षा छोड्ने दर उच्च छ।

स्कूललाई आक्रमणको निशाना बनाउने र बालबालिकाको भर्ती तथा अपहरणका लागि प्रयोग गर्ने र शिक्षकहरूलाई त्रसित पार्ने, कर तोक्ने वा लगाउने र हिंसाको प्रयोग गर्ने गरेबाट सशस्त्र द्वन्द्वले अवस्थालाई निकै भयावह बनाएको छ। आफ्ना समुदायबाट बालबालिकाको विस्थापन, बालिकाहरूसमक्ष बालविवाह गर्नुपर्ने बाध्यता (तल लैंगिक हिंसा हेर्नुहोस्) तथा हिंसाको डरले बालबालिकाले स्कूल छोडेका कारणले पनि उपस्थिति दर घटिरहेको छ। जिल्ला सदरमुकामका थुप्रै स्कूलहरू गाउँबाट विस्थापित भएर आएकाहरूले खचाखच भरिएका छन् भने ग्रामीण क्षेत्रका स्कूलहरूमा त्रास, असुरक्षा र विस्थापनका कारण विद्यार्थी र शिक्षकहरूको उपस्थिति न्यून छ।

समुदायमा हुने हिंसा र असुरक्षा देखिसकेपछि वा सोबारे थाहा पाइसकेपछि बालबालिका र शिक्षकमा मनोवैज्ञानिक तथा भावनात्मक असर परेका कारण अध्ययनका लागि ध्यान र उर्जा कम हुन जान्छ। चिल्ड्रेन इन कन्फ्लिक्ट अध्ययनका लागि २००२ मा ग्रामीण तथा बर्दिया एवं नुवाकोटजस्ता द्वन्द्व प्रभावित क्षेत्रका विद्यार्थीहरूसँग गरिएको अन्तर्वार्तामा उनीहरूले आफू हिंसा वा दोहोरो भिडन्तको त्रासले स्कूल जान आउनसमेत डर लाग्ने गरेको बताए। उनीहरू प्रायः स्कूलहरूमा आक्रमण भएको लगत्तै डरले कक्षामा जान नसकिएका उदाहरण दिन्छन्। केही विद्यार्थीहरू अतिरिक्त क्रियाकलापमा भाग लिनसमेत डराउँछन् अथवा तिनका अभिभावकहरूले त्यसो गर्न निषेध गरी शारीरिक विकासमा बाधा अड्चन गर्छन्।

विश्वव्यापी आइडीपी परियोजनाका अनुसार, सन् १९९६ मा सशस्त्र द्वन्द्व सुरु भएयता सयौं स्कूलहरू बन्द हुँदा कम्तीमा १,००,००० विद्यार्थीहरू प्रभावित भएको अनुमान छ।

## विद्यालय बन्द तथा विद्यार्थीहरूको न्यून उपस्थिति

माओवादीहरूले नेपाली पूर्वाधारलाई अवरुद्ध गर्न आयोजना गर्ने बन्दका कारण वस्तुतः सारा देश वा कुनै एक क्षेत्र एकै समयमा कैयन दिनसम्म बन्द हुन पुग्छ। बन्दहरूले नेपालभरिकै बालबालिकाको शैक्षिक गति र गुणस्तर दुबैलाई अवरुद्ध गर्दछन्। उदाहरणका लागि, जून २००४ मा माओवादी र माओवादी विद्यार्थी संगठनले आव्हान गरेको हड्तालले गर्दा नेपालभरि दुई साातासम्म स्कूलहरू बन्द भएका थिए।

यी अवरोधहरूले गर्दा विद्यार्थीहरूले निर्धारित दिनहरूमा जाँच दिन समेत पाएनन्। मार्च २४, २००४ मा नेशनल कोलिशन फर चिल्ड्रेन ऐज जोन्ज अव पीस (सीजेडओपी)[६] ले प्रेस विज्ञप्ति जारी गर्दै सशस्त्र द्वन्द्वमा संलग्न दुवै पक्षलाई आसन्न (आउँदो) प्रवेशिका परीक्षा (एसएलसी) निर्विघ्न सम्पन्न गर्न दिन आव्हान गरेको थियो।

---

[६] चिल्ड्रेन ऐज जोन्ज अव पीस (सीजेडओपी) बालबालिकाहरूलाई सशस्त्र द्वन्द्वबाट रक्षा गर्न संचालित एउटा राष्ट्रिय अभियान हो। सीजेडओपीका अनुसार, "कोलिशनले द्वन्द्वमा संलग्न सबै पक्षलाई बालबालिकाको बाल्यपन नखोस्न, बालबालिकालाई द्वन्द्वबाट टाढै राख्न र उनीहरूलाई लडाकू नबनाउन तथा युद्ध गतिविधिमा संलग्न नगराउन पैरवी गर्दै आएको छ। यसले बालबालिकाको शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी आपूर्ति तथा सरसफाईमा निरन्तर पहुँच, उनीहरूलाई खुश, धैर्यवान, शान्तिकामी, अहिंसावादी बालकको रूपमा हुर्कन दिन पैरवी गर्छ। थप जानकारी http://www.cwin-nepal.org/ resources/ issues/ cic/ coalition4czop.htm मा पाउन सकिन्छ।

- काठमाडौं पोष्टमा जून १७, २००४ मा प्रकाशित "बालबालिका माओवादी सेनामा" शीर्षक समाचारअनुसार फरबरी २५, २००४ मा रुकुम जिल्लाको बाफीकोटस्थित वीरेन्द्र माध्यमिक विद्यालयमा परीक्षा चल्दाचल्दै स्कूल मैदानलाई परेड, तालिम र राजनीतिक प्रशिक्षणका लागि कब्जा गरी ६५ विद्यार्थीलाई अपहरण गरे ।
- "मानसिक बढ्दो त्रासका कारण युवा र विद्यार्थीले छैमले छाडे" शीर्षक समाचारमा *कान्तिपुर*ले लेखेअनुसार, मार्च २६, २००४ मा माओवादीले गाउँका थुप्रै महिलाहरूमाथि आक्रमण गरेपछि हिंसामा परिने डरले काठमाडौं उपत्यकाको दक्षिणमा रहेको छैमलेस्थित श्री कृष्ण माध्यमिक विद्यालयको कक्षा ९ का करीब ४० विद्यार्थीहरूले परीक्षा नसकिँदै स्कूल छोडे । उक्त घटनाको धेरै महिनापछि माओवादीहरूले त्यही स्कूलबाट ५० जना विद्यार्थी र शिक्षकहरूको अपहरण गरे (तल हेर्नुहोस्) ।
- *काठमाडौं पोष्टमा* प्रकाशित "कञ्चनपुरका सबै स्कूल, क्याम्पसहरू बन्द" शीर्षक समाचारका अनुसार, अक्टूबर १३, २००४ मा माओवादी विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्वियू)-क्रान्तिकारीले थुनामा रहेका आफ्ना एक जिल्ला अध्यक्षको तत्काल रिहाइलगायतका माग राखी आव्हान गरेको अनिश्चितकालीन शैक्षिक हड्तालका कारण कञ्चनपुर जिल्लाका सबै शैक्षिक संस्थाहरू बन्द भए ।
- अक्टूबर २८, २००४ मा *nepalnews.com* मा प्रकाशित "माओवादीले अपहरणलाई तीव्र पारेपछि स्कूलहरू खाली" शीर्षक समाचारका अनुसार माओवादीहरूले अपहरणलाई व्यापक पारेपछि सुदूर पश्चिमाञ्चल क्षेत्रको डडेल्धुरा जिल्लाका सयौं विद्यार्थीहरू स्कूल जान छोडे । परिणामस्वरुप न्यून उपस्थितिका कारण जिल्लाका दुई दर्जन स्कूल बन्द हुन लागेका छन् । खासगरी दशैं विदापछि धेरै विद्यार्थीहरू स्कूल फर्केका छैनन् ।

माओवादीहरूले देशभरिका सयौं निजी स्कूलहरू जबर्जस्ती बन्द गराएका छन् । उदाहरणका लागि, विश्वव्यापी आइडीपी परियोजनाले मुख्यतया गोरखा, बाग्लुङ, स्याङ्जा, तनहूँ, दाङ र सुर्खेतका ७०० निजी स्कूलहरू बन्द भएको अनुमान गरेको छ । यसले निजी स्कूल गइरहेका बालबालिकालाई भने भीडभाडयुक्त र स्रोतको अभावले शैक्षिक गुणस्तरहीन अवस्थामा रहेका सरकारी स्कूलमा जान बाध्य पारेको छ ।

केही जिल्लाका स्कूलहरूमा अत्यधिक भीडभाडका कारण विद्यार्थीहरू कक्षा चलेका बेलामा उभिन बाध्य हुन्छन् । सरकारी स्कूलका विद्यार्थीहरूका निम्ति प्रायः कुर्सी, पुस्तक र सिकाइका अन्य आवश्यक सामग्रीको अभाव छ; सरसफाईको सुविधा अत्यन्तै खराब छ; र अत्यधिक चापमा रहेका शिक्षकहरूबाट प्रत्येक विद्यार्थीको सिकाइ वा मनोवैज्ञानिक विकासका लागि पर्याप्त सहयोग हुन सक्दैन । सप्तरी जिल्लाको एक स्थानीय संस्थाले जनाएअनुसार नयाँ भर्ना भएका एक सय विद्यार्थीले कक्षा कोठाभित्र बस्ने ठाउँ नभएकोले बाहिरै बस्नु परेको थियो । सुनसरी र उदयपुर जिल्लामा पनि यस्तै स्थिति रहेको जानकारी वाचलिष्टलाई दिइएको थियो ।

अर्को एक घटनामा, बाजुरा जिल्लाको मार्तडीस्थित उच्च माध्यमिक विद्यालयका सामग्रीहरू २००२ को प्रारम्भमै खाली गर्न स्थानीय प्रहरीले सूचना दिएको थियो । त्यसपछि शिक्षकहरूले नजिकैको एक अस्पतालको स्वामित्वमा रहेको जर्जर अवस्थाको भवनमा कक्षा सारेका थिए, जुन भत्किनै लागेको थियो । साप्ताहिक प्रकाशन *नेपाल*को अगष्ट १५, २००४ को "सुरक्षाकर्मी स्कूलमा र विद्यार्थी अस्पतालमा" शीर्षक समाचारमा लेखिएअनुसार, त्यसपछि विद्यार्थीहरूले चिसो भुइँमा बसेर पढ्नु परेका कारण उनीहरूको स्वास्थ्य बिग्रदै गयो । स्कूलका प्रधानाध्यापकले जानकारी गराएअनुसार विद्यालय प्रशासन भने अर्थ मन्त्रालयले स्थिति सुधारका लागि दिने भनिएको सहयोगको अगस्त २००४ सम्म प्रतिक्षा नै गरिरहेको थियो ।

सरकारी स्कूलहरूमा यस्तो अवस्थालाई सामना गर्न कोषको टड्कारो अभाव भए पनि न त सरकार न त माओवादीहरूले नै मद्दत गरेका छन् । कैलालीजस्ता केही जिल्लाहरूमा माओवादीहरूले स्कूलमा शुल्क तिर्न निषेध गरेको यथार्थ पनि छ, जब कि शिक्षकको तलब र विद्यार्थीहरूका लागि स्कूल खोलिरहन शुल्क नलिई हुन्न । *समाचारपत्र*मा मई ११, २००४ मा प्रकाशित "शुल्क बुझाउन निषेध गर्दा २,००,००० विद्यार्थीको पढाइ प्रभावित हुन सक्ने" शीर्षक समाचारअनुसार, कैलालीमा स्कूलको शुल्क बुझाउन निषेध गरिएपछि १,८०० भन्दा बढी शिक्षकले आफ्नो रोजगारी गुमाउने र सयौं स्कूल बन्द हुने भएकाले जिल्लाका लगभग २,००,००० विद्यार्थीहरूलाई प्रभाव पर्ने भएको छ ।

## विद्यालयहरूमा आक्रमण

जेनेभा महासन्धि १९७७ को सन्धिपत्र १, धारा ५२ ले सशस्त्र द्वन्द्वका बेला स्कूलहरूमा आक्रमण गर्न निषेध गरेको छ । तर, माओवादी र सरकारी सुरक्षा फौज दुवैले नेपालका स्कूलहरूमा आक्रमण गरिरहेका छन् ।

सितम्बर १२, २००४ मा गोरखा जिल्लाको पृथ्वी नगरपालिकास्थित सेन्ट जोसेफ्स स्कूल भवनमा शंकास्पद सशस्त्र माओवादीहरूले बम आक्रमण गर्दा स्कूल भवन र दर्जनभन्दा बढी कम्प्यूटर लगायका शैक्षिक सामग्रीहरू क्षतिग्रस्त भएका थिए। घटनाबाट कोही पनि घाइते (हताहत) भएन। सितम्बर १३, २००४ मा nepalnews.com मा प्रकाशित "माओवादीहरूद्वारा गोरखामा ईसाई स्कूलमा आक्रमण" नामक समाचारअनुसार, माओवादीहरूले स्कूलको एउटा कम्प्यूटरसमेत लुटे र आक्रमणपछि स्कूल बन्द भयो।

"नेपालमा भारतीयहरूद्वारा संचालित स्कूलमा बम आक्रमण" शीर्षकको *बीबीसी* समाचारलगायतका सञ्चार स्रोतहरूका अनुसार, जून ९, २००४ मा भारतीयहरूद्वारा काठमाडौंमा संचालित मोडर्न इन्डियन स्कूलनामक निजी स्कूल माओवादीहरूले आव्हान गरेको चार दिने बन्दका क्रममा पनि खुला भएपछि शंकास्पद माओवादीहरूले सो स्कूलमाथि आक्रमण गरे। एकाबिहानै स्कूल खाली भएको मौका पारेर आएका बन्दूकधारीहरूले स्कूलका पालेलाई पेस्तोल ताके, सातवटा स्कूलबसमा पेट्रोलियम पदार्थ खन्याएर हाते बम प्रहार गरी ध्वस्त पारे। उनीहरूले स्कूलभित्र रहेका थुप्रै कम्प्यूटरहरू पनि फुटाइदिए। आक्रमणमा कोही पनि घाइते (हताहत) भएन।

अप्रिल २००४ मा अछाम जिल्लाको बिनायक गाउँस्थित विद्या मन्दिर उच्च माध्यमिक विद्यालयको प्राङ्गणमा भएको चर्चित घटनामा हेलिकोप्टरबाट आक्रमण गर्दा ६ व्यक्ति मारिए र अरु गम्भीर घाइते भए। *हिमालयन न्यूज सर्भिस*ले दिएको "भीडन्तपछि स्कूल बन्द" शीर्षक समाचारका अनुसार, सरकारले स्कूल हातामा भइरहेको माओवादी सभामा हेलिकोप्टरमा जडित बन्दूकले आक्रमण गर्दा थुप्रै बालबालिका मारिए र घाइते भए भने अन्य विद्यार्थीहरू उक्त त्रासदीपूर्ण हिंसा र मृत्यु हेर्न बाध्य भए। घटनापछि विद्या मन्दिर उच्च माध्यमिक विद्यालय (विनायक), अन्नपूर्णा उच्च माध्यमिक विद्यालय (कालागाउँ), पशुपति माध्यमिक विद्यालय (चाल्सा) र नाना माध्यमिक विद्यालय (बाराला)लगायत त्यस क्षेत्रका अनेक स्कूलहरू थुप्रै दिनसम्म बन्द रहेका थिए।

फरवरी २०, २००३ को काठमाडौं पोष्टको "माओवादीहरूद्वारा बाग्लुङ घटनाबारे क्षमायाचना" शीर्षक समाचारमा जनाइएअनुसार, फरवरी १८, २००३ मा बाग्लुङ जिल्लाको प्रभा माध्यमिक विद्यालयमा दुई विद्यार्थी मारिए र एक अन्य घाइते भए। माओवादीहरूले विद्यार्थीहरूलाई कसरी बन्दूक चलाउने भनी निर्देशन दिइरहेका र "गोली चलाउने अभ्यास" गराइरहेका बेला उक्त घटना भएको स्थानीय प्रत्यक्षदर्शीहरूले जनाएका छन्। पछि माओवादीहरूले विद्यार्थीका अभिभावकहरूलाई गल्तीले बन्दूकको घोडा दबिन जाँदा घटना भएको भनी क्षमायाचनाको विज्ञप्ति जारी गरेका थिए। उक्त अभ्यास स्कूल मैदानमै भइरहेको थियो।

*चिल्ड्रेन इन कन्फ्लिक्ट* अध्ययनका अनुसार, सन् २००२ मा सिरहा जिल्लाको चैनपुरस्थित महावीर माध्यमिक विद्यालयमा स्कूलको समयमा माओवादी र सुरक्षा फौजबीच भएको भीडन्तले स्कूल र आसपासको समुदायमा भय र त्रासको वातावरण सिर्जना गरेको थियो। परिणामस्वरुप १० दिनसम्म स्कूल बन्द भयो र स्कूल खुलेपछि पनि धेरै बालबालिकाहरू स्कूल जान डराएका थिए। घटनाका बेला र पछि केही शिक्षकहरूलाई गिरफ्तार र अपहरण गरिएको हुनाले कक्षाहरू सुचारु हुन सकेनन्।

माओवादीहरूले पनि स्कूलहरूलाई ब्यारेकको रुपमा प्रयोग गर्छन्। उनीहरू आफ्ना उद्देश्य र कार्यक्रमका लागि कक्षा स्थगित गराउँन र स्कूलका टेबुल, बेञ्च र डेस्कजस्ता फर्निचरहरू प्रयोग गर्न सक्छन्। मई १०, २००४ मा प्रकाशित *राजधानी* दैनिकको "स्कूले बालबालिका युद्ध अभ्यासमा" समाचारमा कालिकोट जिल्लाको एक स्कूलका पूर्व शिक्षकले आफ्नो अन्तर्वातामा स्कूलमा शिक्षा होइन बालबालिकालाई जनसेनाको तालिम दिइने गरेको बताए। अक्टूबर २९, २००४ मा *कान्तिपुरले* प्रकाशित गरेको "माओवादीले अछामका स्कूलहरूमा सुरुङ खने" समाचारमा सुरक्षा फौजको सम्भावित आक्रमणलाई परास्त गर्ने उद्देश्यले माओवादीहरूले जिल्लाका ५८ स्कूलमध्ये धेरैमा (२०० मिटर लामा र ३ मिटर गहिरा) सुरुङहरू खनेको उल्लेख छ। समाचारका अनुसार, माओवादीहरूले विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई जबर्जस्ती सो सुरुङहरू खन्ने काममा भाग लिन कर गरेका थिए।

स्थानीय स्रोतका अनुसार, शाही नेपाली सेनाले पनि आफूलाई चाहिएको भनी रुकुम जिल्लाको खलङ्गास्थित त्रिभुवन पब्लिक माध्यामिक विद्यालयजस्ता स्कूलहरू कब्जा गर्ने गरेको छ। दुर्गम पहाडी क्षेत्रमा स्कूलहरू प्रायः डाँडाका टुप्पामा स्थित छन् भने तिनका कोठाहरू ठूला र खेल मैदानहरू फराकिला तथा खुला हुन्छन्। सेनाले स्कूल वरिपरि काँडेतारले घेरेर कक्षा कोठालाई ब्यारेकमा परिणत गर्न सक्छ। कहिलेकाहीं कक्षाहरू ब्यारेकभित्रै पनि संचालित हुन्छन्। त्रिभुवन स्कूलका एक शिक्षकले नेपालमा काम गरिरहेको एक गैससलाई दिएको जानकारीअनुसार शिक्षकहरूको आग्रहका बाबजूद

सेनाहरू सरासर कक्षा कोठामा हतियार बोकी प्रवेश गर्ने भएकाले विद्यार्थीहरूको ध्यान भंग हुन्छ र अधिकांश समय त्रस्त रहन्छन्।

## डोटी घटना – श्री शारदा उच्च माध्यमिक विद्यालय

अक्टूबर १३, २००३ मा सरकारी सुरक्षा फौजद्वारा माओवादीहरूसँग डोटी जिल्लाको मुडबरा गाविस-१ स्थित श्री शारदा उच्च माध्यमिक विद्यालयमा भएको भीडन्तका क्रममा चार विद्यार्थी मारिए र पाँच घाइते भए। घटनाको क्रममा ६ माओवादीहरू पनि मारिए र अन्य घाइते भए। उक्त घटनाको समाचार प्रकाशित भएपछि राष्ट्रिय मानव अधिकार आयोगको सहयोगमा सीजेडओपीले एउटा तथ्य संकलन गर्ने टोली डोटी पठायो। सीजेडओपी टोलीले आयोगमा बुझाएको प्रतिवेदन अनुरुपको घटना विवरण तल उल्लेख गरिएको छः

अक्टूबर १३ मा शारदा उच्च माध्यमिक विद्यालयमा माओवादीको जन प्रतिरोध अभियानले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा शिक्षक र विद्यार्थीलाई जबर्जस्ती सहभागी गराइयो। माओवादीहरूलाई सुरक्षा फौजले सांस्कृतिक कार्यक्रमबारे थाहा पाइसकेको हुनाले आक्रमण गर्न सक्छ भन्ने थाहा भए पनि न त शिक्षक न त विद्यार्थी कसैलाई पनि कार्यक्रमस्थल छोड्न दिइएन, र जो भाग्न खोजेका थिए तिनलाई फेरि स्कूलमा ल्याई बसिरहन बाध्य तुल्याइयो।

कार्यक्रम चलिरहेकै बेला पोशाक र सादा पोशाक दुवैमा आएका सुरक्षाकर्मीले बन्दूक पड्काउँदै स्कूल प्रवेश गरे। केही माओवादीहरू शिक्षक र विद्यार्थीहरूसँगै कक्षा कोठामा लुक्न खोजे, र गोली चलेको बेला सुरक्षाका लागि ओत लाग्न जनता दौडिरहेका बेला माओवादीहरूले दुईजना स्कूले बालबालिकालाई पक्रेर आफूलाई जोगाउन मानव ढालका रुपमा प्रयोग गरे।

सुरक्षा फौजलाई उनीहरूको गोलीको निशानामा निशस्त्र विद्यार्थी छन् भन्ने थाहा भए पनि र केही सिपाहीले भीडन्तका क्रममा "विद्यार्थी, विद्यार्थी" भनेर चिच्याए पनि अरु सिपाहीले स्कूले पोशाकमा माओवादीहरू भाग्न खोजेको भनी बालबालिकामाथि गोली हाने। लामो समयसम्म जथाभावी गोली हानिरहेपछि स्कूलका सबै कोठाहरू खाली गरिए र बालबालिका र शिक्षकलाई हात उठाएर अर्को कोठामा गएर जम्मा हुन सुरक्षाकर्मीहरूले भने। करिब दुई घण्टापछि उनीहरूको नाम लेखेर मुक्त गरियो। थुप्रै विद्यार्थीहरूले आफ्ना कक्षाका साथी र माओवादीहरू आफ्नै आँखाअगाडि मारिएको देखेको र केहीले त स्कूल छोड्ने क्रममा लास नाघ्दै जानु परेको समेत बताए।

घटना भएको धेरै दिनपछि सीजेडओपी टीम आइपुग्यो र घटनाका बारेमा निम्न सूचना संकलन गर्‍यो। उनीहरूले स्कूलको बेञ्चमा रहेका पाँचवटा हाते बन्दूक र सकेट बम भएका झोला फेला पारे। कार्यालय कोठामा आठ र सँगै जोडिएको अर्को कोठामा चारवटा गोलीका खोका उनीहरूले प्रष्टै देखे। स्कूल क्यान्टिनको कितली धुजाधुजा भएको थियो, भान्सामा रहेका स्टीलका कपहरूमा गोलीका छर्राहरू थिए र स्कूलको छानाको एउटा हिस्सा ध्वस्त भएको थियो। सुरक्षा फौजले सात दिनपछि छानो मर्मत गरेका थिए।

उक्त घटनापछि लासहरू स्कूल मैदानमा त्यतिकै छोडिएको थियो। मृत स्कूले बालबालिकाका केही परिवारले भोलिपल्ट तिनका लास संकलन गरेका थिए। अरू लासहरू थुप्रै दिन त्यही रहँदा स्कूल क्षेत्रमा दुर्गन्ध र तनावको वातावरण उत्पन्न भएको थियो। उक्त घटनाको पाँच दिनपछि सुरक्षा फौजले लास संकलन गरी नजिकैका बारीहरूमा फ्याँकिदिए। बारीका मालिकहरूले फेरि तिनलाई स्कूल हाताभित्रै फालिदिए। घटनाको आठौं दिनमा अनुसन्धान टोली आइपुग्ने भएपछि सुरक्षाकर्मीले दुईवटा लासलाई स्कूलबाट करिब १५ मिटर टाढा गाड्नुका साथै जुन-जुन लास जहाँ-जहाँ थिए त्यही कुनै स्कूल भवनपछाडि, स्कूल हाताभित्रै स्वास्थ्य चौकीपछाडि र नजिकैको बारीमा गाडिदिए।

घटनाबाट विद्यार्थी, शिक्षक, अभिभावक र गाउँलेहरू अत्यन्तै आतंकित थिए। उनीहरू घटनाका बारेमा बोल्न, यसमा उनीहरूको नाम उल्लेख गर्न, फोटो खिच्न वा उनीहरूको अनुभवलाई अभिलेख गर्न डराएका थिए। घटनाका बेला माओवादीले स्कूले बालबालिकालाई खुकुरीले रेटेका र अरू माओवादीले बम प्रहार गर्दा मारिएका भन्ने सरकारद्वारा सार्वजनिक वक्तव्यमा कुनै आधार थिएन।

## शिक्षकहरूमाथि भएका आक्रमणहरू र तिनले भोगेका अन्य तनावहरू

नेपाल शिक्षक संगठनका अनुसार, सन् १९९६ यता १६० भन्दा बढी स्कूल शिक्षकहरू द्वन्द्वका क्रममा मारिएका छन्। शिक्षा विभागले गरेको अर्को एक अनुमानमा करिब ३,००० शिक्षक जिल्लाका स्कूलहरूबाट विस्थापित भई सुरक्षाको खोजीमा गाउँ छोडेर सदरमुकाम पुगेका छन्।

केही शिक्षकहरूमा माओवादी र सुरक्षा फौजको दवावका कारण चिन्ता र तनाव उत्पन्न गराएको छ र उनीहरूले अध्यापन र विद्यार्थीहरूको मनोसामाजिक समस्या समाधानमा आफ्नो सम्पूर्ण योग्यताको उपयोग गर्न सकेका छैनन्। उदाहरणका लागि माओवादी र सरकारी सुरक्षा फौज दुवैले शिक्षकलाई कालोसूचीमा राख्ने र तर्साउर्ने काम गर्दै आएका छन्। यस्ता सूचीमा नाम राखिएका शिक्षकहरूलाई सुरक्षा फौजले सोधपुछ गर्छ वा उनीहरूले माओवादी गतिविधिका बारेमा जिल्लास्थित सुरक्षा फौजलाई जानकारी दिनुपर्छ। दुर्भाग्यवश, सरकारी कार्यालयहरूमा शिक्षकहरूलाई देखेपछि तिनलाई माओवादीहरूले सरकारी जासूस (सुराकी) भएको आरोप लगाई आफ्नो सूचीमा राख्छन् - वा त्यस्तै स्थिति हुन आउँछ।

लमजुङ जिल्लाको दुराडाँडामा भएको एक कहालीलाग्दो घटनामा पाणिनी संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक मुक्तिनाथ अधिकारीले पढाइरहेको कक्षामा सशस्त्र माओवादीहरू प्रवेश गरी तानेर बाहिर ल्याई क्रूरतापूर्वक हत्या गरे। फरवरी १-१५, २००२ को *हिमाल*मा प्रकाशित “शिक्षकमाथि माओवादी क्रूरता, राजनीतिक पार्टीहरू मौन” शीर्षक समाचारअनुसार, सशस्त्र माओवादीहरूले उनलाई पिटे, उनका हात र खुट्टा बाँधे, नजिकैको पहाडसम्म घिसारेर लगे, उनको घाँटीमा गल्बन्दीले बेरेर झुण्ड्याए, उनको काँध र पेटमा खुकुरीले हाने र टाउकोमा गोली हाने। मुक्तिनाथ अधिकारीलाई उनको कक्षा कोठाबाट तानेर लगेपछि विद्यार्थीहरूलाई स्कूल हाताबाट लगेर उनी सरकारी जासूस भएको, माओवादीहरूले भनेअनुसार दशैंमा शिक्षकहरूबाट रकम संकलन गरी नबुझाएको र माओवादीहरूले निषेध गर्दागर्दै संस्कृत स्कूल संचालन गरेको भन्ने भाषण सुन्न वाध्य पारे। समाचारमा जनाइए अनुसार, माओवादीले आफ्नो सूचीमा भएका सात हत्या गर्नुपर्ने व्यक्तिहरुमा उनीहरूका प्रधानाध्यापक सबैभन्दा पहिलो व्यक्ति भएको विद्यार्थीलाई बताएका थिए।

*चिल्ड्रेन इन कन्फ्लिक्ट* नामक अध्ययनले शंकास्पद माओवादीहरूलाई सहयोग गरेको आशंकामा वा माओवादी गतिविधिसम्बन्धी जानकारी लिने उद्देश्यले सरकारी सुरक्षा फौजले शिक्षकहरूलाई हिरासतमा लिएर सोधपुछ गर्दा यातना दिने गरेको वर्णन गरेको छ। मई २००४ को *समय राष्ट्रिय साप्ताहिक*मा प्रकाशित “जीवनदेखि त्रसित” समाचारमा उल्लिखित एक घटनाका अनुसार, शिक्षक एवं १२ वर्षे स्कूले विद्यार्थीका बाबु कमल दाहाललाई सरकारी सुरक्षा सुरक्षाले माओवादीमा लागेको आरोपमा आफ्नै छोरीका अघिल्तिर हत्या गरे।

त्यसैगरी, माओवादीहरूले आफ्ना गतिविधिहरूमा सहयोग गर्न शिक्षकहरू र तिनका परिवारको पालनपोषणलाई नै अप्ठ्यारो पर्ने गरी प्रत्येक महिनाको आफ्नो तलबबाट “चन्दा” दिन धम्क्याउने र वाध्य पार्न सक्छन्। स्थानीय स्रोतहरूका अनुसार, माओवादीहरूको जबर्जस्ती “चन्दा” अधिराज्यभरिका शिक्षकहरूले तिर्दै आएका छन्। एउटा समाचारमा “चन्दा” तलबको करिब १० प्रतिशत हुने गरेको लेखिएको छ। तर, जुलाई २६, २००४मा *कान्तिपुर*मा प्रकाशित “तलब माओवादीलाई, परिवारलाई खाली हात” शीर्षक समाचारका अनुसार उक्त दर स्थानीय माओवादी नेताहरूको स्वेच्छा वा तजबीजमाथि भर पर्छ।

एक अर्को उदाहरणमा, जून २००४ को *स्पेस टाइम्स दैनिकमा प्रकाशित* “माओवादीले शिक्षकलाई कम्ब्याट ड्रेस लगाउन वाध्य पारे” भन्ने लेखमा जुम्लाका शिक्षकहरूलाई माओवादीहरूले सैनिक पोशाक लगाउन र आफ्नो तलबको सम्पूर्ण रकम माओवादी पार्टीलाई दिन वाध्य पारेको उल्लेख छ।

नोभेम्बर २००३ मा राष्ट्रिय मानव अधिकार आयोगको नेतृत्वमा विभिन्न बाल अधिकारसम्बन्धी संस्थाहरू सम्मिलित एक टोलीले नेपालका सबैभन्दा दुर्गम र गरिब जिल्लाहरू बाजुरा र अछामको भ्रमण गरेका थिए। उक्त टोली सेभ द चिल्ड्रेन-नर्वेको अनुरोधमा यी दुई जिल्लाका सबैजसो स्कूल बन्द भएको जानकारी एक स्थानीय स्रोतबाट थाहा पाएपछि बनाइएको थियो। टोलीको रिपोर्टअनुसार, सशस्त्र द्वन्द्वबाट सिर्जित तनावपूर्ण स्थितिका कारण ७० प्रतिशतभन्दा बढी स्कूल बन्द भएका थिए।

माओवादी र सुरक्षा फौज दुवैले शिक्षक र स्कूलका कर्मचारीहरूलाई शारीरिक र मानसिक दुवैथरी यातना दिएको कुरासमेत टोलीले पाएको थियो। माओवादीहरूले शिक्षकहरूलाई आफ्नो तलबको १०-२५ प्रतिशत “चन्दा” एकमुष्ट तिर्ने गरी तोकेका थिए। दशैंका बेला चार महिनाको तलब र आफ्नो दशैं खर्च लिन सदरमुकाम गएका शिक्षकहरू गाउँ फर्कन

डराए। उनीहरूले माओवादीहरूलाई "चन्दा" दिंदा सुरक्षा फौजले उनीहरूलाई माओवादी भएको आरोपमा कारवाही गर्न सक्थ्यो भने नदिंदा माओवादीहरूको धम्की र आक्रमणको शिकार हुनु पर्थ्यो। यसका साथै सुरक्षा फौजले शिक्षकहरूलाई या त "माओवादीसँग बस्न या त सुरक्षा फौजसँग बस्न पर्ने" भनेका थिए। परिणामस्वबारुदरुप शिक्षकहरू जिल्ला सदरमुकाममै अल्मलिएका कारण गाउँका ७० प्रतिशतभन्दा बढी स्कूलहरू बन्द हुन बाध्य भएका थिए।

## विद्यार्थी तथा शिक्षकहरूको अपहरण

नेपालबाट निरन्तर प्रकाशित हुने समाचार विवरणहरूले माओवादीले नियमितरुपमा कहिलेकाहीं स्कूल हाताबाटै समेत हजारौं स्कूले विद्यार्थी र शिक्षकहरूलाई अपहरण गर्दै आएको तथ्य प्रष्टयाउँछन्। सामान्यतः अपहरितहरूलाई राजनीतिक प्रशिक्षण, "सांस्कृतिक" कार्यक्रम, कम्युनिष्ट गतिविधि, "क्रान्तिकारी" शिक्षा तथा लामो दूरीसम्म पैदल हिंड्ने अभियान (लङ मार्च)मा जबर्जस्ती सहभागी गराई केही दिनपछि मुक्त गर्ने गरिएको छ। तर सँधै यस्तो स्थिति हुँदैन किनभने केही अपहरित व्यक्तिहरू माओवादी गतिविधिमै समाहित हुने र घर नफर्कने गरेको समेत आशंका गरिन्छ। (तल बाल सिपाही हेर्नुहोस्।) अप्रिल २००४ मा माओवादीहरूले "एक स्कूल एक असल जनसेना"को नारा प्रयोग गरेको हल्ला चलेको थियो। सीजेडओपीका अनुसार, सेप्टेम्बर २००४ मा सबैभन्दा बढी करिब ४,००० विद्यार्थीलाई अपरहण गरिएको थियो।

नेपालका सञ्चार माध्यमहरूले दैनिकजसो लाखौं विद्यार्थी तथा शिक्षक र अन्य नागरिकहरूको अपरहण तथा रिहाइ हुने गरेको समाचार प्रकाशित गर्छन्। तल केही खासखालका उदाहरण दिइएका छन्:

**अक्टूबर २८, २००४** मा nepalnews.com ले दशैं विदाका बेला १५० युवाहरू बाग्लुङमा अपहरणमा परेको समाचार "विद्रोहीहरूद्वारा बाग्लुङमा सयौं युवाको 'अपहरण'" शीर्षकअन्तरगत दिएको थियो।

**जुलाई २६, २००४** मा कान्तिपुरले सुदूर पश्चिमाञ्चलका डडेल्धुरा र डोटी जिल्लाबाट एक महिनामा २०० शिक्षक र विद्यार्थीहरू अपहरणमा परेको लेख्यो। उक्त लेखको शीर्षक "एक महिनामा २०० शिक्षक र विद्यार्थीको अपहरण" थियो।

**जुलाई १८, २००४** मा हिमालयन टाइम्सले काठमाडौं उपत्यकाको छैमले गाविसका श्री कृष्ण माध्यमिक विद्यालय र पञ्च कन्या प्राथमिक स्कूलका ४० विद्यार्थी र १४ शिक्षकहरूलाई अपहरण गरेको समाचार दियो जसको शीर्षक थियो: "उपत्यकाबाट १४ शिक्षक, ४० विद्यार्थी अपहरित"।

२००४ को एक महिनाका उल्लेख्य उदाहरणहरू (nepalnews.com) निम्नानुसार छन्:

**जून ४, २००४** : माओवादीहरूले ५७८ शिक्षक संख्या मात्र भएको उदयपुर जिल्लाका ३० गाउँबाट ५०० शिक्षकहरू अपहरण गरे।

**जून ८, २००४** : माओवादीहरूले सिन्धुली जिल्लाका विभिन्न गाउँका १७ स्कूलबाट २०० शिक्षकहरूको अपहरण गरे। विद्यार्थीहरूलाई चार दिनपछिसम्म स्कूल नजान भनिएको थियो।

**जून ८, २००४** : माओवादीहरूले जाजरकोट जिल्लाका विभिन्न गाउँका ७६ वटा स्कूलका करिब ५०० शिक्षक र विद्यार्थीहरूलाई दुई सातापछि फिर्ता गर्ने आश्वासन दिंदै अपहरण गरे।

मध्य-पश्चिमाञ्चल क्षेत्रस्थित स्थानीय स्रोतहरूले वाचलिष्टलाई दिएको रिपोर्टमा समेत यस्तो स्थिति झल्किन्छ। सन् २००० को आरम्भतिर स्थानीय स्रोतहरूले संकलन गरेका माओवादी अपहरणका घटनाहरू तल दिइएका छन्:

**जनवरी २९, २००४** : अछाम जिल्लाबाट १४० विद्यार्थी अपहरित

**फरवरी २, २००४** : अछाम जिल्लाभरिमा ६५ विद्यार्थीको अपहरण

**फरवरी ११, २००४** : अछाम जिल्लाको भैसवाले क्षेत्रका ७०० व्यक्ति, मुख्यगरी शिक्षक र विद्यार्थीहरूको अपहरण

**फरवरी २१, २००४** : रोल्पा जिल्लाको होलेरी गाउँका ३०० विद्यार्थी र ६ शिक्षकको अपहरण

**फरवरी २३, २००४** : अछाम जिल्लाका ठाँटी, षोड्सा, विन्ध्यवासिनी, कुश्कोट, रिशिदाहालगायतका पाँच भिन्न गाविसका कम्तिमा २०० व्यक्ति खासगरी विद्यार्थी र शिक्षकहरूको अपहरण

**फरवरी २४, २००४** : कैलाली जिल्लाको सुगारखालका ४४ शिक्षक, अछाम जिल्लाको दिगोमाण्डू क्षेत्रका ६ बालिका र नवलपरासी जिल्लाका ६ विद्यार्थीको अपहरण

**फरवरी २५, २००४** : रूकुम जिल्लाको वीरेन्द्रनगरबाट कम्तिमा ६० विद्यार्थीको अपहरण

**मार्च १०, २००४** : म्याग्दी जिल्लाको चिमखोला गाविसबाट १४ विद्यार्थीको अपहरण

**मार्च १२, २००४** : डडेल्धुराको जोगबुढा क्षेत्रबाट विभिन्न घटनामा ४२ शिक्षकसहित कम्तिमा ५६ व्यक्तिको अपहरण

**मार्च १३, २००४** : डडेल्धुरा जिल्लामा ३५ शिक्षकसहित ५४ व्यक्ति र बाग्लुङ जिल्लामा १९ विद्यार्थीको अपहरण

# लैंगिक हिंसा (जीबीभी)

नेपालमा १८ वर्षमुनिका बालिकाहरू विरूद्धको लैंगिक हिंसाका सम्बन्धमा व्यवस्थित जानकारी ज्यादै थोरै मात्र पाइन्छ। एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदन *नेपालः स्पिरलिंग ह्युमन राइट्स क्राइसिस,* २००२ का अनुसार, "सांस्कृतिक तथा धार्मिक सन्दर्भमा बलात्कार पीडित महिलाहरूले सामाजिक तिरस्कार र लज्जाको सामना गर्नु पर्ने भएकोले बलात्कारका धेरै मुद्दाहरू दर्ता नै हुँदैनन्। औ, दण्डहीनताको वातावरणको अर्थ पीडितले मुद्दा दर्ता गरे पनि पीडकले पाउने सजाय ज्यादै कम हुने वा कुनै कारवाही नै नहुने ठानेर पैदा भएको हुनसक्छ।" नेपालमा साक्षी र पीडितको संरक्षणसम्बन्धी कानूनी र सामाजिक नीतिहरूको अभाव भएकाले लैंगिक हिंसाबाट बाँचेका धेरै मानिसहरू मौन रहन चाहन्छन्।

तर वाचलिस्टलाई प्राप्त वास्तविक रिपोर्ट तथा पत्रपत्रिकामा प्रकाशित खबरहरूले सुरक्षा फौज तथा माओवादीहरूबाट बालिकाहरू विरूद्ध यौनजन्य हिंसा भइरहेको देखिएको छ। साथै एम्नेष्टी इन्टरनेशनलले सुरक्षा फौजले महिला र बालिकाहरूमाथि बलात्कार गरी गोली हानी हत्या गर्नुजस्ता हिंसाका व्यापक घटनाहरूलाई अगाडि ल्याएको छ।

नेपालको एक प्रमुख गैरसरकारी संस्था ऐडभोकेसी फोरमले गरेको अभिलेखअनुसार, फरबरी १२, २००४ मा काभ्रे जिल्लाको पोखरीचौरी गाविसकी १८ वर्षीया निरस्त्र किशोरी रीना रसाइलीको सादा पोशाकमा पुगेका सेनाका अधिकृतहरूले बलात्कार गरी गोली ठोकेर हत्या गरे। सोही रात उक्त गाउँकी अर्की बालिका सुभद्रा चौलागाई र बालक तासी लामाको पनि गोली हानी हत्या गरियो (*सुरक्षा फौजद्वारा काभ्रे खरेलथोक गाविस-६ की १५ वर्षीया बालिकाको गैरकानूनी गिरफ्तारी, थुना र बेपत्ता पारिएको घटना, अनुसूची १, सुरक्षा फौजद्वारा काभ्रे जिल्ला पोखरीचौरी-४ मा दुई किशोरीको गैरन्यायिक हत्या,* फरबरी १९, २००४)। (यस मुद्दासम्बन्धी थप जानकारीका लागि तल दिइएको गैरन्यायिक थुना हेर्नुहोस्।)

घटनाको लगत्तै ऐडभोकेसी फोरमले कानून व्यवसायी र मानव अधिकार विशेषज्ञहरूको एक टोलीका साथमा घटनास्थलको भ्रमण गर्‍यो। टोलीको प्रतिवेदनअनुसार, रीना रसाइलीको लास उनको पारिवारिक घरको छेउमा फेला परेको थियो। उनका शरीरबाट उतारिएका भित्री कपडामा थुप्रै रगतका टाटा (दाग)हरू देखिएका थिए। उनको टाउको, छाती र आँखामा गोलीका निशाना थिए। मृत्युभन्दा करिब पाँच घण्टाअघि उनलाई पक्री एक गोठमा राखिएको थियो। त्यतिखेर उनको परिवारका सदस्यले तिनी चिच्याएको आवाज सुनेका थिए, तर उनीहरूलाई त्यहाँ जान दिइएन।

*समाचारपत्र*मा दिसम्बर ३१, २००४ मा प्रकाशित "सशस्त्र प्रहरीद्वारा १६ वर्षीयाको बलात्कार" शीर्षकमा लेखिएको एक घटनानुसार, सादा पोशाकमा आएका खासकुश्मा आधार शिविरका दुई प्रहरी, हीरामणि खत्री र किनेश केसीले आफूलाई माओवादी बताउँदै बाँके जिल्लाको बैजापुर गाविसको बैसागाउँस्थित सरस्वती माध्यामिक विद्यालयकी ८ कक्षाकी एक १६ वर्षीया छात्रालाई यातना दिए र बलात्कार गरे। समाचारका अनुसार, एउटा विवाह समारोहमा गएर घर फर्किरहेकी ती बालिकालाई प्रहरीहरूले पक्रे। प्रत्यक्षदर्शीहरूले बताएअनुसार उनले आफू माओवादी होइन भनेर अनुनय विनय गरिन्। तथापि उनीहरूले तिनलाई राप्ती नदीको किनारामा लगे र दुई घण्टासम्म बलात्कार गरे। स्थानीय वासिन्दाहरूले घटनाको बारेमा कतै बोलेमा गाउँ नै बमले उडाइदिने धम्की दिनुका साथै उनीहरूलाई शहरमा तिनको उपचार गर्न लैजान पनि प्रतिबन्ध लगाए। सानो निजी क्लिनिकमा उनको सामान्य उपचार भयो।

दुई सातापछि अन्ततः उक्त घटना सार्वजनिक जानकारी भयो र राष्ट्रिय मानव अधिकार आयोगले गरेको अनुसन्धानको परिणामस्वरूप ती दुई पीडकलाई कोर्ट मार्सल हुनुका साथै जागिरबाट निष्कासन गरियो। बालिकाकी दिदीसँग लिइएको एक अन्तर्वार्ताका अनुसार, त्यस आक्रमणपछि ती बालिकामा मनोसामाजिक तथा शारीरिक विक्षिप्तता देखा पर्‍यो।

सन् २००२ मा एम्नेष्टी इन्टरनेशनलले निम्न अनुसारको लैंगिकतामा आधारित हिंसाको घटनालाई अभिलेख गरेको छ (एइ, अनुसूची एएसए ३१/०७२/२००२): घटना अप्रिल ३, २००२ मा सुरू भयो, करिब १५ सैनिक जवान मसजित मनियारलाई खोज्न मनियार परिवारको घरमा आइपुगे, जसलाई सेनाले गिरफ्तार, यातना दिएपछि ठूलो रकम घूस तिराएर मुक्त

गरेपछि उनी भारततिर भागेका थिए। सेना उनको परिवारमा आउँदा उनी त्यहाँ नभएको थाहा पाएपछि उनको सट्टामा उनकी १६ वर्षीया भतिजी तरन्नुम मनियार र १८ वर्षीया छोरी तबस्सुम मनियारलाई लग्यो। ती बालिकाहरूले लुक्न खोज्दा पनि पक्रेर लग्यो।

सेनाले ती बालिकाहरूलाई चिसापानी ब्यारेकमा लिएर गयो र "मसजित भागेको" हुनाले उनीहरूलाई ल्याएको कुरा निरन्तर बतायो। बालिकाहरूलाई सेनाले भवनको कौंसीमाथि सुत्न भन्यो र भोलिपल्ट उनीहरूलाई एउटा कोठामा थुनेर राख्यो। अन्ततः तरन्नुमलाई क्याप्टेन रमेश स्वाँरको कोठामा लगियो र त्यही उनको बलात्कार भयो भनिन्छ। यो घटना भइरहँदा, तबस्सुमलाई "साहेब" भनिने अर्का अधिकृतकहाँ लगेर बलात्कार गरिएको बुझिन्छ। तरन्नुमलाई त्यस रात क्याप्टेन स्वाँरले निरन्तर बलात्कार गरेकाले ज्यादै रगत आउन थाल्यो। ती बालिकाहरूलाई यो मसजितसँग बदला लिइएको हो भनियो र उनीहरूलाई भएको यो घटना कसैलाई पनि नभन्न धम्की दिइयो। भोलिपल्ट ती बालिकाहरूलाई नेपालगञ्जमा चिकित्सककहाँ लगियो, औषधि लेखिदिएपछि मुक्त गरियो।

घटना विवरण उल्लेख गरी एम्नेष्टीको जरूरी ध्यानाकर्षण (एइ, अनुसूची एएसए ३१/००१/२००३) जारी भएको चार दिनपछि, दिसम्बर २४, २००२ मा सेनाका जवान मनियार परिवारमा गए र टेलिभिजन क्यामेराहरूकै अगाडि बालिकाहरूले लगाएको बलात्कारको आरोप खण्डन गर्न लगाए। राष्ट्रिय टेलिभिजनले उक्त फुटेज (समाचार चित्र) लगातार प्रसारण गरेको थियो। दिसम्बर ३१, २००३ मा तबस्सुम मनियार, उनकी आमा र उनका काकालाई स्थानीय नेता र पत्रकारहरूको एउटा भेलामा जबर्जस्ती उपस्थित हुन लगाइयो, जहाँ उनीहरूले सेनाका जवानले गरेको बलात्कार र यातनासम्बन्धी पूर्व अभिव्यक्तिहरूलाई अस्वीकार गरे। भोलिपल्ट स्थानीय सञ्चार माध्यमहरूले उनीहरूले सो अस्वीकार गरेका कुरा प्रकाशित गरे।

नेपालमा महिला र बालिकाहरूविरूद्धको लैंगिक हिंसामा माओवादीहरू जिम्मेवार रहेको आम विश्वासका बावजूद माओवादीहरूले महिला र बालिकाहरूविरूद्ध गरेका बलात्कार र यौन हिंसाका अन्य स्वरूपहरूको बारेमा थोरै घटनाहरूको अभिलेख गरिएको छ। मई ३०, २००४ मा नेपालमा प्रकाशित "आदिवासी गाउँमा माओवादीविरूद्ध प्रतिशोध" एक समाचार-लेखमा माओवादी सेनाले खाना खाने र बास बस्ने ठाउँका महिला र बालिकाहरूलाई निरन्तर बलात्कार गरेको उल्लेख छ। उक्त लेखमा मोरङ जिल्लाको झाडा गाउँकी एक युवा महिलाको घटनासमेत उल्लेखित छ, जसले माओवादीहरू तिनको घरमा आई परिवारलाई भात र खसीको मासु पकाउन लगाएको बयान दिइन्। साँझमा उनीहरू फर्केर आएपछि फेरि थप भात र मासु पकाउन अनुरोध गरे। परिवारले अस्वीकार गर्दा माओवादीहरूले बालिकाकी आमा र उनकी दिदीलाई बलात्कार गरे।

स्थानीय स्रोतहरूले वाचलिष्टलाई बताएअनुसार महिला तथा बालिकाहरू माओवादी वा सुरक्षा फौजद्वारा अपहरित वा बलात्कृत हुँदा (वा तिनलाई बलात्कृत भएको आरोप लाग्दा), तिनीहरूले प्रायः शारीरिक समस्या तथा गाउँमा फर्केपछि उपेक्षापूर्ण व्यवहारको सामना गर्नुपर्ने स्थिति रहेको छ।

## बाल विवाह

सशस्त्र द्वन्द्वको परिणामस्वरूप नेपालमा बालविवाहको प्रचलन आम हुन थालेको कुरा भरपर्दा स्थानीय स्रोतहरूले वाचलिष्टलाई बतायो। नेपालस्थित स्रोतहरूका अनुसार, माओवादीहरूले कुनै बालिकालाई केही दिनकै लागि मात्र भए पनि राजनीतिक प्रशिक्षणका लागि भनेर अपहरण गरे भने उनका लागि विवाहको प्रस्ताव आउँदैन। परिणामस्वरूप, यो स्थिति आउन नदिन केही अभिभावकहरूले आफ्ना छोरीहरूलाई स्कूलबाट झिकेर कलिलै उमेरमा विवाह गरिदिन थालेको *कान्तिपुर*मा जुलाई १७, २००४ मा प्रकाशित "ग्रामीण बालिकाहरूको भविष्यः बढ्दो बालविवाह" शीर्षक समाचारमा उल्लेख छ।

# बेचविखन तथा शोषण

## मानव बेचबिखन

भारत र अन्य देशहरू चीन, भूटान, साउदी अरब, मलेसिया, संयुक्त अरब इमिरेट्सका साथै अन्यत्र मुलुकमा महिला र बालिकाहरूको बेचबिखन नेपालको दीर्घकालिन समस्या हो। सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताले उक्त स्थिति झन बिग्रेको पछिल्ला घटनाक्रमहरूले देखाएको छ। उदाहरणका लागि तस्करहरूले पहिले महिला र बालिकाहरूको खोजीमा उनीहरूकै समुदायमा पुग्नु पर्थ्यो भने अहिले सशस्त्र द्वन्द्वका कारण उनीहरूले आफ्ना समुदाय छोड्दा शहरी केन्द्रहरूमा यी महिला र बालिकाहरूलाई सजिलै फेला पार्न सक्छन्। बेचबिखन कार्य रोकथाम र रोकथाम गृह तथा ट्रान्जिट केन्द्रहरू संचालन गर्दै आएको नेपाली संस्था माइती नेपालको अनुमानअनुसार सन् २००४ मा भारत जाने महिला र बालिकाहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ। उक्त जानकारी माइती नेपालले रूपन्देही जिल्लाको भैरहवा सीमा विन्दुमा संकलन गरेको सूचनामा आधारित छ।

यस समस्याको वास्तविकता वा गहिराइ थाहा पाउन र यकीन गर्न ज्यादै गाह्रो छ। हालैका वर्षमा आम रूपमा उल्लेखित तथ्यांकअनुसार बेश्यावृत्तिका लागि ५,००० देखि १२,००० बालिकाहरूलाई वर्षेनी बलजफ्ती विदेश पुऱ्याइने गरेको छ। अन्तर्राष्ट्रिय श्रम संगठन-निकृष्ट प्रकारको बाल श्रम उन्मुलन कार्यक्रम (आइएलओ-आइपीइसी)ले निकृष्ट प्रकारको बाल श्रमका सम्बन्धमा गरेको तीव्र अध्ययनका क्रममा, सन् २००३ मा प्रकाशित अन्तर-निकाय अनुसन्धानात्मक पत्र *अन्डरस्ट्याण्डिङ चिल्ड्रेन्स* वर्कमा अन्तर्वार्ता लिएका अधिकांश बालिकाहरूले सीमापारी गरेर भारत पुऱ्याइएको राति नै जबर्जस्ती वेश्यावृत्तिमा लगाइएको बताएका छन्। वेश्यालयमा रहने औसत अवधि २४ महिना छ भने उनीहरूले प्रत्येक दिन सरदर १४ ग्राहकलाई सन्तुष्ट तुल्याउनु पर्छ। पाँचमध्ये तीनले दिएको जानकारीका अनुसार तिनीहरूका ग्राहकहरूले कहिलेकाहीं, विरलै वा कदाचित कण्डम नलगाउने गरेको बताए, जसले तिनीहरूमा एचआइभी/एड्स र अन्य यौन संक्रमित रोगहरूको खतरा बढेको छ। घर फर्केर आउनेहरूले घोर सामाजिक अपजस र घृणा (अपहेलना वा बहिष्कार) को पात्र बन्नु पर्छ।

सिविनका अनुसार, बालिकाहरू घरेलु कामकाज वा गलैंचा कारखाना, सर्कस, खेती, सडक निर्माण र अन्य कामका लागि पनि बेचबिखन हुने गर्छन्; यस्ता उद्देश्यका निम्ति बेचबिखन भएका महिला तथा बालिकाहरूको यौन शोषण हुनु सामान्य हो। सिविनले बेचविखनले नेपालका सबै भू-भागमा असर परेको तथा यसमा महिला र बालिकाका साथसाथै पुरुष तथा बालकहरूसमेत रहेको पनि जनाएको छ।

## एक्ला (बिछोडिएका) तथा टुहुरा बालबालिकाहरू

सशस्त्र द्वन्द्वका सबै अवस्थामा जस्तै नेपालको सशस्त्र द्वन्द्वले पनि बालबालिकाहरूलाई टुहुरा बनाएको छ वा तिनका बाबुआमा तथा परिवारबाट अलग्याएको छ। सिविनको चिल्ड्रेन याण्ड आर्म्ड कन्फ्लिक्ट, जनवरी-जून २००४ का अनुसार, सशस्त्र द्वन्द्वका क्रममा २,००० भन्दा बढी बालबालिका टुहुरा भएका छन्। २००३ मा सेभ द चिल्ड्रेन-यूकेद्वारा गरिएको एक नमूना सर्वेक्षणमा कम्तिमा २५,००० देखि ३०,००० बालबालिका परिवारबाट अलग भएका हुन सक्छन्, तर तीमध्ये कति सशस्त्र द्वन्द्वका कारणले र कति अन्य कारणले परिवारबाट अलग्गिएका हुन् भनी छुट्याउन गाह्रो छ। यस संख्यालाई अलग्गिएका बालबालिकाका सम्बन्धमा सबैभन्दा भरपर्दो अनुमान मानेर निरन्तर उद्धृत गरिएको छ। यी बालबालिकाहरूले बाबुआमामध्ये एक वा दुबैलाई गुमाएका छन् भन्ने कुरा प्रष्ट छैन।

बाबुआमामध्ये एकमात्र मारिदा वा गम्भीर घाइते हुँदा पनि बालबालिका संकटग्रस्त वा खतराको अवस्थामा पुग्छन्। उनीहरूले कामका निम्ति स्कूल छोड्नुपर्ने हुनसक्छ; वा उनीहरूलाई बेचविखनकर्ताहरूले धम्क्याउने वा अन्य खतरनाक स्थितिको सामना गर्नुपर्ने हुन सक्छ। परिणामस्वरूप परिवारहरूले आफ्ना बालबालिकालाई जिल्ला सदरमुकाम वा भारत र काठमाडौंमा जीविकाको खोजीमा अर्थात् जीवन धान्नका लागि पठाउन सक्छन्। यस्ता अनेकन वास्तविक कथाहरू

वाचलिष्टलाई सुनाइएको छ। *नेपाली टाइम्स*मा अप्रिल २००४ मा प्रकाशित “बाँच्नका निम्ति यौन व्यापार”जस्ता विभिन्न समाचारहरूमा परिवारबाट अलग्गिएका बालबालिकाहरूले शहरमा पुगेपछि बाँच्नका निम्ति कमैमात्र विकल्प पाउँछन् र शोषण तथा दुर्व्यवहारको थप खतरा झेल्छन्।

नेपालमा संचालित एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका अनुसार, सशस्त्र द्वन्द्वका कारण परिवारबाट अलग्गिएका बालबालिकाहरूको संख्या बढ्दै गएको छ र द्वन्द्व प्रभावित बालबालिकाहरूका लागि “अनाथालय”हरू वा सामूहिक गृहहरूको संख्या थपिँदैछ। नेपालगञ्जस्थित सहारा बाल गृह एउटा उदाहरण हो, जहाँ करिब ६० बालबालिकाले आश्रय पाएका छन्। द्वन्द्वबाट बाबु वा आमामध्ये एक गुमाउनेलाई प्रायः सजिलै संस्थामा भर्ना लिइन्छ, यद्यपि केही अवस्थामा अर्को अभिभावक र दाजुभाइ दिदीबहिनी घरैमा रहेको हुन सक्छ। हाल यी संस्थाहरू संचालनका लागि कुनै कानून छैन। युनिसेफ र आइएलओ-आइपीइसीले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण परिषदलाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि खासगरी आवासीय हेरचाहको सन्दर्भमा आवश्यक न्यूनतम मापदण्डको विकास गर्न लागेका छन्।

## सडक बालबालिका[७]

सिविनका अनुसार, नेपालमा खासगरी काठमाडौं, पोखरा, धरान, नारायणघाट, बुटवल र विराटनगरमा कम्तिमा ५,००० बालबालिका सडकमा बस्ने तथा काम गर्ने गर्छन्। गरिबी, सशस्त्र द्वन्द्वको व्यापकता र सशस्त्र द्वन्द्वका कारण जबर्जस्ती विस्थापनलगायतका विभिन्न कारणबाट बालबालिहरू सडकमा पुग्ने गरेको सिविनले उल्लेख गरेको छ। एकपटक सडकमा पुगिसकेपछि यी बालबालिकाहरूले विभिन्न अनौठा काम गर्न सक्छन जस्तै माग्ने, भुत्रा सामान टिप्ने, भारी बोक्ने र जुत्ता टल्काउने। उनीहरूले भोक, आवास र लुगा (गाँस, बास र कपास)को अभाव, बेचबिखनको खतरा र विभिन्न शोषणको सामना गर्छन्। सिविनका अनुसार, रक्सी, ग्लू (सरेस) सुघ्ने तथा औषधिको प्रयोग र दुरूपयोगसमेत सडक बालबालिकाका लागि समस्या हुन्।

अगष्ट ३०, २००४ मा *काठमाडौं पोष्ट*ले प्रकाशित गरेको “सुरक्षा निकायहरूद्वारा थप ११ अर्ब रूपैयाँ माग” शीर्षक समाचारका अनुसार, रक्षा तथा गृह मन्त्रालयहरूले शाही नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीद्वारा तयार पारिएको तीन वर्षे सुरक्षा तथा विकाससम्बन्धी योजना प्रस्तावित गरेको उल्लेख गरेको छ, जसमा काठमाडौं उपत्यकामा रहेका करिब ३,५०० सडक बालबालिकाको “व्यवस्थापन”को प्रस्तावसमेत अघि सारिएको छ। उक्त समाचारअनुसार, खुफिया (गुप्तचर) सूचनाहरूले सडक बालबालिकालाई माओवादीहरूले उच्च राजनीतिक व्यक्तिहरूको गतिविधिको निगरानी गर्न र विष्फोटक पदार्थ ओसारपसारमा प्रयोग गरेको देखाएका हुनाले सडक बालबालिकाको “व्यवस्थापन” आवश्यक भएको हो। सडक बालबालिकाको “व्यवस्थापन” भन्ने विषयअन्तरगत के के पर्छ भन्ने कुनै विवरण खुलाइएको छैन।

## बालश्रम तथा व्यापारिक यौन व्यवसाय

काठमाडौंस्थित गैरसरकारी संस्था कन्सर्न नेपालको प्रकाशन *कन्सर्न*को अक्टूबर २००३ को अंकमा प्रकाशित “बाल श्रमका भिन्न स्वरूपहरू: नेपालमा बाल शोषणको ज्वलन्त समस्या” लेखका अनुसार, नेपालमा करिब २६ लाख बालबालिका विभिन्न खालका बाल श्रममा लागेको अनुमान गरिएको छ। बालबालिकाहरूले इँटा, चुरोट र अन्य कारखानाहरू, खानी र ढुङ्गा (गिट्टी) कुट्ने, निर्माण काम, भरिया, व्यावसायिक यौन व्यापार र अन्य क्षेत्रमा काम गर्छन्। कन्सर्नजस्ता थुप्रै संस्थाहरूले यी कलिला नानीहरूले प्रायः सामना गर्ने खतरनाक श्रमका स्थितिहरूको अभिलेख खडा गरेका छन्।

वर्षौं चल्ने सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताले यस समस्यालाई पनि बढाएको छ, जस्तै अपहरण वा भर्तीको डरले वा राम्रो स्कूलको खोजीका लागि गाउँ छोडेर हिडेका बालबालिकाहरूले बाँच्नका निम्ति देह व्यापारजस्ता खतरनाक स्थितिहरूमा काम गर्नुपर्ने हुन्छ।

उदाहरणका लागि नेपालः सिचुएशन अव *चाइल्ड पोर्टर्सः अ र्‍यापिड असेसमेन्टका* अनुसार सन् २००१ मा आइएलओ-आइपीइसीले गरेको एक अनुमानका अनुसार नेपालमा ४६,००० भन्दा बढी बालबालिकाहरू भरियाका रूपमा कार्यरत छन्, जसमध्ये धेरैले लामो दूरीमा र थोरैले छोटो दूरीमा भारी बोक्ने गर्छन्। सशस्त्र द्वन्द्वले नेपालमा भरिया बालबालिकाको संख्या सम्भवतः वृद्धि गर्नुसाथै उनीहरूको कामको अवस्थालाई झन खतरनाक बनाएको छ। बाल

[७] नेपालमा सडक बालबालिकासम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्: ए लाइफ विदाउट बेसिक सर्भिस : “स्ट्रिट चिल्ड्रेन से”, सेभ द चिल्ड्रेन-यूके, नेपाल २००३।

भरियाहरू खासगरी माओवादीहरूले भर्ती गर्न सक्ने, शैक्षिक अवसरबाट वञ्चित हुने र सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष प्रभावित हुनुका साथै बारूदी सुरूङ वा यूएक्सओबाट घाइते वा मृत्यु हुने खतरा पनि उत्तिकै झेल्छन्। बाल श्रम रोकथामका लागि बनेको मिलीजुली समूहले *चाइल्ड सोल्जर्स ग्लोबल* रिपोर्ट *२००४* मा माओवादी सेनाले किशोरहरूलाई भरियाको रूपमा प्रयोग गरेको बताएको छ। *हिमालयन टाइम्स*मा नोभेम्बर ६, २००४ मा प्रकाशित "माओवादीहरूद्वारा बालबालिकालाई भरियाकारूपमा प्रयोग" शीर्षक समाचारमा माओवादीहरूले १२ देखि १८ वर्षसम्मका कलिला व्यक्तिहरूलाई ताप्लेजुङ जिल्लाका हाङयाङ, फूलबारी, निधुरादिन, चांगे, ढुंगेसाँघु, फाकुम्बा, सांकु, सिनाम र थुम्दिन गाविसहरूमा भरियाको रूपमा काम लगाएको उल्लेख गरेको छ। यी अधिकांश बाल भरियाहरू गरिब राई, लिम्बू वा शेर्पा समुदायका छन्।

*नेपाली टाइम्समा* प्रकाशित लेख "बाँच्नका लागि यौन व्यापार"का अनुसार, सशस्त्र द्वन्द्वबाट भागेका बालिकाहरूको बढ्दो संख्याले काठमाडौं उपत्यकामा एकाएक वेश्यावृत्ति बढाउन योगदान पुऱ्याएको छ। सडकमा प्रहरीको निगरानी बढेपछि यस्ता अधिकांश गतिविधिहरू मसाज पार्लर, क्याबिन रेष्टुरेन्ट र सस्ता लजहरूमा सरेका छन्। क्याबिन रेष्टुरेन्टमा कार्यरत महिला र बालिकाहरूसँग पत्रकारहरूले लिएको अन्तर्वार्तामा माओवादीहरूले उनीहरूलाई तालिमका लागि सेनामा भर्ना गर्ने डरले गाउँबाट भागेको बताएका थिए। केही ग्राहकहरूले कण्डम नलगाउन दवाव दिएको वा असुरक्षित यौन व्यवहारका लागि बढी रकम दिएको समेत ती बालिकाहरूले बताए।

विस्थापन, वेश्यावृत्ति र असुरक्षित यौन व्यवहारको संयोगले एचआइभी/एड्सको खतरा बढेको छ। (माथि एचआइभी/एड्स हेर्नुहोस्।) नेपालको एक भरपर्दो स्रोतले वाचलिष्टलाई कञ्चनपुरबाट सशस्त्र द्वन्द्वका कारण घर छाडेर भागेकी एक बालिकाका बारेमा बतायो। अन्ततः तिनले एउटा होटलमा अस्थायी बास (आश्रय) पाइन, त्यहाँ पनि तिनलाई देह व्यापारका लागि जबर्जस्ती गरियो। केही समयपछि परीक्षण गर्दा तिनलाई एचआइभी पोजिटिभ भएको थाहा पाइन्, तर अझै पनि तिनलाई देह व्यापारमा लागिरहन कर गरियो।

## बेपत्ता तथा स्वेच्छाचारी गिरफ्तारीमा परेका बालबालिका

एम्नेष्टी इन्टरनेशनलका अनुसार, सशस्त्र द्वन्द्व सुरू भएदेखि सुरक्षा फौजले सरकारको प्रतिआतंकवाद अभियान अन्तर्गत १८ वर्ष मुनिका बालबालिका सहित अनेकौं व्यक्तिहरूलाई "बेपत्ता" बनाउँदै आएको छ। सन् १९९८ देखि २००१ को मध्यसम्ममा एम्नेष्टी इन्टरनेशनलले ६ बालबालिका सहित १३० जनालाई "बेपत्ता" पारेको अभिलेख राखेको थियो। सशस्त्र द्वन्द्वका क्रममा बालबालिकाको गैरकानूनी थुनाका घटनासमेत अभिलेख भएका छन्।

एम्नेष्टी इन्टरनेशनलद्वाार अगस्त २००३ मा प्रकाशित प्रतिवेदन नेपालः इस्कलेटिङ *"डिसअपिअरेन्सिज" अमिड अ कल्चर अव इम्प्युनिटीका* अनुसार, माओवादी गतिविधिमा लागेको आशंकामा प्रायः सादा पोशाकमा आएका अपरिचित सुरक्षाकर्मीहरूले गिरफ्तार गरी सेनाका व्यारेक वा प्रहरी चौकीमा कसैले थाहा नपाउने गरी बेपत्ताको स्थितिमा राख्नु निकै सामान्य स्वरूप भएको छ।

ऐडभोकेसी फोरमद्वारा तयार पारिएको फरबरी १९, २००४ *को सुरक्षा फौजद्वारा काभ्रेको खरेलथोक गाविस-६ की १५ वर्षीया बालिकाको गैर कानूनी गिरफ्तारी, थुना र बेपत्ता* नामक प्रतिवेदन अनुसार, फरबरी १७, २००४ का दिन बिहान अन्दाजी ६ बजे सादा पोशाकमा आइपुगेका करिब १५ सुरक्षाकर्मीले काभ्रे जिल्लाको खरेलथोक गाविस-६ की १५ वर्षीया स्कूले बालिका मैना सुनुवारलाई गिरफ्तार गरे र थुने। फरबरी १२ मा काभ्रे जिल्लाको पोखरीचौरी गाउँमा आफ्नी भतिजी र अन्य दुई बालबालिकाको बलात्कार र हत्याको प्रत्यक्षदर्शी ती बालिकाकी आमालाई नपाएपछि तिनलाई नै गिरफ्तार गरिएको थियो। (माथि यस घटनाको विस्तृत जानकारीका लागि उल्लिखित लैगिंक हिंसा हेर्नुहोस्।) मैना सुनुवारको घरमा आएको प्रहरीले उनकी आमा घरमा नभएको थाहा पाएपछि तिनैलाई गिरफ्तार गऱ्यो।

मैनाको गिरफ्तारीको दिन र त्यसपछिका महिनौं दिनसम्म उनको परिवार र अन्य व्यक्तिहरूले उनको खोजीका लागि अनेकन प्रयास गरेका छन्। मई २२, २००४ मा एउटा कुटनीतिक नियोगले मैना सुनुवार सैनिक हिरासतबाट भाग्न खोज्दा मारिएको उल्लेख गर्दै शाही नेपाली सेनाले पत्र पठाएको जानकारी ऐडभोकेसी फोरमलाई टेलिफोनबाट दियो। ऐडभोकेसी फोरमका अनुसार, रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसीआरसी)ले पनि त्यस्तै व्यहोराको पत्र प्राप्त गऱ्यो। तथापि, परिवारका सदस्यहरूले कुनै लास वा यस मुद्दाका सम्बन्धमा प्रत्यक्ष जानकारी पाउन सकेका छैनन्। उनीहरूले निरन्तर छोरीको खोजी गरिरहेका छन्। सम्बन्धित घटनाका सम्बन्धमा गरिएको एक अनुसन्धानका क्रममा एउटा भरपर्दो

स्रोतले मैनालाई सेनाको एउटा ब्यारेकमा थुनेर राखिएको र थुनामा उनलाई कुटेको र यातना दिइएको जानकारी ऐडभोकेसी फोरमलाई दियो ।

निम्न बमोजिमका तीन घटनाहरूलाई नेपालको एक भरपर्दो स्थानीय स्रोतले अभिलेख गरेको छ :
बर्दिया जिल्ला, भीमपुर-७ का स्थायी बासिन्दा, १५ वर्षीय *नेपाली थारू* नामक किशोरलाई मानपुर ब्यारेकबाट आएका करिब ७० जना रहेको सुरक्षा फौजको एक समूहले जनवरी ७, २००३ मा उनको आफ्नै घरबाट गिरफ्तार गरे । उनीहरूले राति करिब १ बजे उनी सुतिरहेको बेलामा चारैतिरबाट उनको घर घेरेर भित्र पसेर कुनै कारण नै नखुलाई गिरफ्तार गरे । उनको स्थितिबारे थाहा हुन सकेको छैन ।

बाँके जिल्ला, कोहलपुर-३ का स्थायी बासिन्दा, १६ वर्षीय *गोपाल बीकलाई* अप्रिल २६, २००२ को राति ११ बजे उनी सुतिरहेको बेला सादा पोशाकमा आएका करिब १०-१२ सुरक्षा फौजले उनको घर घेरेर गिरफ्तार गरे । उनलाई माओवादी समर्थकको आरोपमा गिरफ्तार गरिएको बुझिएको छ । उनलाई लानुअघि सुरक्षा फौजले यातना दिएको थियो । उनको स्थितिबारे थाहा हुन सकेको छैन ।

बर्दिया जिल्ला, सूर्यापटुवा-२ की १६ वर्षीया किशोरी *रजनी चौधरीलाई* तिनी सुतिरहेको बेला अप्रिल १६, २००२ को करिब मध्यरातमा आएको सुरक्षा फौजले गिरफ्तार गर्‍यो । करिब ५ जना सशस्त्र सुरक्षाकर्मीको समूह उनको घरमा प्रवेश गर्‍यो र पूरै घरमा खानतलासी गरी तिनलाई ठाकुरद्वार सैनिक क्याम्पमा लगे । उनलाई गिरफ्तार गर्दा ५०-६० सुरक्षाकर्मीहरू उपस्थित भएको अनुमान गाउँलेहरूले गरेका छन् । तिनी गिरफ्तार भएयता कसैले पनि तिनलाई देखेका छैनन् र तिनी कहाँ छन् भन्ने थाहा हुन सकेको छैन ।

थुनाबाट मुक्त भएका युवायुवती विभिन्न तनाव र चिन्ताहरूले ग्रस्त हुन सक्छन् । राजधानीमा जनवरी ११, २००४ मा प्रकाशित समाचार “विद्यार्थीद्वारा आत्महत्या”का अनुसार, प्रहरीले आफूलाई पुनः गिरफ्तार गर्ने योजना बनाएको थाहा पाएपछि १७ वर्षीय नरेश महर्जनले जनवरी ११, २००४ मा आत्महत्या गरे । ती बालकलाई सन् २००२ मा माओवादीको आशंकामा तीन महिना थुनामा राखिएको थियो । परिवारका अनुसार, उनलाई थुनामा राखेको पूरै अवधिभरि प्रहरीले आँखामा पट्टी बाँधेको थियो र शंकास्पद माओवादीहरूको पोल खोलाउन यातना दिएको थियो ।

एम्नेष्टी इन्टरनेशनलका अनुसार, प्रहरी र सेनाका हिरासतमा भएका यातना, बलात्कार र मृत्युका घटना दैनिकजसो समाचारमा आएका छन् ।

## बँधुआ श्रम

बिगतको सामन्ती आर्थिक प्रणालीको अवशेषका रूपमा गरिब थारू[८] समुदायका अन्दाजी ३५,०००-१,००,००० बँधुआ मजदूर (कमैयाहरू) रहेका छन् । कमैयाका रूपमा चिनिने यी बँधुआ मजदूरहरू जुलाई १७, २००० मा सरकारले मुक्त घोषणा गर्नुअघिसम्म नेपालका पाँच जिल्लामा थिए । उक्त घोषणा पिछडिएका समाजका लागि शिक्षा (ब्याकवार्ड सोसाइटी एजुकेशन, बेस)जस्ता गैर सरकारी संस्थाहरूको बर्षौंको गहन सक्रियता र पैरवीको परिणामस्वरूप भएको थियो । उनीहरूको स्वतन्त्रताको घोषणापछि बालबालिकासहितका अधिकांश यी मजदूरहरूलाई जमिन्दारहरूले आफ्ना घरबाट निकालिदिए र उनीहरू सुकुम्बासी सरह अस्थायी पारवहनीय पाल, सरकारी सहयोगका शिविर वा आफूले बनाएका छाप्राहरूमा बस्न बाध्य तुल्याइए । उनीहरूले अत्यन्तै कम, प्रायः अत्यन्तै थोरै सहायता, भोक, रोगको पीडा, आवास, लत्ताकपडाको अभाव र शिक्षाको पहुँच नभएको अवस्थामा बसेका छन् ।

यस्ता खतराका स्थितिमा, मुक्त कमैयाका शिविरहरूमा सशस्त्र द्वन्द्वको कारण माओवादी र सुरक्षा फौजबाट तीव्र तनाव उत्पन्न गर्ने गरिन्छ । विश्वव्यापी आइडीपी परियोजनाको तथ्यांकअनुसार, सन् २००१ मा स्थानीय सरकारी अधिकृतहरूले कैलालीमा कम्तिमा तीनवटा शिविरमा आगजनी गरे । त्यसै वर्ष ग्लोबल यूथ कनेक्टले शिविरको एउटा भ्रमणका क्रममा एक सशस्त्र माओवादी समूहले आएर तीन घण्टासम्म आफ्नो सिद्धान्तका बारेमा व्याख्या गरे र उनीहरूको सेनामा भर्ती हुन आग्रह गरेको उल्लेख गरेको छ । मई २००४ मा माओवादीले कैलाली जिल्लाका खासगरी टीकापुर नगरपालिका र मसुरिया गाविसका साथै अन्य भागबाट ५०० भन्दा बढी पूर्व कमैयालाई अपहरण गरेको *nepalnews.com* जनाएको छ ।

[८] नेपालका थारूहरूको इतिहासबारे थप जानकारीका लागि हेर्नुहोस्: बेसः द डेभलपमेन्ट अव अ ग्रासरूट्स मूभमेन्ट, १९९४, www.base.org.np .

# बारूदी सुरुङ तथा युएक्सओ (विष्फोटन नभएका विष्फोटक पदार्थहरू)

नेपालमा बारूदी सुरूङसम्बन्धी कुनै सर्भेक्षण वा लेखाजोखा भएको छैन। तर माओवादी र सरकार दुवैले यान्टिपर्सनेल माइन्स र इम्प्रोभाइज्ड एक्प्लोडेड डिभाइस (आइइडी)को प्रयोग गरिरहेको स्वीकारेका छन्। बारूदी सुरूङविरूद्ध अन्तर्राष्ट्रिय अभियान (आइसीबीएल)को प्रकाशन *ल्याण्डमाइन मनिटर* २००३ का अनुसार सन् २००३ को युद्ध विरामको घोषणामा यसको प्रयोग गर्न रोकिएको बाहेक हाल नेपालको पचहत्तरै जिल्लाहरूमा यी उपकरणहरूको प्रयोग गरिएको पाइएको छ।

विभिन्न प्रतिनिधिहरूले यसको सैद्धान्तिक समर्थनका लागि निरन्तर आग्रह गरे पनि नेपाल सरकारले बारूद प्रतिबन्ध सन्धिलाई स्वीकार गरेको छैन। सन् २००२ मा सरकारले पहिलोपटक बारूदी सुरूङको प्रयोग गरिरहेको स्वीकार्‍यो। ल्याण्डमाइन मनिटर २००३ अनुसार, शाही सेनाका एक अधिकृतले मुख्यतया सैनिक चौकी, प्रहरी चौकी (थाना) र सरकारी कार्यालयहरूको रक्षार्थ सेनाले सन् २००२ मा करिब १०,००० यान्टिपर्सनल माइनहरूको प्रयोग गरेको बताए। नागरिकहरूले पनि सुरक्षा फौजद्वारा सरकारी कार्यालयनजिकै तथा सञ्चार टावरजस्ता महत्वपूर्ण पूर्वाधारको वरिपरि रहेका नागरिक स्वामित्वको जमिनमा बारूदको प्रयोग भएको जनाएका छन्। सरकारले विष्फोटक यन्त्रहरूको उत्पादन र आयात गर्ने गरेको र ठूलो मात्रामा यान्टिपर्सनल माइनहरू भण्डारण गरेको थाहा भएको छ। *ल्याण्डमाइन मोनिटर* २००३ मा सेनाका एक अधिकृतले घरेलु निर्मित माइनहरू (आइइडीज), भिक्टिम एक्टिभेटेड माइन्ज (प्रेसर तथा टिपवायर), कमाण्ड-डिटोनेटेड माइन्ज (रिमोट कन्ट्रोल) तथा टाइमरसहितका विष्फोटक यन्त्रहरूको प्रयोग भइरहेको पुष्टी गरेको उल्लेख छ।

*ल्याण्डमाइन मोनिटर* २००३ का अनुसार, नेपालका ७५ मध्ये ७२ जिल्लामा माओवादीहरूबाट बारूदी सुरूङसम्बन्धी घटना गराएका थिए। सुरक्षा फौजलाई आफ्नो क्षेत्रमा आउनबाट रोक्न, सुरक्षा फौजलाई अल्फाउन एम्बुस गर्दा र भौतिक पूर्वाधार ध्वस्त गर्दा माओवादीहरूले बारूदहरू प्रयोग गर्दै आएको छ। यी अभ्यासहरूले नेपालको भौतिक पूर्वाधारमा उल्लेख्य क्षति पुर्‍याएको छ। माओवादीले आइइडीज, भिक्टिम एक्टिभेटेड माइन्ज, कमाण्ड-डिटोनेटेड माइन्ज र टाइमरसहितका विष्फोटक यन्त्रहरूको प्रयोग गर्दै आएका छन्। माओवादीहरूले शाही नेपाली सेनाबाट यस्ता सामग्री लुटेर वृहत मात्रामा आइइडीज, नेपालमा खासगरी "सकेट बम"को रूपमा चिनिने बलपेनको स्प्रिङ प्रयोग गरी बनाइने कच्चा र असुरक्षित सामग्री उत्पादन गर्छन्। उनीहरूले साधारण बाल्टीन, प्रेसर कुकर तथा अन्य घरेलु सामग्रीको प्रयोग गरेर पनि यस्ता सामग्रीहरू बनाउँछन्।

नेपालमा बारूदी सुरूङबाट भएका मृत्युको आधिकारिक अभिलेख छैन। बारूदी सुरूङविरूद्ध नेपाल अभियान (नेपाल ल्याण्डमाइन ब्यान क्याम्पेन, एनसीबीएल)ले संकलन गरेको जानकारीअनुसार, सन् २००२ मा बारूदी सुरूङ, आइइडीज र अन्य विष्फोटक सामग्रीका कारण (२०२ मृत्यु र ५१८ घाइते गरी) ७२० वटा घटनाहरू भएका थिए। एनसीबीएलले १७७ नागरिकको मृत्यु भएकोमा मारिएकामध्ये ४६ जना बालबालिका रहेको अनुमान गरेको छ। सीएसडब्ल्यूसीले संकलन गरेको जानकारीअनुसार, सन् २००१ देखि प्रत्येक महिना भएका करिब ५ वटा घटनामा बारूद वा युएक्सओबाट बालबालिका मारिएका वा घाइते भएका छन्। अक्टूबर १५, २००४ मा एनसीबीएलले सन् २००४ का प्रथम ६ महिनामा ९२ बालबालिकाको बारूद वा युएक्सओबाट मृत्यु भएको घोषणा गरेको थियो। यो संख्या सन् २००३ मा मारिएका बालबालिकाको संख्याभन्दा निकै धेरै थियो।

नेपालका भरपर्दा स्रोतहरूले वाचलिष्टलाई दिएको सूचनाले माओवादीद्वारा आइइडीजको असावधानीपूर्ण प्रयोगबाट बालबालिकाहरू घाइते भएको र मारिएको संकेत गर्छ। उदाहरणका लागि, माओवादीहरूले दुर्गम क्षेत्रका बासिन्दाहरूलाई खासगरी राति खाना र बास दिन बाध्य पार्छन्। बिहान जाने बेलामा उनीहरूले भुक्किएर सकेट बम वा यस्तै अन्य वस्तु छोडेर जान्छन्, जसलाई पछि बालबालिकाले फेला पार्न सक्छन्। जून १४, २००४ मा *nepalnews.com* ले दिएको "विष्फोटमा एक बालिकाको मृत्यु" भन्ने समाचारका अनुसार, कपिलवस्तु गाविसको बिधि गाउँमा माओवादीहरूले भूलवश छोडेर गएको बमलाई खेलौना ठानी टिप्न खोज्दा एक बालिकाको मृत्यु भयो भने १० वर्षका अन्य दुई बालक सख्त घाइते

भए। *nepalnews.com* को "दुई बालकको विष्फोटनबाट मृत्यु" शीर्षक समाचारका अनुसार, मई २०, २००४ मा बाँके जिल्लाको कोहलपुर राजमार्गमा माओवादीहरूले छोडेर गएको बम खेलाउँदा दिउँसो ११:३० बजे ४ वर्षीय बालक दीपेन्द्र थापाको मृत्यु भयो। वाचलिष्टलाई दुई मानव अधिकारवादी कार्यकर्ताले छुट्टाछुट्टै दिएको जानकारीमा उनीहरूले पश्चिम नेपालको भ्रमण गर्दा सडकको छेउमा रातो सूती कपडामा छोपेर राखिएका सकेट बमहरू देखेको बताए।

नेपालमा खासगरी बारूदी सुरूङबाट बाँचेकाहरूको सहयोगका लागि वा बारूदी सुरुङसम्बन्धी शैक्षिक कार्यक्रमका लागि औपचारिक सहयोगका कार्यक्रमहरू छैनन्। अधिकांश द्वन्द्व प्रभावित क्षेत्रका अस्पताल र स्वास्थ्य चौकीहरूमा बारूदी चोटको उपचारका लागि प्रायः उपकरण, तालिम प्राप्त कर्मचारी र आवश्यक सामग्रीको अभाव छ। आइसीआरसी, नेपाल रेडक्रस सोसाइटी, एनसीबीएल र अन्य संस्थाहरूले सहयोग र शिक्षासम्बन्धी केही कार्यक्रमहरू थालनी गरेका छन्। उदाहरणका लागि एनसीबीएलले सन् २००२ का बारूदी आक्रमणबाट बाँचेका ६ बालकहरूको शिक्षा, स्वास्थ्योपचार, कृत्रिम अंग र बैशाखीका लागि रकम संकलन गऱ्यो। युनिसेफ तथा अन्य थुप्रै गैरसरकारी संस्थाहरू मिलेर अधिराज्यव्यापी कार्यक्रम संचालनका लागि अनौपचारिक कार्य समूह निर्माण गरेका छन्।

एक उदाहरणअनुसार, दाङ जिल्ला, तुल्सीपुर-६ का १५, ९ र ५ वर्षका तीन बालक बस्तुलाई डालेघाँस र गाईको गोबर संकलन गर्न जाँदा जनवरी २००४ मा माओवादीले ओछ्याएको भनिएको एक बारूद विष्फोटन हुँदा सख्त घाइते भए। स्थानीय अस्पतालका चिकित्सकले स्थानीय क्लिनिकमा पर्याप्त उपकरण नभएका हुनाले राम्रो उपचारका निम्ति घाइते बालकहरूलाई नेपालगञ्ज लैजान तिनका अभिभावकहरूलाई सल्लाह दिएका थिए। तर जनवरी २३, २००४ मा "घाइते बालकलाई उपचार छैन" शीर्षकमा प्रकाशित *कान्तिपुरको* समाचारमा भनिएबमोजिम अभिभावकहरूसँग घाइते बालकहरूको उपचारका लागि पर्याप्त स्रोत थिएन। अनुगमन वा थप समाचारका अनुसार, स्थानीय प्रहरी, महिला विकास इकाई (दाङ), मानव कल्याण तथा वातावरण केन्द्र र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरू बालकहरूलाई उपचारका निम्ति नेपालगञ्ज लैजान चाहिने बित्तीय सहयोग र लत्ताकपडा जुटाउनका लागि परिचालित भए। फरबरी ११, २००४ मा "पीडित बालकका लागि प्रहरी बन्यो रक्षक" शीर्षकअन्तरगत प्रसारित *घटना र विचारसँगको* अन्तर्वार्तामा बालकद्वयकी आमाले राम्रो उपचार नपाएको भए उनीहरूको मृत्यु हुनसक्थ्यो भनिन्।

फरबरी २००४ मा *काठमाडौं पोष्ट*मा प्रकाशित "हेर्दा पुतलीजस्तो, पड्कियो" शीर्षक समाचार अनुसार, १० वर्षीया केशरीसरा राना "खेलौना" वा "पुतली"झैं लाग्ने टिपेको वस्तु टिपेर खोल्दा विष्फोटन भई सख्त घाइते भइन्। उक्त घटना पाल्पा जिल्लाको खलिवान गाविसमा ती बालिका आफ्ना भाइ र अन्यसहित दाउरा लिएर फर्कँदै गर्दा भएको थियो। उनको आठ वर्षीय भाइ निबहादुर रानाको चोटबाट मृत्यु भयो।

दिसम्बर १-१५, २००३ मा *हिमालमा* प्रकाशित "मकैबारी र धानखेतमा बम र बारूदी सुरूङ" शीर्षक समाचारअनुसार, नोभेम्बर ८, २००३ मा नुवाकोट जिल्ला, तलाखुस्थित शिवालय निम्न माध्यामिक विद्यालयका १० र ६ वर्षका दुई विद्यार्थीले युएक्सओलाई गल्तीले खेलौना ठानी लिंदा विष्फोट भई मृत्यु भयो। माओवादीहरूले उक्त बम सुरक्षाकर्मीहरू नियमित हिड्ने बाटो पारेर राखेको बताइएको थियो। बमलाई लठ्ठीको टुप्पोले घोच्दै गर्दा ती दुई बालकको मृत्यु भएको थियो।

# साना हातहतियारहरू

सशस्त्र द्वन्द्वको प्रारम्भका दिनमा नेपालका प्रहरी तथा सेनाहरू ह्याण्डगन तथा दोस्रो विश्व युद्धकालीन भिन्टेज राइफलबाट सज्जित थिए। *स्मल आर्म्ज* सर्भे २००३ का अनुसार, भारत परम्परागतरूपमा रूस, बुल्गेरिया र इजरायली उत्पत्तिका हतियार नेपालमा आपूर्तिकर्ताको रूपमा रहेको छ। भारतसँगको निर्भरता हटाउने प्रयासस्वरूप सन् २००१ मा सरकारले माओवादीविरूद्धको प्रतिआतंकवादी कारवाहीका लागि ५०,००० अत्याधुनिक स्वचालित राइफल खरिदका लागि अन्तर्राष्ट्रिय सरकारलाई बोलपत्र आव्हान गऱ्यो।

कुनै पनि युरोपेली व्यापारीहरूसँग कारोबार हुन नसकेपछि सरकार अमेरीकासमक्ष पुग्यो किनभने अमेरिकी विदेश विभाग (स्टेट डिपार्टमेन्ट)ले अक्टोबर २००३ मा माओवादीहरूलाई आफ्नो आतंककारीको सूचीमा समावेश गऱ्यो र अमेरिकामा रहेको यसको सम्पूर्ण सम्पत्ति फ्रिज गऱ्यो। नेपाल र अमेरिकाबीच भएको यो हातहतियार कारोबार सम्झौतालाई *स्मल आर्म्ज सर्भे* २००३ ले "२००२ को सबैभन्दा महत्वपूर्ण हातहतियार कारोबार"को रूपमा चित्रण गऱ्यो जसमा नेपाल र अमेरिकाबीच १ करोड २० लाख अमेरिकी डलर बराबरको सम्झौताअनुसार प्रारम्भमा शाही नेपाली सेनालाई ३,००० थान एम १६ र ५०० थान मिनिमी एम-२४९ बन्दूक जनवरी २००३ मा उपलब्ध गराउने र थप अन्य आपूर्ति आउने वर्षहरूमा गर्ने तालिका तय भएको थियो। बेल्जियमले पनि ५,५०० थान हल्का मेशिन गनको कारोबार गर्ने भएपछि विवाद निकै बढी अन्ततः त्यहाँका स्वास्थ्य मन्त्रीले राजीनामा दिए।

नयाँ र आधुनिक हातहतियारको नेपालमा प्रवेश भए पनि पुराना हतियारहरूलाई यत्तिकै थन्क्याइएको छैन। पुराना हातहतियार हाल जनपद प्रहरी तथा नव गठित सशस्त्र प्रहरी बललाई हस्तान्तरण गरिएको छ। माओवादीहरूले प्रहरी चौकी र अन्य लूटका हतियारमा भर गर्ने गरेका हुँदा सैनिक पोष्टमा उनीहरूले गर्ने आक्रमणबाट उनीहरूलाई पुराना बोल्ट-एक्सन राइफल, सटगन र पिस्तोलको सट्टा आधुनिक, स्वचालित हतियार प्राप्त हुन सक्छ। वाचलिष्टलाई दिइएको भरपर्दो जानकारीअनुसार, माओवादीहरूले सीमापारी भारतबाट अवैध व्यापारमार्फत् समेत साना हतियार भित्र्याउने गरेका छन्।

सेभ द चिल्ड्रेन नर्वे, सेभ द चिल्ड्रेन यूके र सेभ द चिल्ड्रेन यूएसले सन् २००३ मा गरेको सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकासम्बन्धी एक अध्ययनका अनुसार, नेपालमा साना खाले हातहतियारको बढ्दो प्रचलनसँगै सुरक्षा फौजले स्कूल मैदान कब्जामा लिंदा विद्यार्थी र शिक्षकहरूले आफ्नो स्कूल परिसरमा हतियारधारी व्यक्तिहरू देखिने गरेको बताएका छन्।

साना हतियारहरूको प्रयोगबाट हुने हिंसात्मक कृयाकलापले सो हिंसा देख्ने बालबालिकामा समेत नकारात्मक मानसिक प्रभाव पार्छ। सीजेडओपीका अनुसार, नेपालमा ५ वर्षसम्मका बालबालिकाहरूले एम्बुस, आक्रमणजस्ता शब्द प्रयोग गरी हिंसात्मक खेलहरू खेल्न थालेका छन्। उक्त समूहले नेपालमा खेलौना बन्दुकको बिक्री बढेको समेत जनाएको छ। आफ्ना बाबु आमाप्रति गरिएको दुर्व्यवहार वा तिनको हत्याको पीडा र आफ्नो भविष्यप्रतिका अन्यौलबाट सिर्जित "हिंसाको संस्कृति"ले बालबालिकामा बदलाको भावना विकसित हुन थालेबाट समुदायहरू चिन्तित हुन थालेका छन्। अप्रिल १०, २००४ मा प्रकाशित *नेपाल समाचारपत्र*को "रोल्पाका बालबालिका युद्ध खेलमा रमाउँछन्" भन्ने समाचारअनुसार, बालबालिकामा सशस्त्र द्वन्द्वले मानसिक र प्रवृत्तिगत रूपमा ल्याएको नकारात्मक प्रभावबारे अभिभावक र शिक्षकहरूले चिन्ता व्यक्त गरेका छन्।

## ग्रामीण सुरक्षाफौज (भीडीएफ्स)

नोभेम्बर ४, २००३ मा नेपालका प्रधानमन्त्रीले हाल ग्रामीण सुरक्षा फौजका रूपमा चिनिने स्थानीय नागरिक जनसेना वा स्वयंसेवी सुरक्षा समूहहरू र शान्ति समितिहरू गठन भएको घोषणा गरे। त्यसयता सरकारले ग्रामीण सुरक्षा फौजसम्बन्धी योजना कार्यान्वयनबारे मिश्रित संकेत दिंदै आएको छ। यस कार्यक्रमका सम्भावित गम्भीर र दीर्घकालीन

परिणामबारे अन्तर्राष्ट्रिय संकट समूह (इन्टरनेशनल क्राइसिस ग्रुप, आइसीजी), एम्नेष्टी इन्टरनेशनल लगायतका अन्तर्राष्ट्रिय पर्यवेक्षक तथा मानव अधिकारका पैरवीकर्ताहरूले गम्भीर चासो व्यक्त गरेका थिए। आइसीजीको फरवरी २००४ मा प्रकाशित प्रतिवेदन नेपालः ग्रामीण जनसेनाका निम्ति खतरनाक योजनाका अनुसार, व्यापकरूपमा यसरी स्थापना गरिने जनसेनाहरू अरू मुलुकहरूमा जस्तै अप्रशिक्षित, गैर जिम्मेवार र अनुशासनविहीनन, दीर्घकालीन सशस्त्र फौज हुनेछन्।

आइसीजीका अनुसार, दिसम्बर २००३ सम्ममा शाही नेपाली सेनाले करिब ५ हजार जनसंख्या रहेको पूर्वी तराईको जिल्ला सर्लाहीको सुदामा गाउँमा थुप्रै अवकासप्राप्त प्रहरी र तिनका परिवारसहितलाई हतियार बाड्यो र छोटो तालिम दियो। तर माओवादीहरूले हतियारकै लागि सेना र प्रहरीमाथि आक्रमण गरेको सुन्दै आएको गाउँलेहरूले आफूलाई दिइएको बन्दुकले माओवादी आक्रमणको त्रास बढेको बताए। बन्दूकले जीवनलाई अरू खतरनाक बनाएको विश्वास गाउँलेहरूलाई भयो। यसका साथै, सशस्त्र द्वन्द्वका बेला यस्तै कार्यक्रम लागू भएका अन्य मुलुकको अनुसन्धानले व्यक्ति र सिंगो समुदायले यो वा त्यो पक्षमा लाग्नुपर्ने वाध्यता सिर्जना गर्ने भएकोले नागरिकहरूलाई ध्रुवीकरण गर्ने र विभाजन ल्याउने प्रष्ट पारेको थियो।

यस कार्यक्रममा १८ वर्षमुनिका बालबालिकालाई सहभागी गराइएको वा बालबालिकालाई ध्यानमा राखी कुनै तालिम कार्यक्रम संचालन गरिएको भनी कुनै सूचना प्राप्त हुन सकेको छैन। दाताहरूसँग हालै राखिएको जिज्ञासामा ग्रामीण सुरक्षा फौज परियोजना भने व्यवस्थितरूपमा कार्यान्वयन भएको छैन र धेरै समयसम्म संचालन हुने सम्भावना पनि छैन।

# बाल सैन्यहरू

नेपालमा बाल सैन्यको प्रयोगको लेखाजोखा गर्न निकै गाह्रो छ। माओवादी र सरकार दुवैले बालबालिकालाई सैन्यमा भर्ना र प्रयोग गर्ने गरेको कुरा अस्वीकार गरेका छन्। तर माओवादीहरूले आफ्नो सेनामा बालबालिकाहरूको प्रयोग गरेको र सरकारी सुरक्षा फौजले बालबालिकालाई जासूसी गर्न लगाएको समाचार व्यापक रूपमा आएका छन्। दुवै पक्षबाट सन् २००३ मा युद्धविराम भंग भएयता यस्ता गतिविधिमा अझ वृद्धि भएका छन्।

संयुक्त राष्ट्र संघका महासचिवले सन् २००३ को नोभेम्बर महिनामा सुरक्षा परिषद्समक्ष प्रस्तुत गरेको बालबालिका तथा सशस्त्र युद्धसम्बन्धी आफ्नो प्रतिवेदन (एस/२००३/१०५३)मा नेपालको अवस्थालाई समेत समावेश गर्दै सुरक्षा परिषद्का एजेण्डामा नभए पनि बालबालिकाहरूलाई सशस्त्र द्वन्द्वका क्रममा भर्ना र प्रयोग गर्ने पक्षहरूको नाम किटानी गरेका थिए। यस सूचीमा महासचिवले विशेषगरी माओवादीहरूको नाम तोकेका थिए।

## सरकार

नेपालमा युद्ध वा राष्ट्रिय संकटका बेलामा समेत अनिवार्य सैनिक सेवामा लगाउने कुनै व्यवस्था छैन। कोलिसन टू स्टप द चाइल्ड सोल्जर्स (द कोलिसन)को प्रतिवेदन *चाइल्ड सोल्जर्स ग्लोबल रिपोर्ट* २००४ का अनुसार, शाही नेपाली सेनामा १८ वर्षमुनिका बालबालिकालाई भर्ना गर्ने नीति वा नियमित भर्ना प्रणाली लागु गर्ने कुनै संकेत पाइएको छैन। तर कोलिसनको प्रतिवेदनमा १२ देखि १६ वर्षमुनिका बालबालिकालाई जासूसी (सुराकी), बाहक र सन्देशवाहकका रूपमा प्रयोग गरिएको कुरा जनाइएको छ। नेपालमा १८ वर्षमुनिका बालबालिका जन्म दर्तासम्बन्धी अनियमितता गरेर र उच्च दरको बेरोजगारीका कारण सशस्त्र फौजमा प्रवेश गर्न सक्छन्।

सरकारले १८ वर्षमुनिका बालबालिकालाई कुनै पनि तवरले प्रयोग गर्ने गरेको कुरालाई अस्वीकार गर्छ। सरकारी प्रतिनिधिहरूले १५ वर्षको उमेरमा सेनाको तालिममा भाग लिन सक्ने भए पनि १८ वर्षमुनिको कुनै पनि व्यक्तिले शाही नेपाली सेनामा भर्ना हुन नपाउने जानकारी कोलिसनलाई दिए।

## माओवादी

माओवादीमा आवद्ध बालबालिकाको यथार्थ र भरपर्दो संख्या उपलब्ध छैन। यद्दपि साउथ एसिया इन्टेलिजेन्स रिभ्यूको मार्च २००४ मा प्रकाशित "नेपालः आर्मिङ द चिल्ड्रेन" भन्ने प्रतिवेदनमा माओवादी जनसेना र सेनामा १८ वर्षमुनिका ३० प्रतिशत बालबालिका रहेको उल्लेख छ। नेपालका भरपर्दा स्रोतहरूले जनाएअनुसार माओवादीहरूले बालबालिकालाई मरेर जाने सेना, मानव ढाल र सरकारी सुरक्षा फौजसँग प्रत्यक्ष लडाइँमा सन्देशवाहक, भान्छे, जासूस (सुराकी), माइन राख्ने ( बारूद ओछ्याउने) व्यक्ति, भरियाका रूपमा प्रयोग गर्नुका साथै अन्य गतिविधिमा प्रयोग गर्दै आएका छन्।

सन् १९९६ देखि नै माओवादीहरूले १८ वर्षमुनिका बालबालिकाको सैन्यमा भर्ना र प्रयोगका सम्बन्धमा परस्पर विरोधी धारणा व्यक्त गर्दै आएका छन्। सुरूका वर्षमा माओवादीहरूले महिला र बालिकाहरूको महत्वपूर्ण भूमिकाका बारेमा वक्तव्य दिएको थियो। कोलिसनद्वारा उद्धृत गरिएका एक माओवादी नेताले महिलाहरूले उनीहरूको उद्देश्यलाई मद्दत पुऱ्याउन बालबालिकालाई समेत ल्याएका र "ग्रामीण क्षेत्रमा ठूलो संख्यामा बालबालिकाले सूचना संकलन र आदानप्रदान गरेर गुरिल्ला युद्धमा उल्लेख्य सहयोग पुऱ्याएको" कुरा बताएका छन्। यसअतिरिक्त, कोलिशनद्वारा उद्धृत गरिएका अर्का नेताले "ठूलो संख्यामा विद्रोही बालिकाहरू, मुख्यतया माध्यमिक स्कूल र क्याम्पसका छात्राहरूले आफ्ना बाबुआमाको घरबाटै 'जनयुद्ध'मा सहभागिता देखाउनु अहिलेको आम प्रचलन" भएको बताएका छन्। तर माओवादी अध्यक्ष प्रचण्डले सन् २००० मा आएर बालबालिकाको प्रयोगलाई अस्वीकार गर्दै भनेका छन्, "जनसेनाको कुनै पनि इकाईमा बाल सैनिक भर्ना नगरिएको हामी प्रष्ट पार्न चाहन्छौं।" एम्नेष्टी इन्टरनेशनलका अनुसार, केही स्थानीय कमाण्डरहरूले बालबालिकालाई बन्दुक बोक्न र घरेलु काम गर्न लगाएको स्वीकार गरे पनि योद्धाका रूपमा तिनलाई प्रयोग नगरेको बताए।

फरबरी २२, २००४ मा माओवादीसम्बद्ध विद्यार्थी संगठन, अखिल नेपाल स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)का नेता कमल शाहीले जनवरीमा भएको पार्टीको वार्षिक बैठकले अप्रिल र मई २००४ को बीचमा ५०,००० बालबालिका रहेको बाल जनसेना गठन गर्ने निर्णय गरेको बताए। त्यसताका उक्त निर्णय नेपाली छापामा व्यापकरूपमा उल्लेख भएको थियो, जस्तो *हिमालयन न्यूज सर्भिसद्वारा* अप्रिल २२, २००४ मा प्रकाशित "हिंसामा बालबालिका"।

मार्च २००४ मा साउथ *एसिया इन्टेलिजेन्स रिभ्यू*ले ठूलो संख्यामा अपहरित बालबालिकाहरूलाई माओवादीको सशक्त उपस्थिति रहेका मध्य-पश्चिम क्षेत्रहरूमा तालिम दिइएको उल्लेख गरेको थियो। एक माओवादी स्रोतले दिएको उद्धरण उल्लेख गर्दै प्रतिवेदनमा माध्यमिक र उच्च माध्यमिक स्कूलबाट सुरूमा राजनीतिक भेलाका निम्ति अपहरण गरिएका यस्ता बालबालिकाहरूले गोप्य शिविरहरूमा तालिम पाइरहेका विवरण दिइएको छ। मध्य पश्चिम र सुदूर पश्चिमका अछाम, रोल्पा, रूकुम जिल्लाबाट विद्यार्थीको एकाएक गरिएको अपहरण माओवादीले बाल सैन्य शक्तिमा वृद्धि गर्न लिएको निर्णयका साथसाथै गोप्य तालिम शिविरको कारणले हुनसक्छ भन्ने संकेतसमेत प्रतिवेदनले गरेको छ।

**माओवादीमा आवद्ध बालिकाहरू**

माओवादीहरूले आफ्नो सेनामा केटा र केटी दुबैलाई प्रयोग गर्दै आएका छन्। बालिका भर्नासम्बन्धी उदाहरणको रूपमा माओवादीहरूले कर्णाली क्षेत्रमा १८ वर्षमुनिका बालिकाको भर्ना वृद्धि भएको समाचार *राजधानी*ले मार्च २००४ मा दिएको छ। "कर्णाली क्षेत्रका हजारौं महिलाले सैनिक तालिम लिँदैछन्" शीर्षक समाचारमा तुलनात्मकरूपमा यो खतरनाक काम भएकोले माओवादीहरूको एक परिवारबाट एक सन्तान पठाउनै पर्ने शर्त पूरा गर्न अभिभावकहरूले छोरालाई भन्दा छोरीलाई पठाउने गरेको उल्लेख छ।

फरबरी २००३ मा खोज पत्रकारिता केन्द्र (पाटन)की एक संवाददाताले माओवादीहरूमा बालिकाको संलग्नतासम्बन्धी थप जानकारी हासिल गर्न पश्चिम नेपालका दैलेख, कालिकोट र जुम्ला जिल्लाको भ्रमण गरे। गर्ल्ज इन वार नामक उक्त प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका १७ र १५ वर्षका दुई बालिकाले आफूहरू पार्टीको राजनीतिक फाँटका सदस्य भएका र आफ्नो काम पार्टीको पक्षमा समर्थन जुटाउन घर-घरमा गई "उत्प्रेरित" गर्नु रहेको बताए। एउटी बालिकाले पार्टीमा राजनीतिक र सैनिक फाँट रहेको तथा सैनिक तालिम सैनिक फाँटलाई मात्र दिइने बताइन्। उनले राजनीतिक फाँटमा सहभागी बालिकाहरूले आत्मरक्षाका लागि सकेट बम वा ग्रिनेड मात्र बोक्ने गरेको बताइन्।

उनले साबुन आदि किन्न प्रत्येक महिना १५० रूपैयाँ पाउने गरेको तर अन्य आवश्यकता परेमा आफैं जुटाउनु पर्ने कुरा पनि बताइन्। उनले गाउँलेहरूका घरमा सित्तैमा खाना खान पाउने प्रष्ट पारिन्। प्रतिवेदनका अनुसार, उनले महिला र बालबालिकाको अत्यधिक प्रयोगको प्रशंग अतिशयोक्तिपूर्ण भएको बताइन्, किनभने संवाददाताले अनुसन्धानका क्रममा धेरै महिलालाई भेटेकी थिइन। अन्तर्वार्ता लिइएकाहरूले १२ र १३ वर्ष उमेरका बालिकाहरूसमेत माओवादीमा सहभागी भएको पुष्टी गरे।

सैनिक फाँटकी एक १६ वर्षीया बालिकाले आफूले बन्दूक चलाउनुका साथै शारीरिक तालिम प्राप्त गरेको कुरा संवाददातालाई बताएकी थिइन्। उनले सन् २००२ मा जुम्ला जिल्लाको खलंगामा भएको आक्रमणमा सहभागी नभएको उल्लेख गर्दै पार्टीले निर्देशन दिएमा लडाइँमा भाग लिन जानुपर्ने बताइन्। उनले पार्टीमा सहभागी हुन पाएकोमा गर्व महसूस भएको बताइन्, किनभने अहिले तिनीसँग स्वचालित राइफल छ भने पहिले उनी आफ्ना दिन घाँस काटेर मात्र बिताइरहेकी थिइन्।

वाचलिष्टलाई जानकारी दिइएका भरपर्दा विवरणहरूमा बालिकाहरू माओवादी पार्टीभित्र यौन दुर्व्यवहार र शोषणको शिकार भएको संकेत गरिएको छ। एक भरपर्दो स्रोतले सुर्खेत जिल्लामा माओवादी महिला संगठन, अखिल नेपाल महिला संगठन (क्रान्तिकारी)की एक १९ वर्षीया किशोरीले आफू र माओवादीमा संलग्न अन्य महिला तथा बालिकाहरूको विवरण सुनाइन्:

उनले भनिन्: "उच्च तहका नेता र कार्यकर्तामात्र होइन कहिलेकाहीं हामीले आफ्नै तहका कार्यकर्ता र जनसेनाको यौन तिर्खा वा पिपासासमेत मेटाउनुपर्छ। यो पार्टीको नियम र नैतिक कर्तव्य विपरितको कार्य भए पनि पार्टीभित्रका मजस्ता धेरै महिलाको यो यथार्थ हो। कहिलेकाहीं यो मौकावश हुन्छ...तर, कहिलेकाहीं पार्टीले नै हामीलाई वाध्य पार्छ। हामीजस्ता अधिकांश महिला भने पुरूष जनसेनाका अस्थायी स्वास्नी हौं। कहिलेकाहीं...जनसेनाहरूले हामीलाई आफूसँग यौन सम्बन्ध राख्न वाध्य पार्छन्। कहिलेकाहीं हामी एक रातमा दर्जनजतिलाई सन्तुष्ट पार्न वाध्य हुन्छौं। जब मैले

पार्टीको काममा अर्को क्षेत्रमा जानु पऱ्यो, मैले सातजना जनसेनासँग यौन सम्बन्ध राख्नु पऱ्यो र यो मेरो जीवनको सबैभन्दा खराब दिन थियो ।"

**माओवादीसँग आवद्ध बालबालिकाको भर्ना र प्रयोग**

माओवादीहरूले जबर्जस्ती र "ऐच्छिक" दुवै किसिमबाट भर्ना गर्छन् । द्वन्द्वमा अभिभावक मारिएका माओवादीका बालबालिकालाई प्रतिशोधका निम्ति प्रशिक्षण दिने गरेको आरोप माओवादीहरूलाई लाग्ने गरेको छ । बाँच्नका निम्ति कमै विकल्प बाँकी रहने भएकाले यस्ता बालबालिकाहरू प्रायः प्रशिक्षित र राजनीतिकृत हुने खतरा बढी हुन्छ र माओवादीमा "ऐच्छिक रूपमा" प्रवेश गर्छन् । अभिभावकको हत्याको बदला लिन् नै बालबालिकाहरू माओवादीमा लाग्ने आधारभूत कारण रहेको समाचारहरूमा उल्लेख छ, जस्तै जनवरी ९, २००४ मा *हिमालयन टाइम्समा* प्रकाशित सुरेन्द्र काफ्लेको समाचार "आफन्तको हत्याको बदलाका निम्ति बालबालिका मर्दैछन्" र फरवरी २७, २००४ मा *बिमर्शमा* प्रकाशित समाचार "म ठूलो भएपछि मेरा बाबुका हत्यारालाई मार्छु" ।

खाना, संरक्षण वा आर्थिक कारणले पूरा हुन नसकेका अन्य चाहना पूरा गर्ने आश्वासनबाट आकर्षित भएर पनि कलकलाउँदा युवाहरू माओवादीमा सहभागी हुन्छन् । यो यथार्थ विशेषगरी सशस्त्र द्वन्द्वका कारण टुहुरा भएका वा परिवारबाट अलग्गिएका बालबालिकाको हकमा लागू हुन्छ । *नेपाल समाचारपत्रमा* पाँचथरका एक १४ वर्षे बालकका सम्बन्धमा प्रकाशित समाचारमा उनी मीठो खान पाउने र जीवन राम्रो हुन्छ भन्ने आश्वासन पाएपछि जुलाई २००३ देखि माओवादी गतिविधिमा लागेको उल्लेख छ । उनले स्वीकार गरेपछि धेरै दिनसम्म उनलाई हातहतियारको गह्रौं भारी बोकाएर इलामतिर हिडाए, अरू अगाडि हिड्न नसकेपछि उनीहरूले उनलाई पिटे । उनी भाग्न खोज्दा धेरै दिनसम्म बाँधेर राखे र निकै पिटे । अन्ततः शाही नेपाली सेनामा आत्मसमर्पण गर्न सफल भएको उनले बताए जुन फरवरी २, २००४ मा "आत्मसमर्पणको समाचार सुनेर" भनी छापियो । माओवादीमा बाबुआमाको संलग्नताबाट पनि बालबालिका माओवादीमा सहभागी भएका छन् ।

भरपर्दा स्थानीय स्रोतहरूका अनुसार, दलित बालबालिका र अत्यधिक संकटग्रस्त समूहका बालबालिकाहरू भर्ना वा "ऐच्छिक रूपमा" सजिलै माओवादीमा संलग्न हुन सक्छन् । एम्नेष्टी इन्टरनेशनलले नेपालः *ए स्पिरलिङ ह्युमन राइट्स क्राइसिसमा* वर्णन गरेअनुसार परम्परागत नृत्य पेशा गर्ने जातिकी एक १५ वर्षीया बालिका "सांस्कृतिक कार्यक्रम"मा भाग लिन बाध्य पारिएपछि त्यहाँ हुने नृत्यले तिनलाई आकर्षित गऱ्यो । माओवादीहरूसँग केही महिना बसिसकेपछि उनले माओवादी छोड्न चाहिन् । तिनलाई नाङ्गै भएर र कपाल खौरिएर जान भने । जब तिनले र तिनका काकाले तिनलाई मुक्त गरिदिन अनुनय विनय गरे तब उनीहरूले टाउको काटिदिने धम्की दिए । आफूलाई छोडिदिन तिनले धेरै आग्रह गरेपछि तिनलाई निकै पिटियो र मारिदिने धम्की दिइयो । तत्पश्चात् तिनलाई मुक्त गरियो र चार महिनापछि एम्नेष्टीले उनको अन्तर्वार्ता लिएको थियो । तर उनी आफूमाथि आक्रमण हुने वा भर्ना गरिने डरले घरमा बस्दिनन्, साथै पिटाइको असर पनि तिनलाई परिरहेको थियो ।

अर्को घटनामा, सामुहिक अपहरण गरिएका केही विद्यार्थीहरूलाई मध्य पश्चिमाञ्चल क्षेत्रका जुम्ला र जाजरकोटका "नमूना जिल्लाहरू"मा (माथि विद्यार्थी र शिक्षकहरूको अपहरण हेर्नुहोस्) जनसेना तालिम दिइयो वा विशेष जनसेना अभियानमा प्रशिक्षित गरियो । स्थानीय स्रोतहरूले वाचलिष्टलाई बताएअनुसार केही दिन वा सातापछि अपहरण गरिएका अधिकाँश विद्यार्थीहरूलाई आफ्नो घर फर्कन दिइए पनि उनीहरूले जबर्जस्ती दिइएको सैद्धान्तिक र सैनिक तालिमका क्रममा पाएको मानसिक पीडा बिर्सन सक्दैनन् । घर फर्केर आएपछि पनि ती बालबालिकालाई कारवाहीका क्रममा "आवश्यक पर्दा जहिलेसुकै बोलाउन" सक्छन् । अरू बालबालिका अपहरण भएपछि माओवादीमा महिनौं वा वर्षौं रहन्छन् ।

*नेपाल समाचारपत्र*मा जुन २२, २००४ मा प्रकाशित "अपहरित बालक मुक्त तर तनावबाट पीडित" शीर्षक समाचारका अनुसार, सिन्धुपाल्चोक जिल्लाको सिपापोखरी गाविसस्थित ऐसेलुखर्क माध्यमिक विद्यालयका एक विद्यार्थी माओवादीले २०० विद्यार्थी र शिक्षकहरूलाई मई २०, २००४ मा अपहरण गर्दा भाग्न सफल भए तर भाग्नुअघि आफूलाई दौडन, नारा लगाउन र तातो घाममा दिनभरि भाषण सुन्न वाध्य पारेको उनले बताए । घटना भएको महिनौं दिनपछि पनि माओवादीले शिक्षकहरूलाई नारा नलगाउने हो भने "परिणाम" भोग्नु पर्ला भनी धम्क्याएको उनले बिर्सन सकेका थिएन ।

*साउथ एसिया इन्टलिजेन्स रिभ्यूका* अनुसार, माओवादीहरूले आफ्नो पकड भएको कुनै एउटा स्कूललाई लक्ष्यका निम्ति छान्छन्, विद्यार्थी ठूलो संख्यामा भेला नहुञ्जेलसम्म स्कूल घेर्छन् र तालिम शिविरका लागि "ऐच्छिक रूपमा" सहभागी हुन चाहनेहरूलाई आमन्त्रण गर्छन् । सुरूमा १२ देखि १५ वर्ष उमेरका विद्यार्थी छान्छन् र राजनीतिक बैठक, वार्षिक सम्मेलन वा तालिम केन्द्रहरूका माओवादी नेताहरूको सुपरीवेक्षणमा हुने सैनिक परेड वा सशस्त्र तालिमका लागि अपहरण गर्छन् । यो

आधारभूत तालिम यी बालबालिकाका लागि .३०३ र .२२ राइफल र घरेलु सकेट बम तथा पाइप बमका साथै हल्का हतियार चलाउनका लागि पर्याप्त हुन्छ।

माओवादीहरूले १० वा १२ वर्षका बालबालिकालाई भरिया, जासूस (गुप्तचर), सूचनावाहक (सुराकी) र बम राख्ने काममा प्रयोग गरेको समाचारहरूमा जनाइएको छ। उदाहरणका लागि फरवरी १३, २००४ मा साँघुमा प्रकाशित "जब १२ वर्षे बालकले बम बनाउँछन्" शीर्षक समाचारले जनाएअनुसार, युवाहरू माओवादीहरूबाट बम कसरी बनाउने भन्ने सिकेका छन् र बाघेसाल, प्यूठानका एक १२ वर्षीय बालकले बम विष्फोट गराउँदा देब्रे हात गुमाउनु परेको थियो।

नेपालको मानव अधिकार संगठन, इह्विकनको जनवरी/फरबरी २००४ को न्यूजलेटरमा माओवादीहरूसँग काम गरेका एक पूर्व बाल सिपाहीको विवरण प्रकाशित भएको छ। उक्त घटना एक १४ वर्षीय बालकसँग सम्बन्धित छ जो माओवादीहरूबाट भाग्न सफल भएपछि इलाम जिल्लाको सदरमुकामस्थित सैनिक क्याम्पमा राखिएका थिए। बालकका अनुसार, उनी पाँचथरस्थित यासोक स्कूलको ६ कक्षामा पढ्दै गर्दा माओवादीहरूबाट अपहरित भए। उनले आफूलाई मीठो खाना र राम्रो लुगा लाउन दिने आवश्वासन दिइएको बताए। पार्टीमा प्रवेश गरेपछि उनलाई नयाँ नाम दिइयो र धेरै दिनसम्म गोली र बमको भारी बोकाएर हिडाइयो। उनलाई राम्रो खाना नदिने र छिटो हिड्न दवाव दिइएको उनले बताए। उनले भाग्न खोजेपछि निकै कुटियो। उनले बताए अनुसार, पछि उनले सेनासमक्ष आत्मसमर्पण गरे।

अप्रिल २००३ मा *हिमाल खबरपत्रिका*मा प्रकाशित "बाल सिपाही (योद्धा)हरू" शीर्षक समाचारले माओवादी सशस्त्र गतिविधिमा संलग्न बालबालिकाहरूको जीवनको झलक दिएको थियो। गोजीमा दुईवटा ग्रिनेड बोकेर हिंडेकी जुम्ला, रारालिहीकी १० वर्षीया बालिका राजूकला रावत (सम्झना)सँगको भेटबारे पत्रकारले लेखेका छन्। गाउँतिर आउने बाटोमा देखिएका कुनै पनि सरकारी सुरक्षाकर्मीलाई एम्बुसमा पार्न वा उनले देखेको कुरा जानकारी गराउन चनाखो भई बस्न उनलाई कडा आदेश दिइएको थियो। ११ वर्षीया सिरिना बुढा (सिर्जना) तथा अन्य ६ बालबालिका यस कामका लागि ग्रिनेडसहित खटिएका थिए।

त्यसै समाचारमा माओवादीहरूले एक १४ वर्षीय बालकसहित २५ जना बालबालिकालाई रारालिही उच्च माध्यमिक विद्यालयबाट जबर्जस्ती अपहरण गरेपछि उक्त बालक जुम्लाका माओवादी पार्टी प्रमुखको सुरक्षा गार्डका रूपमा कार्यरत रहेको पनि उल्लेख छ। उनलाई यसमा भाग लिने इच्छा नभए पनि अर्को विकल्प नभएको बताए।

*नेपाली टाइम्सको* जून २००४ मा प्रकाशित अर्को समाचार "बालक सेनाः स्कूले झोलाभरि ग्रिनेड बोकेर हिडेको युवा माओवादीहरूको एक समूहसँग जम्काभेट"मा उच्च हिमाली भेगमा जुत्ता र न्याना लुगाबेगर नै हिडिरहेका किशोर माओवादी लडाकूहरूको विवरण दिइएको छ। उक्त समूहका १३ वर्षीय कमाण्डर किशोरले विष्फोटक पदार्थले भरिएको कपडाको पेटी कम्मरमा बाँधेका थिए र माओवादी सिद्धान्तबारे निपूर्ण थिए। समाचारमा ती बालक र अरू बालबालिकाहरूलाई माओवादीहरूले दैलेखमा जबर्जस्ती सहभागी गराएको थिए।

रोल्पा जिल्लाको सुलिचौरमा *गोरखापत्र*ले अन्तर्वार्ता लिएका बाल सिपाहीहरूले आफूले बोकेका घरेलु हातहतियार काम नलाग्ने र ठूलो आवाजमा पड्किने बाहेक केही गर्न नसक्ने बताए। बरू उनीहरूले आफ्नो सुरक्षार्थ ग्रिनेड बोक्न चाहेको बताए। अक्टूबर ९, २००४ मा *गोरखापत्र*मा प्रकाशित "बालबालिकाहरू बन्दूक र ग्रिनेड बोक्न वाध्य" शीर्षक समाचारका अनुसार उनीहरूले आफ्नो दायित्व भनेको "जनयुद्ध"का बारेमा सूचना प्रवाह गर्नु र खाद्यान्न तथा अन्य सामग्री बोक्नु रहेको बताए।

# संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदका कार्यहरू

सशस्त्र द्वन्द्वका कारण नेपालको स्थिति निरन्तर खस्किदै गए पनि, युवायुवतीमा परेको सशस्त्र द्वन्द्वको प्रभावका बाबजूद तथा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले बालबालिकामा सशस्त्र द्वन्द्वबाट परेको असरका सम्बन्धमा गर्दै आएको घोषणा अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको विषय भए पनि, सुरक्षा परिषद्ले नेपालको अवस्थालाई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको एजेण्डाका रूपमा संलग्न गराएको छैन। तर अप्रत्यक्ष तरिकाले भए पनि सुरक्षा परिषदले स्थितिलाई निम्न अनुसार सम्बोधन गरेको छः

## बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी कार्यहरू

यस प्रतिवेदनमा विस्तृत विवरण दिइए अनुसार नेपालका युवायुवतीलाई सशस्त्र द्वन्द्वले गम्भीर असर पारेको छ। त्यसकारण, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले सशस्त्र द्वन्द्वको स्थितिमा बालबालिकाको संरक्षणका लागि गरेको निरन्तर आव्हानले प्रत्यक्षरूपमा नेपालसँग सरोकार राख्छ। यी परिस्थितिमा सुरक्षा परिषद्ले बालबालिकाको संरक्षणका लागि निम्न पाँच सुरक्षा परिषद् प्रस्ताव पारित गरी विशेष प्रतिवद्धता जाहेर गरेको छः १२६१, १३१४, १३७९ र १५३९।

## बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी महासचिवको प्रतिवेदन

बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी सुरक्षा परिषद्मा नोभेम्बर २००३ मा प्रस्तुत आफ्नो प्रतिवेदन (एस/२००३/१०५३) मा महासचिवले सुरक्षा परिषद्को एजेण्डा नभए पनि नेपालको सशस्त्र द्वन्द्वका क्रममा बालबालिकाको प्रयोग गर्ने पक्षहरूको सूचीसहित स्थिति चित्रण गरेका थिए। त्यस सूचीमा महासचिवले विशेषगरी माओवादीहरूको नाम उल्लेख गरेका छन्।

# अत्यावश्यक प्रस्तावित सुझावहरू

## माओवादीहरूका निम्ति

- नेपालका बालबालिका र किशोर-किशोरीहरूविरूद्धको हत्या र अंगभंग, विद्यार्थीहरूको अपहरण र "सांस्कृतिक" तथा अन्य सम्बन्धित कार्यक्रमहरूमा जबर्जस्ती सहभागितालगायतका सबै हिंसा तत्काल बन्द हुनुपर्छ; सशस्त्र द्वन्द्वमा बालबालिकाको संरक्षणमा आकर्षित हुने सबै अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानव अधिकारहरूको समर्थन गर्नुपर्छ।
- बाल अधिकार महासन्धिका अतिरिक्त ऐच्छिक सन्धिपत्रलाई स्वीकार गरी र रक्षासम्बन्धी यी कामहरूलाई कार्यान्वयन गर्न तत्काल कदम चाल्नुपर्छ।
- न्यूनतम साझा नीतिसहित संयुक्त क्रान्तिकारी जनपरिषद्को कार्यक्रम, नेपालमा उल्लिखित सिद्धान्तहरूको पालना हुनुपर्छ:
  - बुँदा ५८ : अशक्त, वृद्ध, परित्यक्त तथा बालबालिकाको रक्षा गरिनेछ र उनीहरूको हेरचाहका लागि विशेष ध्यान दिइनेछ।
  - बुँदा ५२ : शिक्षा सबैका निम्ति सहज, निःशुल्क र अनिवार्य बनाइनेछ। विशेष साक्षरता अभियान संचालन गरिनेछ र प्रौढ निरक्षरतासहितका सबै खाले निरक्षरताको उन्मूलन गरिनेछ, इत्यादि।
  - बुँदा ५७ : स्वास्थ्य सेवा सबैलाई निःशुल्क र सहजै उपलब्ध गराइनेछ। ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको विस्तारमा विशेष ध्यान दिइनेछ, इत्यादि।
  - बुँदा ६६ : महिलाहरूविरूद्धका सबै प्रकारका पुरूषप्रधान शोषणको अन्त्य गरिनेछ र महिलाहरूलाई पुरूषसरह सबै अधिकार दिइनेछ...महिला बेचबिखन (हेर्नुहोस्) गर्ने र बलात्कारीलाई कडा कारवाही गरिनेछ। देशभित्र र विदेशमा, मुख्यतया भारतका बेश्यालयमा बेचिएका नेपाली महिलाहरूलाई मुक्त गरी र ससम्मान पुनर्स्थापित (पुनर्वास) गरिनेछ।

- तत्काल सबै बन्द, खासगरी स्कूल बन्द गराउने र स्कूलको जाँचमा अवरोध गर्ने बन्दहरू रोक्नुपर्छ।
- तत्काल स्कूलमाथिका सबै आक्रमण वा यी संरचनालाई सैनिक वा सजिलोका लागि प्रयोग गर्न बन्द गर्नुपर्छ।
- कलिला व्यक्तिहरूको सहयोगका निम्ति आवश्यक पर्ने स्वास्थ्य र सामाजिक संरचनाको लूटपाट र आक्रमण तत्काल रोक्नुपर्छ; यसमा अस्पताल, खोप अभियान र खाद्यान्न आपूर्तिमाथिको आक्रमण रोक्नु समेत पर्छ।
- जबर्जस्ती राजनीतिक प्रशिक्षणका लागि विद्यालय मैदान वा अन्य ठाउँबाट बालबालिका र किशोरकिशोरीको अपहरण गर्ने कार्य तत्काल रोक्नुपर्छ।
- शिक्षक र स्कूल प्रशासनविरूद्धका सबै प्रकारका धम्की, त्रास, अपहरण र आक्रमणहरू तथा शिक्षकबाट जबर्जजस्ती "चन्दा" लिने काम तत्काल रोक्नुपर्छ।
- प्रत्येक परिवारका एक सदस्यलाई अनिवार्य भर्ना लिने र "एक स्कूल - एक जनसेना" नीतिका साथै जबर्जस्ती विस्थापनमा बल पुग्नेखालका सबै नीतिहरू तत्काल रोक्नुपर्छ।
- माओवादीसम्बद्ध समेत सबै बालबालिका र किशोर-किशोरीहरू विरूद्धका सम्पूर्ण बलात्कार र यौनजन्य हिंसा बन्द हुनुपर्छ।
- माओवादी सेनामा १८ वर्षमुनिका बालबालिकालाई भर्ना गर्ने काम तत्काल रोक्न र यसअघि भर्ना भइसकेकाहरूलाई परिचालित नगर्न उचित उपाय अवलम्बन गर्नुपर्छ। यसअन्तरगत सहयोगी सेवा जस्तै सञ्चारवाहक (सुराकी), भान्छे, जासूस (गुप्तचर), बारूद ओछ्याउने, भरिया र अन्य काममा लागेका बालबालिका तथा आक्रमणमा प्रत्यक्ष सहभागी बालबालिकासमेतलाई समावेश गर्नुपर्छ।
- बालबालिका र अन्य नागरिकको अंगभंग तथा मृत्युको कारण बन्ने बारूद तथा अन्य विष्फोटक पदार्थहरूको उत्पादन तत्काल बन्द गर्नुपर्छ।

## नेपाल सरकारका निम्ति

- बालबालिकाको सुरक्षा र अधिकारविरूद्धका सम्पूर्ण क्रियाकलाप तत्काल बन्द गर्नुपर्छ, हस्ताक्षर गरिसकेका सम्पूर्ण अन्तर्राष्ट्रिय सन्धि-सम्झौताप्रति प्रतिवद्ध रहनुका साथै सम्पूर्ण अन्तर्राष्ट्रिय मानवीय कानून तथा अन्तर्राष्ट्रिय मानव अधिकार, खासगरी बाल अधिकार महासन्धि (सीआरसी)को ऐच्छिक घोषणापत्र अनुमोदन गर्नुपर्छ। यसभित्र खतराको स्थितिमा रहेका सबै नेपाली बालबालिकाका लागि पूर्ण र सुचारू मानवीय सहयोगको पहुँचमा सुनिश्चिततासमेत समावेश गर्नुपर्छ।
- सशस्त्र द्वन्द्वको स्थितिमा बालबालिकाविरूद्ध हुने अत्याचारहरू, जस्तै गैरन्यायिक, हत्तारमा गरिने वा स्वेच्छाचारी हत्या, बलात्कार तथा अन्य प्रकार यौन हिंसाका साथै बालबालिकाविरूद्धको स्वेच्छाचारी हिंसामा रहेको दण्डहिनताको अन्त्यका लागि स्वतन्त्र, निष्पक्ष तथा सार्वजनिक अनुसन्धान गर्नुपर्छ।
- माओवादी र सरकारी सुरक्षकर्मीले गरेको हिंसामा पीडकहरूलाई सबै अपराधमा अन्तर्राष्ट्रिय न्यायिक मापदण्डअनुरूप सार्थक सजायँको सुनिश्चित गर्नुपर्छ।
- सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी अतिरिक्त (ऐच्छिक) सन्धिपत्र, सशस्त्र समूहमा भर्नाका निम्ति १८ वर्ष न्यूनतम उमेर कायम गर्न, बाल बेचबिखन, बाल वेश्यावृत्ति र बाल नग्नचित्र (पोर्नोग्राफी)सम्बन्धी अतिरिक्त सन्धिपत्रका साथै बाल अधिकार महासन्धि (सीआरसी)लाई तत्काल अनुमोदन गर्नुपर्छ।
- बाल अधिकारसम्बन्धी महासन्धि (सीआरसी) र यसका अतिरिक्त (ऐच्छिक) सन्धिपत्रहरूमा निर्धारित कलिलो उमेरका व्यक्तिका अधिकारसँग राष्ट्रिय कानूनको तालमेल मिलाउनुपर्छ।
- यस प्रतिवेदनमा उल्लिखित बालबालिका र किशोरकिशोरीविरूद्धका हिंसा घटाउन तथा उपचारका लागि अन्तर्राष्ट्रिय समुदाय, संयुक्त राष्ट्रसंघीय नेपाल टोली र नागरिक समाजलाई सक्रिय सहभागी गराउनुपर्छ।
- जेनेभा महासन्धि १९७७ को सन्धिपत्र १, धारा ५२ ले स्कूल र स्कूल मैदानलाई निःशर्त सम्मान गर्न सुनिश्चित गरेको व्यवस्थालाई सहयोग पुर्‍याउन सरकारी सुरक्षाकर्मीले यी संरचनाहरूलाई सैनिक र प्रहरी गतिविधिका निम्ति प्रयोग गर्न बन्द गर्नुपर्छ।
- युवायुवतीका लागि पर्याप्त शैक्षिक तथा व्यवसायिक अवसर प्रदान गर्न र सहस्राब्दी विकासका लक्ष्यहरूमा उल्लेख्य प्रगति हासिल गर्न आवश्यक कोषको व्यवस्था गर्नुपर्छ।
- सुरक्षा वा अन्य कारणले स्कूल बन्द भएका समुदायका सबै नेपाली युवालाई सुरक्षित र अविच्छिन्न शैक्षिक विकल्पका लागि सहयोग पुर्‍याउन क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ। यसअन्तरगत स्कूलको मर्मत तथा पुनर्स्थापना र शैक्षिक सामग्रीको शोधभर्ना समेतलाई समावेश गर्नुपर्छ।
- वाध्यतावश दिइएको "चन्दा"को आधारमा शिक्षकहरूलाई माओवादीहरूको समर्थन गरेको भनी सरकारी सुरक्षा फौजको शिक्षकविरूद्ध दिँदै आएको उत्पीडन, धम्की, कारवाही र हिंसा तत्काल बन्द हुनुपर्छ।
- यातायातको नाकाबन्दी, ढिलाइ वा अवरोध गराउने तथा खाद्यान्न, औषधि र अन्य अत्यावश्यक वस्तुको उपलब्धतामा असर पार्ने सबैखाले नीतिहरू बन्द गर्नुपर्छ।
- आन्तरिक विस्थापनसम्बन्धी मार्गदर्शक सिद्धान्तअनुरूप आन्तरिक रूपमा विस्थापित बालबालिका र नागरिकहरूका निम्ति संरक्षणका सिद्धान्त तत्काल लागु गर्नुपर्छ र आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी बनेको सरकारी कार्यदललाई नेपालमा आन्तरिक रूपमा विस्थापित व्यक्तिको प्रष्ट परिभाषा गर्न आग्रह गर्नुपर्छ।
- आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई सहयोग गर्न व्यापक कार्ययोजनाको विकास गरी सार्वजनिक गर्नुपर्छ र कार्यदलमा नागरिक समाजको उल्लेख्य प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ।
- आतंककारी तथा विध्वंशात्मक गतिविधिहरू (अपराध तथा सजाय) अध्यादेशमा प्रत्यायोजन भएअनुरूप न्यायिक निकायलाई निष्प्रभावी तुल्याउने गरी निवारक नजरबन्दमा राख्न पाउने अवधि ६ महिनाबाट घटाएर यसको सुरूआतजस्तै ९० दिनमा पुर्‍याउनु पर्छ।
- नेपाल बालबालिका ऐन (१९९२) को दफा १७ ले राखेको १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि काममा श्रमिक बनाउन नपाइने र १४ वर्षभन्दामाथिका युवा मानिसका सम्बन्धमा राखिएको श्रम शर्त तत्काल कार्यान्वयन हुनुपर्छ।
- बारूदी सुरूङको प्रयोग तत्काल रोक्न बारूद प्रतिबन्ध सन्धि र यससम्बन्धी राष्ट्रिय बारूदी कार्य योजनाको निर्माणका साथै सम्पूर्ण अनुबन्धको शीघ्र अनुमोदन र कार्यान्वयन गर्नुपर्छ।
- सरकारी काममा यी समुदायको कामलाई राम्ररी सम्बोधन गर्न दलित, थारू, तराईवासी, जनजाति र अन्य उपेक्षित ( पाखा पारिएका) समुदायको राष्ट्रिय कर्मचारीतन्त्र र अरू सरकारी पदमा भर्ना वृद्धि गर्नुपर्छ।

**नेपाल सरकारः सुरक्षा फौजसम्बन्धमा**

- शाही नेपाली सेनाद्वारा बालबालिकालाई जासूसीमा लगाउने कुनै पनि काम तत्काल रोकिनु पर्छ र शाही नेपाली सेनाले थुनामा राखेका बालबालिकाको तत्काल पहिचान गर्नुपर्छ।
- जन्म दर्तामा हुने अनियमितताबाट फाइदा उठाएर १८ वर्षमुनिका बालबालिकालाई प्रयोग वा भर्ना गर्न नसकिने अवस्था सुनिश्चित गर्नुपर्छ।
- सरकारी सादा पोशाकका सुरक्षा फौजका साथै सबै सुरक्षाकर्मीबाट हुने सबै बलात्कारका घटना र बालिकाविरूद्धका सबैखाले यौनजन्य हिंसा नहुने स्थिति सुनिश्चित गर्नुपर्छ भने पीडकहरूमाथि कारवाही गर्न यससम्बन्धी सम्पूर्ण घटनाको अनुसन्धान गर्नुपर्छ। सरकारले सशस्त्र फौजमा संलग्न तथा अन्य सबै सुरक्षा फौजलाई लैंगिक हिंसा र यस्तो अपराधमा संलग्न हुँदा हुने सजायका सम्बन्धमा तालिम र विशेष निर्देशन दिनुपर्छ।
- कुनै अभियोग वा अनुसन्धानबिना बालबालिकालाई स्वेच्छाचारी ढंगले थुनामा राख्ने प्रचलन तत्काल बन्द हुनुपर्छ र "बेपत्ता" पार्ने काम तत्काल रोकिनुपर्छ।

## संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदका निम्ति

- सशस्त्र द्वन्द्व प्रभावित बालबालिकाहरूको संरक्षणका लागि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का प्रस्तावहरू १२६१, १३१४, १३७९, १४६० र १५३९ र अन्य सम्बन्धित प्रस्तावहरूमाथि गरिएको प्रतिवद्धताको कार्यान्वयन गर्नुपर्छ।
- यहाँका बालबालिका र किशोरकिशोरीमा परेको गम्भीर र जीवनको जोखिमपूर्ण स्थितिलाई मध्यनजर (ध्यानमा) राखी अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षाको महत्वपूर्ण विषयका रूपमा नेपालको सशस्त्र द्वन्द्वलाई संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को कार्यसूची (एजेण्डा)मा समावेश गर्नुपर्छ।
- शाही नेपाली सेनालाई सरकारी सुरक्षा फौजले गरेको, खासगरी बालबालिका र किशोरकिशोरीविरूद्ध गरेको मानव अधिकार उल्लंघनका सम्बन्धमा प्रष्ट कारवाही नभएसम्म अन्तर्राष्ट्रिय शान्तिस्थापना कार्यमा भाग लिन रोक लगाउनु पर्छ।
- बाल सिपाही भर्ना तथा प्रयोग, बालबालिकाको हत्या तथा अंगभंग, बलात्कार तथा अन्य यौनजन्य हिंसा, अपहरण तथा जबर्जस्ती विस्थापन, स्कूल र अस्पतालविरूद्धको आक्रमण, बेचविखन, जबर्जस्ती श्रम तथा नेपाली बालबालिकाविरूद्धका सबै खाले हिंसाको कडा विरोध गर्नुपर्छ (संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव १५३९, अनुच्छेद १)।
- बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी महासचिवका विशेष प्रतिनिधि (एसआरएसजी-सीएसी)लाई तत्काल नेपाल भ्रमणका निम्ति आव्हान गर्नुपर्छ। भ्रमणको आधारभूत उद्देश्य सशस्त्र द्वन्द्वमा बालबालिकाको संरक्षणका लागि सरकार र माओवादीको प्रतिवद्धता लिने भनी हुनुपर्छ। यी प्रतिवद्धतालाई संयुक्त राष्ट्रसंघीय विशेष प्रतिनिधिले निरन्तर तथा सार्वजनिकरूपमा अनुगमन गरिरहनुपर्छ।
- सुरक्षा परिषद्मा नेपालको सशस्त्र द्वन्द्वमा बालबालिका र किशोरकिशोरीलाई परेको असरका सम्बन्धमा जानकारी दिन ("आर्रिया फर्मुला")का लागि अनुरोध गर्नुपर्छ।
- नेपालको सशस्त्र द्वन्द्वमा बालबालिकाविरूद्धको हिंसाको अनुगमन गर्ने प्रष्ट जिम्मेवारी दिइएको स्थानीय वा राष्ट्रिय तहमा कार्य गर्न सक्ने व्यापक नागरिक समाजको संरचना स्थापनाका निम्ति संयुक्त राष्ट्रसंघीय सहयोगको अनुमोदन र आव्हान हुनुपर्छ।
- संयुक्त राष्ट्रसंघको नेपालस्थित आवासीय प्रमुखलाई सरोकारवाला र माओवादीसँग खतरामा परेको जनसंख्यामा अविच्छिन्न मानवीय पहुँच सुनिश्चित गर्न मानवीय (ह्युमेनिटेरियन) करिडोर स्थापना गर्न र/वा अमनचयनका दिनहरू निर्धारण गर्न भनी वार्तामा संलग्न हुन आव्हान गर्नुपर्छ।
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको सुरक्षा र अधिकारमा विशेष केन्द्रित भई काम गर्ने गरी नेपालका निम्ति विशेष प्रतिनिधि तोक्न मानव अधिकार उच्चायुक्त (यूएनएचसीएचआर)को कार्यालयलाई आव्हान गर्नुपर्छ।
- मानव अधिकार उच्चायुक्तको कार्यालयलाई राष्ट्रिय मानव अधिकार आयोग र अन्य मानव अधिकारवादी संस्थाहरूलाई सशस्त्र द्वन्द्वमा बालबालिकाविरूद्धका हिंसाहरूको सामूहिक रूपमा स्वतन्त्र अनुगमन र प्रतिवेदनमा सहयोग पुऱ्याउनका लागि नेपालमा कार्यालय खोल्न आव्हान गर्नुपर्छ।
- ओसीएचएका आकस्मिक सहायता संयोजकलाई आवासीय टोलीलाई विशेषगरी आन्तरिकरूपमा विस्थापित बालबालिका लागि जोड दिइएको आकस्मिक कार्य संयोजनमा सहयोग पुऱ्याउन नेपाल भ्रमणका निम्ति अनुरोध गर्नुपर्छ।

**संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्: शिक्षासम्बन्धमा**

- सरकारी सुरक्षा फौज र माओवादीलाई विद्यार्थी, शिक्षक र स्कूल भवनमा आक्रमण रोक्नुका साथै स्कूल तथा स्कूल मैदान कब्जा गर्न बन्द गर्न आव्हान गर्नुपर्छ।
- माओवादीलाई स्कूललाई अवरोध गर्ने अस्थायी "सांस्कृतिक कार्यक्रम"का साथै स्कूल र समुदायबाट बालबालिका र शिक्षकहरूको अपहरण गर्न रोक्न आव्हान गर्नुपर्छ।
- स्कूलको स्वतन्त्र र आधिकारिक अनुगमनका निम्ति संयुक्त राष्ट्रसंघीय आवासीय टोलीलाई आव्हान गर्नुपर्छ।
- बालबालिकालाई शान्ति क्षेत्रको सिद्धान्तप्रतिको प्रतिवद्धताको पालनाका निम्ति नेपाल सरकार र माओवादीहरूलाई आव्हान गर्नुपर्छ।

**संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्: बाल सिपाही (सैन्य)का सम्बन्धमा**

- माओवादीलाई १८ वर्ष मुनिका बालबालिकाको सबै प्रकारको अपहरण, भर्ना र प्रयोग तत्काल रोक्न र माओवादीमा आवद्ध भएका १८ वर्ष पुगिनसकेका व्यक्तिहरूलाई छोड्न आव्हान गर्नुपर्छ।
- नेपालमा बाल सैन्यसम्बन्धमा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव १५३९ (अनुच्छेद ५) लाई ध्यानमा राखी काम गर्नुपर्छः
  १. (बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी महासचिवको प्रतिवेदन २००३, एस/२००३/१०५३ मा नाम उल्लेख गरिएका) माओवादीहरूलाई समेत लागु हुने अन्तर्राष्ट्रिय अनुबन्धअनुरूप हिंसामा बालबालिकाको प्रयोग रोक्न तीन महिनाभित्र ठोस र समयवद्ध कार्य योजना बनाउन आव्हान गर्नुपर्छ।
  २. यी पक्षसँग समयवद्ध कार्ययोजनाको पालनामा नियमित पुनरावलोकनका लागि छलफलमा रहने जिम्मेवारी पाएको सम्पर्क व्यक्ति नियुक्त गर्न महासचिवलाई आव्हान गर्नुपर्छ।
  ३. सम्वद्ध पक्षले आफ्ना कार्ययोजनामा समावेश गरेका प्रतिवद्धता पूरा गर्न नसकेमा उनीहरूमाथि लागू हुने लक्षित र त्यपछिका प्रक्रिया बारे विचार गर्नुपर्छ।
- बालबालिकाहरूको तत्काल प्रभावकारी निःशस्त्रीकरण, सैन्य भंग (विघटन), पुनःएकीकरण र पुनर्स्थापना कार्यक्रम विकासका लागि संयुक्त राष्ट्रसंघीय आवासीय टोली र अन्य मानवीय समुदायलाई सरकार र माओवादीहरूसँग काम गर्न आव्हान गर्नुपर्छ। यसमा फौजबाट फिर्ता भएका बालबालिकाको चिकित्सा, मानसिक सहयोग, शिक्षा र सफल संक्रमण सुनिश्चित गर्न दीगो सहयोगका साथै उपचार तथा सहयोगको व्यवस्था समेत समावेश गर्नुपर्छ।

**संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्: शरणार्थी तथा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूका सम्बन्धमा**

- सरकारलाई आन्तरिक रूपमा विस्थापित बालबालिका तथा किशोरकिशोरीलाई विशेष ध्यान दिँदै आन्तरिक रूपमा विस्थापितसम्बन्धी मार्गदर्शक सिद्धान्त तत्काल लागू गर्न आव्हान गर्नुपर्छ (संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव १३७९ ८(ख))।
- भारतमा रहेका शरणार्थी बालबालिकालाई आकस्मिक सहयोग प्रदान गर्न संयुक्त राष्ट्रसंघीय शरणार्थी आयोग ( युएनएचसीआर)लाई आव्हान गर्नुपर्छ र यस जनसंख्याको व्यापक अध्ययन गरी शरणार्थी बालबालिकाको यौन शोषण र दुर्व्यवहार हुनसक्ने खतराको स्थितिलाई विशेष ध्यानमा राखी सहयोग गर्नुपर्छ (संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव १३७९, अनुच्छेद ८(ख) तथा ११)।

**संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्: अन्य हिंसाका सम्बन्धमा**

- लैंगिक हिंसामा बाँचेका तथा साक्षीहरूको प्रभावकारी कानूनी संरक्षण गर्न र बलात्कार तथा अन्य प्रकारका यौनजन्य हिंसामा रहेको दण्डहीनता अन्त्य गर्न प्रभावकारी काम गर्न सरकारलाई आव्हान गर्नुपर्छ।
- सरकारलाई, खासगरी व्यक्तिको बेखबिखन तथा आप्रवासीको गैरकानूनी ओसारपसारसम्बन्धी सन्धिपत्रमा हस्ताक्षर, अनुमोदन र कार्यान्वयनका साथै अन्तरदेशीय संगठित अपराधविरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमादेन र कार्यान्वयनका लागि आव्हान गर्नुपर्छ।
- ग्रामीण नागरिक समुदायलाई सशस्त्र गर्ने ग्रामीण सुरक्षा सेनासम्बन्धी कार्यक्रम तत्काल रोक्न नेपाल सरकारलाई आव्हान गर्नुपर्छ।

**संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्: शान्ति प्रक्रियाका सम्बन्धमा**

- कुनै पनि शान्ति प्रक्रिया र शान्ति सम्झौतामा बाल सैनिकको निःशस्त्रीकरण, सैन्य विनियोजन, पुनःएकीकरण तथा पुनर्स्थापनाका साथै बालबालिकाको संरक्षण, अधिकार र कल्याण सुनिश्चित हुनुपर्छ (संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव १४६०, अनुच्छेद ११; र सोही प्रस्ताव १३७९, अनुच्छेद ८(ङ)) ।
- नागरिक समाजका समूहहरू, खासगरी युवा समूहहरूलाई विशेषगरी उनीहरूको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने कुनै पनि शान्ति सम्झौता र शान्ति प्रक्रिया कार्यक्रम र नीतिसम्बन्धमा सक्रिय सहभागी गराउनु पर्छ (संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव १३७९, अनुच्छेद ८(घ)) ।

## संयुक्त राष्ट्रसंघीय राष्ट्रिय टोली र मानवीय कार्यमा संलग्न समुदायका निम्ति

- नेपालको सशस्त्र द्वन्द्वका सन्दर्भमा बालबालिकाविरूद्धका हिंसासम्बन्धी समन्वय भएका तथ्यांक संकलन, मिलान र प्रसार गर्ने कामलाई दीगो बनाउनु पर्छ ।
- कुनै हस्तक्षेप बेगर समुदायलाई सुरक्षित र पहुँचयुक्त स्कूल संचालन वा स्कूल पुनर्स्थापनाका लागि सहयोग उपलब्ध गराउनुपर्छ ।
- नेपालको आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको संकटलाई संवोधन गर्न उनीहरूको अनुगमन, सेवा र संरक्षणमा केन्द्रित प्रमुख निकायको स्थापना गरेर समन्वित क्रियाकलाप सुरू गर्नुपर्छ । थप विस्थापन हुन नदिन र आएकालाई सहयोग पुऱ्याउन यसले तत्काल, समुदायमा आधारित आधारभूत सेवाहरू सुनिश्चित गर्नुपर्छ ।
- बालिका र किशोरहरूको विशेष खतरापूर्ण स्थितिलाई संवोधन गर्न एचआइभी/एड्स शिक्षा र रोकथाम कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।
- स्थानीय जिल्लास्थित नेपाली गैससलाई ग्रामीण क्षेत्रमा नागरिक समाजले सक्रिय भएर काम गर्न सक्छ र बालबालिकाविद्धका हिंसामा संरक्षण गर्ने बढी क्षमता छ भन्ने सुनिश्चित गर्न सहयोग विस्तार गर्नुपर्छ । यसका लागि संगठनात्मक संरचना र ज्यादै खतरामा रहेको र उपेक्षित दलित, थारू, तराइवासी, जनजाति र अरू जनजाति समूहजस्ता समुदायको सशक्तीकरणको आवश्यकता पर्छ ।
- संयुक्त राष्ट्रसंघीय निकायमा दलित, थारू, तराईबासी, जनजाति र अन्य जनजाति समुदायबाट यी निकायका काममा स्थितिलाई राम्रो सम्वोधनका निमित कर्मचारी वृद्धि गर्नुपर्छ ।

## दाताहरूका निम्ति

- नेपालका बालबालिका र किशोरकिशोरीको अवस्थामा सुधार ल्याउनका निम्ति व्यापक क्षेत्रमा सहयोग गर्नुपर्छ, तर निम्न बमोजिमका क्षेत्रमा मात्र सीमित हुनुहुँदैनः
  - सामुदायिक क्षेत्रमा आधारभूत स्वास्थ्योपचार तथा खोपको उपलब्धता
  - विस्थापन वा सशस्त्र द्वन्द्वको असरका कारण स्कूल छुटेको युवायुवतीलाई विशेष ध्यानसहितको शैक्षिक अवसर
  - बलात्कार वा हिंसाका अन्य स्वरूपबाट बाँचेकाहरूका लागि आकस्मिक हेरविचार
  - खतरायुक्त अवस्थामा रहेका बालिका र किशोरकिशोरीलाई विशेष ध्यानाकर्षण गरिएको एचआइभी/एड्स परीक्षण, शिक्षा, रोकथाम तथा उपचार
  - बारूदी खतरासम्बन्धी शिक्षा र बारूदबाट बाँचेकाहरूलाई सहायता
  - एक्ला (बिछोडिएका) तथा टुहुरा बालबालिका, सडक बालबालिका, सशस्त्र फौजमा रहेका बालबालिका र कसैको साथमा नरहेका युवायुवतीको पारिवारिक भेटघाट कार्यक्रम
  - माथिको सहयोग राजनीतिक संलग्नताभन्दा पनि मानवीय आवश्यकतामा रहेका बालबालिका र नागरिकहरूका लागि भएको सुनिश्चित गर्नुपर्छ भने ग्रामीण, शहरी र अर्ध-शहरीक्षेत्रका जनताको आवश्यकता पूरा गर्न सबै प्रयास हुनुपर्छ ।
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई सेवा र कार्यक्रम संचालन गर्नुका साथै नेपालमा चालू सशस्त्र द्वन्द्वको स्थितिमा युवायुवतीविरूद्धको हिंसाको अनुगमन र प्रतिवेदन गर्न नेपालका नागरिक समाजका संस्थाहरूको क्षमता अभिवृद्धिका लागि सहयोग गर्नुपर्छ ।
- अत्यन्तै उपेक्षित अवस्थामा रहेका नेपाली समुदायलाई प्रतिनिधित्व गर्ने विशेषगरी यी समुदायले नै व्यवस्थापन गरेका स्थानीय गैससको सुदृढीकरण गर्नुपर्छ ।

- बालबालिका, विशेषगरी कम शैक्षिक अवसरप्राप्त जाति तथा जनजाति समुदायका बालिकाहरूलाई माध्यमिकभन्दा माथि स्नातक तहसम्म छात्रवत्ति प्रदान गर्नुपर्छ ।
- नेपालका सबैभन्दा उपेक्षित र खतरामा रहेका समुदाय जस्तै दलित, थारू, तराइवासी, जनजाति र अन्य जनजाति समूहबाट दाता संगठनभित्रै पनि व्यापक विविधताका लागि कर्मचारी भर्ना गर्नु पर्छ ।

# स्रोतहरू

**Advocacy Forum** http://www.cocap.org.np/members/Advocacy_Forum.html
Illegal Arrest, Detention and Disappearance of a 15-Year-Old Girl, of Kharelthok VDC-6, Kavre by Security Forces: Annex I, Extra-Judicial Killings of Two Young Girls in Pokahari Chauri-4, Kavre District, Nepal by Security Forces, February 19, 2004

**Agence France-Presse**
UNICEF: Suffering of Nepal's Children Unnoticed on International Stage, October 17, 2003

**Amnesty International (AI)** www.amnesty.org
Nepal: A Spiraling Human Rights Crisis, April 2002
Nepal: A Deepening Crisis, (AI Index: ASA 31/072/2002), December 2002
Urgent Alert (AI, Index ASA 31/001/2003), 4, December 24, 2002
2003 UN Commission on Human Rights: A Time for Deep Reflection, (AI Index: IOR 41/025/2002), 2003
Nepal: Escalating "Disappearances" Amid a Culture of Impunity, August 2003
2004 UN Commission on Human Rights, Mission: To Promote and Protect Human Rights, *Addendum*, 2004
Amnesty International's Visit to Nepal: Official Statement, February 4, 2004
Open Letter Condemning the Abduction and Killing of Civilians and the "Blockade" of Kathmandu by the Communist Party of Nepal (Maoist), August 18, 2004

**Annapurna Post**
163 School Teachers Killed During the 9-Year-Long Conflict, September 12, 2004
Immunization Service Disrupted After Blast, September 24, 2004

**Backward Society Education, BASE** www.base.org.np
BASE: The Development of a Grassroots Movement by Thomas Cox, 1994

**BBC News** www.bbc.com
Aid Agencies Warn Rebels in Nepal, March 17, 2004
Third Time Lucky for New Nepal PM¿, June 2, 2004
Indian-Run School in Nepal Bombed, June 9, 2004
Timeline: Nepal: A Chronology of Key Events, September 1, 2004

**Beyond Beijing Committee**
Nepal: CEDAW, Alternative Advocacy, January 2004

**Bimarsha**
When I Grow Up I Will Kill My Father's Killers, February 27, 2004

**CARE Nepal,** www.carenepal.org

**Center for Investigative Journalism (Patan)**
Girls in the War, by Manjushree Thapa, 2003

**Centre for Victims of Torture, Nepal (CVICT)**
Rapid Assessments on The Sanjivani Class-room Based Intervention: Effective Parenting as Implemented by Save the Children–US, June 2004

**Child Workers in Nepal Concerned Centre (CWIN)** www.cwin-nepal.org
The State of the Rights of the Child in Nepal, 2003
Child Labour in Nepal, 2004
Facts About Human Trafficking, 2004

Street Children in Nepal, 2004
Facts About Girls in Nepal, January 2004
Children and Armed Conflict, January–June 2004
National Bi-Annual Report, The State of the Rights of the Child in Nepal, January–June 2004

**Coalition to Stop the Use of Child Soldiers** www.child-soldiers.org
Child Soldiers Global Report, 2001
Child Soldiers 1379 Report, 2002
Child Soldier Use 2003, 2003

**Communist Party of Nepal (Maoist) – Central Committee**
Press Statement, October 15, 2004

**Community Study and Welfare Centre (CSWC)**
Information Monitoring on Nepal Conflict and Conflict-Generated Displacement: CSWC, Media and Other Sources, June 2004
Armed Rebellion and State of Children in Nepal (unpublished), October 19, 2004

**Concern Nepal** www.concern.com.np
The Concern, “Different Forms of Child Labour: The Burning Issue of Child Exploitation in Nepal,” Vol. 6, No. 29, October 2003

**Economist Intelligence Unit** www.eiu.com
Nepal Country Profile 2003

**European Commission Conflict Prevention and Crisis Management Unit**
Conflict and Food Security in Nepal: A Preliminary Analysis, 2003

**Federation of Nepalese Journalists**
Nepal Situation Report, (Presented at a Seminar of the International Federation of Journalists, Kathmandu, 26–29 September 2004)

**Ghatana Ra Bichar**
Police Became Custodian to Victimized Children, February 11, 2004

**Gorkhapatraa**
Children Forced to Carry Guns and Grenades, October 9, 2004

**Himal**
Rebel Brutality on Teachers, Political Parties Silent, February 1–15, 2002
Himal, “Bombs and Landmines in the Corn and Paddy Fields, December 1–15, 2003
Dead in Villages, Shelter in the Forests, December 16–31, 2003

**Himal Khabarpatrika**
Child Warriors, April 13, 2004

**Himalayan News Service**
Children of Violence, April 22, 2004
U.S. Military Aid—A Lifesaver¿, April 2004

**The Himalayan Times**
Kids Dying to Avenge the Killing of Kith and Kin, January 9, 2004
Maoists Abduct More than 1,000, April 21, 2004
14 Teachers, 40 Pupils Abducted from Valley, July 18, 2004
Phidim, Ilam Deserted: Locals Obey Rebel Diktat Despite High Security, September 8, 2004
Maoist Diktat Triggers Exodus, September 25, 2004
Maoists Loot Drugs, September 29, 2004
Maoists Using Children as Porters, November 6, 2004

**HimRights and ActionAid Nepal** www.inhured.org
Nepal: Resisting Trafficking in Women: Auditing Testimonies and Restoration Approaches, 2003

**Human Rights Watch (HRW)** www.hrw.org
Trapped by Inequality: Bhutanese Refugee Women in Nepal, September 2003
Discrimination Against Dalits in Nepal, February 9, 2004
Between a Rock and a Hard Place: Civilians Struggle to Survive in Nepal's Civil War, October 2004

**INF, Displaced People Initiative**
Research Report on Internally Displaced People of Western Region Nepal, December 2003–February 2004

**Informal Sector Service Centre (INSEC)** www.insec.org
Human Rights Yearbook: Strangled Democratic Exercise, 2004
Number of Victims Killed, 13 February 1996–4 August 2004

**Institute of Human Rights Communication (IHRICON)** www.ihricon.org
IHRICON Bulletin, Our News, Volume1/No. 1, January/February 2004

**International Campaign to Ban Landmines/Nepal Campaign to Ban Landmines (ICBL/NCBL)** www.icbl.org and www.nepal.icbl.org
Landmine Monitor 2003

**International Crisis Group (ICG)** www.icg.org
Nepal: Dangerous Plans for Village Militias, February 17, 2004

**International Labour Organization–International Programme on the Elimination of Child Labour**
Nepal: Situation of Child Porters: A Rapid Assessment, 2001

**Kantipur** www.kantipuronline.com
Attack on Bus: Five Passengers Burn Alive, February 23, 2002
No Treatment for Wounded Children, January 23, 2004
Conflict Victims: Nepali Children in Delhi Orphanage, February 1, 2004
Chhaimelay Youths and Students Leave as Fear Psyche Mounts, March 26, 2004
Maoists Force 300 Captives to Join Military, April 29, 2004
57 Students and Teachers Abducted from Valley, July 20, 2004
Child Orphaned Due to AIDS, July 23, 2004
Salaries to Maoists, Family Empty Handed, July 26, 2004
200 Teachers and Students Abducted in One Month, July 26, 2004
Children Being Displaced Due to Terrorizing Conflict, August 1, 2004
After Army, It's Maoists Turn to Bow Down to Children, October 7, 2004
Maoists Dig Trenches in School in Achham, October 29, 2004

**The Kathmandu Post** www.nepalnews.com
Maoists Apologize for Baglung Incident, February 20, 2003
Six Explosions Rock the Valley, September 9, 2003
Looked Like a Beautiful Doll, Exploded, February 15, 2004
Children in Maoist Ranks, June 17, 2004
Security Agencies Demand Additional Rs 11 Billion, August 30, 2004
Villagers Flee Maoist Abduction, October 10, 2004
All Schools, Colleges Close in Kanchanpur, October 13, 2004

**Maiti Nepal** www.maitinepal.org
The Journey of a Decade, Special Publication for the Tenth Anniversary, 2003

**National Coalition for Children as Zones of Peace (CZOP)** http://www.cwin-nepal.org/resources/issues/cic/coalition4czop.htm
The Summary Version of the Report Submitted to the National Human Rights Commission on the Shree Sharada Higher Secondary School, Mudhbhara, Doti Incident, 2003
Media Release: Peace Call to Let Students Give SLC Examinations, March 24, 2004
CZOP E-News, Give Peace a Chance, September 2004

**National Human Rights Commission (NHRC)** www.nhrc-nepal.org
Human Rights in Nepal: A Summary Report 2003

**Nepal**
Conflict Displacing Village Girls, May 4, 2004
Retaliation Against Maoists in Adibashi Village, May 30, 2004

**Nepali Times**
Selling Sex to Survive, #190, 2–8 April 2004
Forced to Go Voluntarily, 21–27 May 2004
Boys Army: A Chance Encounter with a Group of Young Maoists with Schoolbags Full of Grenades, #201, 18–24 June 2004
Health Post Bombed, Vaccine Drive Halted, #215, 24–30 September 2004

**Nepalnews.com**
UNICEF Urges Govt., Maoists to Protect Child Rights, March 2004
500 Ex-Kamaiyas Abducted, May 7, 2004
500 Teachers Abducted in Udaypur, June 4, 2004
200 Teachers Abducted in Sindhuli, Other Details, June 8, 2004
500 Teachers, Students Abducted in Jajarkot, June 8, 2004
One Minor Killed in Blast, June 14, 2004
Maoists Lynch Dalit Youth, June 23, 2004
Maoists Execute 15-Year-Old Boy, August 8, 2004
Maoists Attack Christian School in Ghorka, September 13, 2004
Nearly 1,000 People Fell Victims of Landmines, October 15, 2004
Rebels 'Abduct' Hundreds of Youths in Baglung, October 28, 2004
Students Desert Schools As Maoists Intensify Abduction, October 28, 2004

**New York Times** www.nytimes.com
Dark Days in Shangri-La (Samrat Upadhyay), November 10, 2003
Maoist Rebellion Shifts Balance of Power in Rural Nepal, February 5, 2004

**Norwegian Refugee Council (NRC)**
Global IDP Database, www.idpproject.org

**Rajdhani**
Thousands of Women in Karnali Region Undergoing Military Training, March 23, 2003
Student Suicide, January 11, 2004
School Children in War Exercise, May 10, 2004

**Reporters Without Borders (RSF)** www.rsf.org
Annual Report 2004

**Samacharpatra**
Armed Police Rape 16 year Old. December 31, 2003
On Hearing the Surrender News, February 2, 2004
Rolpa Children Happy with War Games, April 10, 2004
Harassment from Maoists and Security Forces, April 15, 2004
Prohibition of Fees May Affect Education of 200,000 Students, May 11, 2004
Abducted Child Released but Undergoes Mental Tension, June, 22, 2004

**Samay National Weekly**
Scared for Life, May 1, 2004

**Sanghu**
When a 12-Year-Old Makes a Bomb, February 23, 2004

**Save the Children Alliance** www.savethechildren.net/nepal
Nepal: Key Issues: Access to Health Services (retrieved 2004)
Nepal: Key Issues: Improving Rural Health (retrieved 2004)

**Save the Children, Children's Environments Research Group and UNICEF**
What's the Difference¿ An ECD Impact Study from Nepal, 2003

**Save the Children, Institute of Human Rights Communications in Nepal and Nepal National Social Welfare Association (NNSWA)**
Nepal: Children in Conflict: A Compilation of Studies, August 2002

**Save the Children, Norway, UK, and US**
Children Affected by Armed Conflict in Nepal: Report on a Consultation with Save the Children Norway, Save the Children UK and Save the Children US to Explore Policy and Programming, (Elizabeth Jareg) January–February 2003

**Save the Children–UK**
A Life Without Basic Service: "Street Children Say," 2003
Assessment of Separated Children in Nepal, February 3–March 21, 2003

**Save the Children–US**
Everyone Counts: Dalit Children and the Right to Education in Nepal, 2004

**Schools and Children Rights to Education and Health in Bajura District**
A Field Investigation Report of the Facts-Finding Monitoring Team Submitted to National Human Rights Commission, January 8, 2004

**Small Arms Survey** www.smallarmssurvey.org
Small Arms Survey: Counting the Human Cost, 2002
Small Arms Survey: Development Denied, 2003

**South Asia Intelligence Review** http://www.satp.org/satporgtp/sair/
Nepal: Arming the Children, March 2004

**South Asia Monitor** www.southasiamonitor.org
Nepal's nightmare: Saving its young from AIDS, August 2003

**Spacetime Dainik**
Maoists Force Teachers to Wear Combat Dress, June 16, 2004

**Terre des Hommes in Nepal** www.tdhnepal.org
Child Trafficking in Nepal: An Assessment of the Present Situation, June 2003
Letters from Kathmandu, Volume 5, May 2004

**UN News Service** www.un.org/apps/news
Nepal: UN Food Programme Warns Its Activities Threatened by Conflict, September 13, 2004

**UNAIDS** www.unaids.org
Country Profile: The HIV/AIDS/STD Situation and the National Response in Nepal, January 2002

**Understanding Children's Work Project**
Understanding Children's Work (UCW) in Nepal, Report prepared for UCW, a research co-operation initiative of the International Labour Organization, UNICEF and World Bank, March 2003

**UNICEF**, www.unicef.org
Statistics at a Glance: Nepal www.unicef.org/infobycountry/nepal_statistics.html
The Progress of Nations: The Lost Children "Commentary: Reaching the Unreached" (Juan Somavia, International Labour Organization), 2000 www.unicef.org/pon00
The State of the World's Children 2004 www.unicef.org/sowc04

**United Revolutionary People's Council Nepal (URPC)**
Common Minimum Policy and Programme of the United Revolutionary People's Council Nepal

**UNOCHA**
Report of the OCHA/IDP Unit Mission to Nepal, 31 May–12 June 2004

**U.S. Committee for Refugees** www.uscr.org
World Refugee Survey 2003

**U.S. Department of State** www.state.gov
Trafficking in Persons Report, 2004

**Washington Times**
Rebel Pledges “Fight Till End,” December 11, 2003

**WAVE Magazine** www.wavemag.com.np
Issue 85, Sex Work and Male “Invincibility,” (by Jemima Sherpa), January 2004

**Women’s Feature Service (New Delhi)**
Children Pay with Childhood, August 11, 2003
Children as Zones of Peace, September 22, 2003

**World Bank Group**
Nepal Priorities and Strategies for Education Reform, 2001
Nepal/HIV/AIDS Update 2002
Nepal at a Glance, 2003

वाचलिष्टले सुरक्षा परिषद्ले पारित गरेका १२६१, १३१४, १३७९, १४६० तथा १५३९ का प्रस्तावनाहरूको मापदण्ड तथा बालअधिकारसम्बन्धी सन्धिपत्रको सिद्धान्तका साथै अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकार तथा मानवीय मापदण्डको दायराभित्र बसी आफ्नो कार्य सञ्चालन गर्छ ।

उपरोक्त सूचना भने विश्वका विभिन्न भागमा बालबालिकाका क्षेत्रमा कार्यरत संघ संस्थाहरूको व्यापक सञ्जालबाट संकलन गरिएको हो । सोको विश्लेषण विभिन्न विधाका विज्ञ र/वा विशेष सन्दर्भमा अनुभव बटुलेका व्यक्तिहरूको टोलीबाट गराइएको छ । सार्वजनिक स्तरमा प्राप्त गर्न सकिने सूचनाका स्रोतहरूलाई प्रतिवेदनमा सोझै उद्धृत गरिएको छ । सबै स्रोतहरूलाई तिनको सुरक्षाको संरक्षण गर्न अंग्रेजी वर्णक्रमानुसार प्रतिवेदनको अन्त्यमा समावेश गरिएको छ ।

वाचलिष्टलाई सुपरीवेक्षण भने बालबालिका तथा मानव अधिकारसम्बन्धी विषयमा काम गर्ने बालबालिका र मानवीय कार्यमा ख्यातिप्राप्त अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू सदस्य रहेको संचालन समितिले गर्छ । यस प्रतिवेदनमा प्रस्तुत धारणाहरूले सञ्जालभित्रका कुनै पनि संस्था वा संचालक समितिको विचारलाई प्रतिनिधित्व गर्दैन ।

कृपया वाचलिष्टसम्बन्धी थप जानकारी चाहिएमा वा विशेष प्रतिवेदन वा खास द्वन्द्वको अवस्थामा रहेका बालबालिकासम्बन्धी सूचना आदानप्रदान गर्न चाहनु भएमा निम्न इमेल ठेगाना वा वेभसाइटमा सम्पर्क गर्न सक्नु हुनेछः watchlist@womenscommision.org वा www.watchlist.org


Nepal
N
W
E
S
100
0
100 Kilometers
HUMLA
DARCHULA
BAJHANG
MUGU
BAITADI
BAJURA
DADELDHURA
KALIKOT
JUMLA
DOLPA
DOTI
ACHHAM
MUSTANG
DAILEKH
JAJARKOT
KANCHANPUR
KAILALI
RUKUM
MANANG
SURKHET
MYAGDI
GORKHA
BARDIYA
SALYAN
ROLPA
BAGLUNG
KASKI
LAMJUNG
PARBAT
RASUWA
BANKE
PYUTHAN
GULMI
SYANGJA
TANAHU
SINDHUPALCHOK
SOLUKHUMBU
DANG
ARGHAKHANCHI
PALPA
NUWAKOT
DHADING
KATHMANDU
BHAKTAPUR
DOLAKHA
TAPLEJUNG
SANKHUWASABHA
KAPILBASTU
RUPANDEHI
NAWALPARASI
CHITWAN
LALITPUR
MAKWANPUR
KAVRE
RAMECHHAP
OKHALDHUNGA
KHOTANG
TEHRATHUM
PANCHTHAR
SINDHULI
BHOJPUR
PARSA
BARA
SARLAHI
RAUTAHAT
UDAYAPUR
DHANKUTA
ILAM
DHANUSA
MAHOTTARI
SIRAHA
SUNSARI
SAPTARI
MORANG
JHAPA
Boundary Type
Country Boundary
Zonal Boundary
District Boundary








वाचलिष्ट सशस्त्र द्वन्द्वको अवस्थामा बालबालिका विरुद्ध हुने हिंसाको अनुगमन र प्रतिवेदनका लागि कार्यरत गैर सरकारी संस्थाहरूको सञ्जाल हो ।

**Watchlist on Children and Armed Conflict**
c/o Women's Commission for Refugee Women and Children
122 East 42nd Street, 12th floor
New York, NY 10168-1289
Phone: 212.551.3111 - Fax: 212.551.3180
Email: watchlist@womenscommission.org
Access reports at: www.watchlist.org